
मङ्सिर - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १६ | २०७७, मङ्सिर १६-३० | पूर्णाङ्क ६८२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ८ | | |
| इजलास नं. १ | ४ | इजलास नं. १० | १५ |
| इजलास नं. २ | १ | इजलास नं. ११ | ९ |
| इजलास नं. ४ | १ | इजलास नं. १२ | ३ |
| इजलास नं. ५ | ९ | इजलास नं. १३ | ४ |
| इजलास नं. ६ | ५ | इजलास नं. १४ | २ |
| इजलास नं. ७ | ७ | इजलास नं. १५ | २ |
| इजलास नं. ८ | १ | इजलास नं. १६ | २ |
| इजलास नं. ९ | ६ | | |
| जम्मा | ४१ | जम्मा | ३७ |

**कूल जम्मा ४१ + ३७ = ७८**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, मङ्सिर – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमशः प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ५** |
| १. | बाटो निकास बन्द गरी मिची घर बनाएको | कुलमान श्रेष्ठ वि. सुनिता नेवार श्रेष्ठसमेत | १ |
| २. | जालसाजी | इन्द्रकुमारी जर्गा मगरसमेत वि. धनबहादुर मगरसमेत | १ |
| ३. | करारको उपयुक्त आदेश | मदनकुमारी श्रेष्ठ वि. असिन श्रेष्ठ | २ |
| ४. | परमादेश | जगत गिरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ३ |
| ५. | उत्प्रेषण | चिरञ्जीवी अधिकारी वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ५ |
| ६. | जग्गा खिचोला दिवाल घर भत्काई चलन | रामचन्द्र अधिकारी वि. शारदाकुमारी चौधरी | ४ |
| ७. | बाली बिगो | धनबहादुर तामाङ वि. पूर्णबहादुर तामाङसमेत | ४ |
| **इजलास नं. १** | | | **५ – ८** |
| ८. | अंश | गणेश रोकाहा वि. जगतबहादुर रोकाहासमेत | ५ |
| ९. | कर्तव्य ज्यान | जिवलाल घर्ती वि. नेपाल सरकार | ६ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रूपलाल पण्डित कुम्हार | ७ |
| ११. | उत्प्रेषण / परमादेश | बलराम सार्की वि. पुनरावेदन अदालत पाटन, ललितपुरसमेत | ७ |
| **इजलास नं. २** | | | **८ – ९** |
| १२. | परमादेश / प्रतिषेध | सुलभ खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ८ |
| **इजलास नं. ४** | | | **९** |
| १३. | घर भत्काई जग्गा चलन | कृष्णनन्दन सिंह वि. जोगेन्द्र सिंह राजपुत | ९ |
| **इजलास नं. ५** | | | **१० - १७** |
| १४. | नामसारी दर्ता हक कायम | प्रेमलाल महर्जन वि. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, महिला विकास प्रशिक्षण केन्द्र, ललितपुर | १० |
| १५. | उत्प्रेषण / परमादेश | मानबहादुर डाँगीसमेत वि. शिक्षा मन्त्रालयसमेत | १० |
| १६. | वैदेशिक रोजगार कसुर | विनोद गौतम वि. नेपाल सरकार | १२ |
| १७. | अंश दर्ता | बिजुली साह गोढ वि. वरमदेव गोढसमेत | १३ |
| १८. | जालसाज | केदारप्रसाद लम्साल वि. शारदा लिम्बूसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १९. | उत्प्रेषण / परमादेश | डोरबहादुर घिमिरे वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | १५ |
| २०. | उत्प्रेषण | गणेशमाया खुजु श्रेष्ठ वि. अखण्डेश्वरी कायछसमेत | १६ |
| **इजलास नं. ६** | | | **१७ – २३** |
| २१. | कर्तव्य ज्यान | पातली भन्ने बुद्धिमाया तामाङ वि. नेपाल सरकार | १७ |
| २२. | जबरजस्ती करणी (बालयौन दुराचार) | अशोक राव वि. नेपाल सरकार | २० |
| २३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राजन शर्मा भन्ने ठानेश्वर पोखरेल | २१ |
| २४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राजेशकुमार थापासमेत | २२ |
| **इजलास नं. ७** | | | **२३ – २८** |
| २५. | कर्तव्य ज्यान | सुन्दरमणी आचार्य वि. नेपाल सरकार | २३ |
| २६. | उत्प्रेषण | राजेशप्रसाद यादव वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखा महाराजगन्जसमेत | २४ |

| | | | |
|---|---|---|---|
| २७. | उत्प्रेषण / परमादेश | बसन्तकुमार श्रेष्ठसमेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २५ |
| २८. | उत्प्रेषण | भरतकुमार राया वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २६ |
| २९. | उत्प्रेषण | विनिता राईसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | २७ |
| **इजलास नं. ८** | | | **२८ – २९** |
| ३०. | भ्रष्टाचार | गोपाल धमला वि. नेपाल सरकार | २८ |
| **इजलास नं. ९** | | | **२९ – ३५** |
| ३१. | उत्प्रेषण | नरेन्द्रराज पौडेल वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारसमेत | २९ |
| ३२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सजिना राई | ३० |
| ३३. | मोटरसाइकल चोरी तथा सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. माधवप्रसाद भुजेलसमेत | ३१ |
| ३४. | उत्प्रेषण | कपिलदेव ठाकुर वि. श्री पुनरावेदन अदालत जनकपुरसमेत | ३२ |

| | | | |
|---|---|---|---|
| ३५. | उत्प्रेषण / परमादेश | रामप्रसाद गुरागाई वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | ३३ |
| ३६. | उत्प्रेषण | राधाकान्त झा वि. श्री पुनरावेदन अदालत राजविराजसमेत | ३४ |
| **इजलास नं. १०** | | | **३५ – ४९** |
| ३७. | लिलामी मुचुल्का तथा तामेली पर्चा बदर | विजराज महतो चाईसमेत वि. धन्मन्ती देवीसमेत | ३५ |
| ३८. | फैसला बमोजिम दा.खा. | रामबालक प्रसाद चौहानसमेत वि. ढोडा महतोसमेत | ३६ |
| ३९. | उत्प्रेषण | जयन्त भुषाल वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत | ३७ |
| ४०. | अंश चलन | सौगात के.सी. समेत वि. राजु के.सी. | ३८ |
| ४१. | अंश चलन | धुनीराज राई वि. रणबहादुर राईसमेत | ३९ |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तिर्थबहादुर गुरूङ | ३९ |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मेत्तर भन्ने सुकबहादुर नेपाली | ४१ |
| ४४. | उत्प्रेषण | भिमप्रसाद पहारीसमेत वि. उच्च अदालत पोखरासमेत | ४३ |

| | | | |
|---|---|---|---|
| ४५. | उत्प्रेषण | योगेन्द्रकुमार श्रेष्ठ वि. प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ४३ |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चित्रबहादुर वली | ४५ |
| ४७. | जग्गा खिचोला चलन | मन्जुदेवी मण्डल वि. मधुसुदन उपाध्यायसमेत | ४६ |
| ४८. | अंश चलन | यममाया रिमाल वि. नन्दलाल रिमाल | ४८ |
| **इजलास नं. ११** | | | **४९ – ५७** |
| ४९. | उत्प्रेषण / परमादेश | शिवबहादुर भुजेल वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत | ४९ |
| ५०. | आयकर (आ.व. २०५६/०५७) | ठुला कारदाता कार्यालय, हरिहरभवन वि. हाइल्यान्ड डिष्टिलरी प्रा.लि. | ५० |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुमाया क्षेत्री | ५२ |
| ५२. | उत्प्रेषण / परमादेश | लक्ष्मीनाथ नेपाल वि. शिक्षा विभाग, सानोठिमी, भक्तपुरसमेत | ५३ |
| ५३. | उत्प्रेषण / परमादेश | विजयकुमार लामिछाने वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत | ५३ |
| ५४. | उत्प्रेषण / परमादेश | नैनसिंह पालसमेत वि. शिक्षा मन्त्रालयसमेत | ५४ |

| | | | |
|---|---|---|---|
| इजलास नं. १२ | | | ५७ – ६४ |
| ५५. | उत्प्रेषण / परमादेश | रमेश कार्की वि. गृह मन्त्रालयसमेत | ५७ |
| ५६. | उत्प्रेषण / परमादेश | मनिषकुमार शर्मा वि. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत | ५८ |
| ५७. | कर्तव्य ज्यान तथा डाँका | धिरज पराजुली वि. नेपाल सरकार | ६० |
| इजलास नं. १३ | | | ६४ – ६८ |
| ५८. | बन्दी प्रत्यक्षीकरण | निराजन बडुवाल वि. महानगरीय प्रहरी परिसर टेकुसमेत | ६४ |
| ५९. | उत्प्रेषण / परमादेश | प्रमिला चालिसे खनाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | ६५ |
| ६०. | बन्दी प्रत्यक्षीकरण | नाम परिवर्तित (ख) वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत | ६५ |
| ६१. | कर्तव्य ज्यान | देवीदत्त ढकाल वि. नेपाल सरकार | ६७ |
| इजलास नं.१४ | | | ६८ - ७२ |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलकुमार राईसमेत | ६८ |
| ६३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गौमती के.सी. | ७० |
| इजलास नं.१५ | | | ७२ - ७४ |
| ६४. | उत्प्रेषण / परमादेश | चोलाबहादुर भुजेल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ७२ |
| ६५. | उत्प्रेषण / परमादेश | ज्ञानकुमार गडेरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ७३ |
| इजलास नं.१६ | | | ७४ - ७४ |
| ६६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. ज्योति मल्ल (निरौला) | ७४ |
| ६७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विजयराज खड्कासमेत | ७५ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०२६०, बाटो निकास बन्द गरी मिची घर बनाएको, *कुलमान श्रेष्ठ वि. सुनिता नेवार श्रेष्ठसमेत*

सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको आदेशानुसार मिति २०७०।२।१० मा भएको नक्सा मुचुल्का हेर्दा न.नं. ९ वादीको साबिक कि.नं.९८ कित्ताकाट भई कायम भएको कि.नं.८२४ मध्येको जग्गा, न.नं. १० मा कि.नं.८२५ मध्येको जग्गा, न.नं.१४ कि.नं.८२६ मध्येको जग्गा न.नं.२० कि.नं.८२७ मध्येको जग्गा, न.नं.२३ कि.नं.१०५१ मध्येको जग्गा र न.नं.२६ कि.नं.१०३५ मध्येको जग्गा बाटोमा पर्न गएको देखिन्छ । न.नं.१६ र न.नं.८ कि.नं.९९९ प्रतिवादी सुनिता श्रेष्ठको घर जग्गा भन्ने देखिन्छ । प्रतिवादी सुनिता नेवार श्रेष्ठको भोगमा न.नं.१६ क्षे.फ.०-२-०-३ मा बनेको घर र न.नं.८ क्षे.फ.०-१-१-१ को खाली जग्गा रहेको देखिन्छ । निजले आफ्नो दर्ता स्रेस्ताबमोजिमकै जग्गा भोगचलन गरेको देखिएको र न.नं. ३३ र ३४ मा साबिकदेखि प्रयोग भएको गोरेटो बाटो कायमै रहेको देखिँदा निज सुनिता श्रेष्ठले साबिकको गोरेटो बाटो मिची निकास बाटो बन्द गरी घर निर्माण गरेको भन्ने अवस्था नदेखिएको हुँदा वादी दाबी पुग्न सक्ने नदेखिने ।

प्रतिवादी सुनिता श्रेष्ठले वादी दाबीको साबिकको निकास बाटो मिची घर निर्माण गरेको अवस्था देखिन नआएको हुँदा न.नं. १६ र न.नं. ९ को बिचमा रहेको साबिक बाटो न.नं. १६ को सुनिता श्रेष्ठको घरको दक्षिण कुनामा च्यापिएको मिचिएको देखिँदा बाटोमा परेजति प्रतिवादीको घर भत्काई सार्वजनिक बाटो कायम हुने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट साबिकदेखिको गोरेटो बाटो रहे भएकै देखिएको र प्रतिवादी सुनिता नेवार श्रेष्ठसमेतले आफ्नै जग्गामा घर निर्माण गरेको देखिँदा सुरू अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१/८/२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७२-CR-११८७, जालसाजी, *इन्द्रकुमारी जर्गा मगरसमेत वि. धनबहादुर मगरसमेत*

प्रतिवादीका नाममा टीकाप्रसाद काफ्लेबाट २०५९ सालमा खरिद गरी लिएको भन्ने कि.नं.१६७५ को क्षेत्रफल ५-७-०-० को जग्गा निज वादी प्रतिवादीको अंश भागको पैतृक सम्पत्ति बेचबिखन गरी खरिद गरेको हो भनी वादीले दाबी गरेको देखिए पनि निजले सोको लिखत तथा प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । वादीले सो जग्गा पैतृक सम्पत्ति बिक्री गरी सोही रकमबाट खरिद गरेको भन्ने दाबी गरेपनि सोको प्रमाण पेस गरी प्रमाणित गर्न सकेको नदेखिँदा उक्त जग्गा निज प्रतिवादी नेत्रबहादुरको आफ्नो पालाको निजी आर्जनको सम्पत्ति भएको देखिने ।

अन्यथा प्रमाणित भएमा बाहेक जग्गा खरिद गरी लिनेले राजीनामा गरी लिएको मितिदेखि नै निजको हक पुग्ने र भोगचलन गरेको हो भनी अनुमान गर्नुपर्ने ।

वादीले उक्त जग्गा आफूहरूको भोगचलनमा रहेको भनी दाबी गरेकोमा खरिदकर्ताले दाबीको जग्गा

भोग चलन नगरी वादीहरूकै हक भोगमा रहेको भन्ने तथ्य वस्तुनिष्ठ तवरले पुष्टि हुन सकेको देखिएन । यसका साथै वादी इन्द्रकुमारीले जग्गा बिक्री गरेको थाहा पाई मिति २०६६।४।२८ मा किन जग्गा बिक्री गर्नुभएको भनी पति नेत्रबहादुरसँग सोधेको भन्ने बेहोरा उल्लेख गरेको देखिएको र उक्त मिति संशोधन गरिपाउँ भनी प्रतिवादीको प्रतिउत्तर परिसकेपछि २०६८/१०/२९ मा मात्र निवेदन दिएको देखिँदा सोही मितिमा नै वादीलाई लिखत पारित भएको कुराको जानकारी भएको भन्ने देखिन्छ। जुनसुकै तवरले थाहा पाएको भएपनि  थाहा पाएको मितिलाई आधार लिई हदम्याद गणना गर्नु पर्ने हुँदा मिति २०६८।४।२५ मा नक्कल सारी थाहा पाएको भनी दायर गरेको फिरादमा मुलुकी ऐन, किर्ते कागजको १८ नं. को हदम्याद आकर्षित हुन सक्ने नदेखिने।

जग्गाको खरिद बिक्री गर्दा सोको मूल्य आपसी समझदारीमा तय हुने भएकाले राजीनामाको लिखतमा कम मूल्य उल्लेख गरेको आधारमा उक्त लिखत जालसाजपूर्ण तरिकाले तयार गरिएको भनी अनुमान गरी लिखतलाई जालसाज घोषित गर्नु कानूनसम्मत हुन नसक्ने।

मुलुकी ऐन, अंश बन्डाको १९ (२) नं. मा भएको कानूनी व्यवस्थाबमोजिम आफ्ना पालाको आर्जन आफूखुस गर्न पाउने देखिँदा वादीहरूको मन्जुरी नलिएको भन्ने आधारमा प्रतिवादीहरूका बिचमा लिनु दिनु भएको लिखतलाई जालसाजी भएको भनी मान्न नमिल्ने। घरको मूली अर्थात् पिता पतिसँग आफूमा आश्रित परिवारको भरण पोषण तथा स्वास्थ्य सेवाको दायित्व हुने हुँदा सो दायित्व निर्वाह गर्ने क्रममा निजले सगोलको सम्पत्ति बिक्री गर्नुपर्ने अवस्था आउन सक्ने र त्यसरी बिक्री गरेको जग्गा लामो समयपश्चात् थाहा पाएको भनी परिवारका अन्य सदस्यले उजुरी गरेको आधारमा बदर गर्ने हो भने अचल सम्पत्ति खरिद बिक्री व्यवहारले कहिले पनि पूर्णता नपाउने स्थितिको सिर्जना हुन सक्ने।

पुनरावेदक / वादीले आफूहरूको पैतृक सम्पत्ति बिक्री गरी उक्त दाबीको जग्गा खरिद गरेको भनी दाबी लिएपनि सोको वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिएको तथा वादीहरूको अंश हक मेट्ने उद्देश्य रहेको भन्ने नदेखिँदा घरको मूलीले एकाघरका पत्नी सन्तानको पालन पोषण प्रयोजनको लागि घर व्यवहार चलाउन मुलुकी ऐन, अंशबन्डाको १९ (२) नं. तथा लेनदेन व्यवहारको १० नं. को दायराभित्र रही घर खर्चबापत सम्पत्ति बिक्री व्यवहार गरेको भन्ने देखिँदा त्यस्तो व्यवहारलाई जालसाजी हो भनी नामकरण गर्नु न्यायसम्मत् हुने नदेखिने।

अतः उल्लिखित आधार कारण एवं कानूनी व्यवस्थाका आधारमा वादी दाबीको लिखतको ६ भागको ५ भाग लिखत जालसाजी हुने र जालसाजमा जरिवानासमेत हुने ठहऱ्याई सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२/२/१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-११३६, लिखत बदर, इन्द्रकुमारी जर्गा मगरसमेत वि. धनबहादुर मगरसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको छ।

**३**

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-१४२०, करारको उपयुक्त आदेश, मदनकुमारी श्रेष्ठ वि. असिन श्रेष्ठ*

करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम

अदालतबाट भएको आदेशउपर माथिल्लो अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहे भएको पाइँदैन र पुनरावेदक / विपक्षीले समेत पुनरावेदन लाग्ने कानूनी व्यवस्था भएको भनी खुलाउन सकेको देखिन आएन। करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम भएको आदेशउपर पुनरावेदन लाग्ने भन्ने कानूनी व्यवस्था नभएको अवस्थामा उक्त दफाबमोजिम पुनरावेदन अदालत पाटनबाट जारी भएको आदेशउपर विपक्षीको तर्फबाट दायर हुन आएको प्रस्तुत पुनरावेदनको तथ्यमा प्रवेश गरिरहन परेन। प्रस्तुत पुनरावेदन लाग्न नसक्ने हुँदा खारेज हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-१२५४, परमादेश, जगत गिरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदकउपर कुटपिट भएको भन्ने घाउ जाँच केस फाराम भएको भन्ने निवेदकको लेखाइबाट पुष्टि भएपछि सोउपर कारबाही गरिपाउँ भनी दिएको निवेदनउपर सम्बन्धित इलाका प्रहरी कार्यालयबाट कारबाही अगाडि नबढेपछि तत्कालै अङ्गभङ्ग कुटपिटतर्फ जाहेरी दरखास्त दर्ता गरिपाउँ भनी नजिकको पुनरावेदन अदालतमा उपचार माग गर्नुपर्नेमा सो नगरी आफूउपर परेको जबरजस्ती करणी मुद्दाको पुनरावेदन तहबाट समेत फैसला भइसकेपछि मात्रै करिब १ वर्ष ८ महिनापछि परेको प्रस्तुत रिट निवेदन अनुचित विलम्बन गरी आएको देखियो। रिट क्षेत्रमा हदम्यादको कठोर सिद्धान्त लाग्ने नभएपनि मनासिब समयभित्र दाबी लिई प्रवेश गर्नुपर्नेमा मिति २०७२।६।१८ दिएको हुलिया निवेदन २०७२।६।२४ मा दिएको जाहेरी दरखास्त दर्ता गर्न आदेश गरिपाउँ भनी २०७४।२।१७ मा अदालत प्रवेश गरेको कार्यमा अनुचित विलम्बको सिद्धान्त आकृष्ट हुने।

कुनैपनि निकाय वा अधिकारीले आफूले गर्नुपर्ने काम कारबाही नगरेको कारण आफूलाई असर पऱ्यो भन्ने व्यक्तिले आफ्नो हक अधिकारको संरक्षणका लागि समयमा नै न्यायिक उपचार नखोजेमा त्यस्तो अधिकारको खोजी गर्नेलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने कुरा अनुचित विलम्बको सिद्धान्तले आत्मसात गरेको पाइने।

तसर्थ मनासिब समयभित्र उपचारको माग गरी अदालत प्रवेश गरेको अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम आदेश गरिए पनि त्यसको सार्थक नतिजा प्राप्त नहुने देखिएकाले निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०४०३, उत्प्रेषण, *चिरञ्जीवी अधिकारी वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकलाई शिक्षा नियमावली, २०५९ को नियम १४० बमोजिम सजाय गर्ने आदेश दिनुभन्दा अघि आफ्नो विरूद्ध सफाइ पेस गर्ने मौकासमेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको सिद्धान्तअनुसार सुनुवाइको मौकासमेत प्रदान नगरी अन्य कुनै मुद्दामा कसुरदार ठहर हुन गएको र १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएको भन्ने आधारमा नियम १४२ बमोजिम शिक्षक पदबाट बर्खास्त गर्ने गरी गरेको क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल हेटौंडाको निर्णय कानूनसम्मत देखिन

नआउने।

अत, यी रिट निवेदकलाई कानूनबमोजिम कानूनी प्रक्रिया पूरा नै नगरी शिक्षक पदबाट हटाउने गरी गरेको क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल हेटौंडाको मिति २०७१।५।८ को निर्णय कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकलाई शिक्षा ऐन र नियमावलीमा उल्लिखित कानून प्रक्रिया पूरा गरी कानूनबमोजिम कारबाही गर्नु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-१७८७, जग्गा खिचोला दिवाल घर भत्काई चलन, रामचन्द्र अधिकारी वि. शारदाकुमारी चौधरी*

वादीको जग्गाको नापीको नक्सा ट्रेस र अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा ट्रेस नक्साअनुसारको जग्गा प्रत्यर्थी / वादीको भोग चलनमा रहेको देखिँदैन। नापीको नक्सा ट्रेसअनुसार प्रत्यर्थी / वादीको जग्गाको पश्चिमतर्फको सिमानामा उत्तरदक्षिण चौडाई १३ फिट रहेको भन्ने देखिएको र सुरू अदालतबाट भई आएको मिति २०७१/१/२२ को नक्सामा निजको जग्गाको केही भाग यी पुनरावेदक / प्रतिवादीको कि.नं. ८१२ मा घुसी निजले भोगचलन गरेको भन्ने न.नं. ३ मा देखाइएको जग्गाबाट देखिन्छ । वादीको जग्गाको उत्तरदक्षिण चौडाइ र नक्साको प्रकृतिसमेत मिलेको देखिन नआएको देखिँदा वादीको दाबीबमोजिम नपुग हुन आउने क्षेत्रफल ०-०-१-५$^{१}/_{४}$ पूरै जग्गा प्रतिवादीले खिचोला गरेको भन्ने नभई न.नं. २ अर्थात् कि.नं. ८१२ को जग्गाको साँधतर्फ प्रत्यर्थी / वादीको जग्गाको चौडाइ दूरी १३ फिट पुग्ने हदसम्मको जग्गासम्ममा प्रतिवादीले खिचोला गरेको देखिएको हुँदा सो हदसम्म खिचोला गरेको ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट प्रत्यर्थी / वादीको कि.नं. २९६८ को जग्गाको पश्चिमतर्फको सिमानामा १३ फिट उत्तर दक्षिण चौडाइ पुग्ने हदसम्म प्रतिवादीले खिचोला गरी आफ्नो कि.नं. ८१२ को जग्गासँग भोगचलन गरेको देखिँदा सो हदसम्म खिचोला गरेको देखिएकाले सो हदसम्म खिचोला मेटाई वादीले चलनसमेत चलाई पाउने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२/४/२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७३-CI-०८७३, बाली बिगो, धनबहादुर तामाङ वि. पूर्णबहादुर तामाङसमेत*

वादी दाबीको जग्गामा प्रतिवादीहरूले चिया खेती गरी खाएको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको र सो जग्गामध्ये के कति जग्गामा चिया खेती कहिलेदेखि लगाएको हो र कहिलेदेखि कुन परिमाणमा उत्पादन हुन थालेको हो भन्ने स्पष्ट हुन नसकी वादी दाबी प्रमाणित हुन आएको नदेखिँदा अनुमानको भरमा वादी दाबीबमोजिम बाली बिगो भराउन नमिल्ने भएकाले सुरू जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट वादी दाबीको जग्गामा प्रतिवादीहरूले चिया खेती गरी खाएको भन्ने पुष्टि हुन नसकेको र के कति क्षेत्रफलको

बाली दाबी गरेको हो सो कुरा उल्लेख गर्न सकेको नदेखिँदा सुरू जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०७२/९/२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** *०७०-CI-१०१२, अंश, गणेश रोकाहा वि. जगतबहादुर रोकाहासमेत*

किसनकुमारी रोकाहाको नाउँमा रहेको बुटवल न.पा. वडा नं. ८ ञ को कि.नं. ४४० क्षे.फ. ०-०-४ को घर जग्गा मिति २०६७।४।११ मा र.नं.१००(क) बाट दिने डिलबहादुर नेपाली लिने किसनकुमारी रोकाहा भई रू.२३७०००।- मा राजीनामा गरी लिएको पारित लिखतबाट देखिन्छ। अ.बं.१३९ नं. बमोजिम बुझिई प्रतिवादी कायम भएकी किसनकुमारी रोकाहाले उक्त कि.नं. ४४० को जग्गा भिनाजुले पास गरी दिनुभएको र माइतीले दिएको हुनाले अरूको अंश हक लाग्ने होइन भनी बयान गरी जिकिर लिए तापनि उक्त जग्गा माथि विवेचित बेहोराबाट राजीनामा पारित भएको देखिएको र कि.नं. १२४ को क्षे.फ. ०-०-६ $^1/_2$ जग्गाको आधा जग्गा प. ग्रा.वि. बैंकमा धितो राखी रू.१,२००००।- रकम निकाली सोको सावाँ ब्याज र श्रीमती किसनकुमारीको माइतीले दिएको दाइजो पेवासमेतको रकम जम्मा गरी कि.नं. ४४० को जग्गा र टहरो खरिद गरेको भनी गणेशबहादुर रोकाहाले दिएको तायदाती फाँटवारीमा उल्लेख भएको देखिने।

सगोलको कि.नं.१२४ को जग्गा नै मिति २०६२।३।२९ देखि रोक्का राखी ऋण लिएको देखिएको र उक्त ऋण लिएपछि कि.नं. ४४० को जग्गा लिएको भन्ने देखिँदा सो बैंकबाट लिएको कर्जा र सोको ब्याजबाट खरिद गरेको भन्ने प्रतिवादी गणेशबहादुर रोकाहाको बेहोरालाई मिति २०६७।४।११ मा पारित राजीनामाले समेत पुष्टि भई सगोलको ऋणधनबाट नै कि.नं.४४० को जग्गा राजीनामा गरी लिएको देखिन आउँछ। साथै सो जग्गामा किसुनकुमारीको माइती मावलीबाट दिएको दाइजो पेवाको रकम मिसिएको भनेकोमा त्यस्तो निजी तवरले दान बकस पाएको वा निजी आर्जन पुष्टि हुने आधार स्वयम् प्रतिवादी गणेशबहादुर रोकाहा तथा बुझिएकी प्रतिवादी किसुनकुमारी रोकाहाबाट पेस हुन सकेको नपाइने।

कि.नं.१२४ को क्षे.फ. ०-०-६ $^1/_2$ जग्गामध्ये गणेश रोकाहाको भाग हिस्सातर्फ पर्ने आधा जग्गा र तायदाती फाँटवारीमा उल्लेख भएअनुसारको किसनकुमारी रोकाहाका नाउँको कि.नं.४४० को ०-०-४ जग्गा प्रतिवादीहरूको स्वआर्जनको हो भनी देखिने प्रमाण पेस हुन आएको नदेखिएबाट उल्लिखित कि.नं. १२४ र ४४० को जग्गा पुनरावेदन जिकिरबमोजिम निजी आर्जन ठहर गर्न मिलेन। उल्लिखित कि.नं. १२४ र ४४० का जग्गाहरू सगोलको देखिएकोले सो जग्गामा समेत वादीहरूले आफ्नो अंश भाग छुट्याई लिन पाउने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार कारणबाट कि.नं. १२४ र ४४० जग्गा सगोलको ठहर गर्नुपर्नेमा नठहराएको हदसम्म सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६८।१०।१९ को फैसला केही उल्टी गरी कि.नं.१२४ को जग्गामध्ये गणेश रोकाहाको भागतर्फ पर्ने आधा जग्गा र कि.नं. ४४० को किसनकुमारीका नाउँमा रहेको जग्गासमेतबाट वादीहरूले अंश भाग

दिलाई पाउने ठहराई भएको पुनरावेदन अदालत बुटवलको मिति ०७०।२।२१ को फैसला मिलेकै देखिने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल चैत्र १८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-१३८०, कर्तव्य ज्यान, *जिवलाल घर्ती वि. नेपाल सरकार*

मृतक जनकबहादुर विश्वकर्मा र यी प्रतिवादी जिवलाल घर्ति गुल्मी तम्घासमा एउटै घरकोठामा भाडामा बस्दै आएको र मृतकको घाँटीमा गम्भीर चोट लागी सोही कारणले मृत्यु भएको तथ्यमा विवाद देखिँदैन । यी प्रतिवादी जिवलाल घर्ति उपर चलेको व्यापक चर्चाको आधारमा भनी किटानी गरी जाहेरी परेको देखिन्छ । मृतकको घाँटीमा २ $^{१}/_{२}$" लम्बाई $^{१}/_{२}$" चौडाइ भएको श्वास नलीसम्म काटिएको मृतकको लास नजिकै २ थान धारिलो हसिया २ थान र खुकुरी १ थान रहेको बेहोराको घटनास्थल लास जाँच मुचुल्का देखिन्छ । घाँटीसँगै श्वास नली पनि काटिएर छिनेकोले मृत्यु भएको (Death due to cut injury to the throat, cutting the thyroid cartilage) भन्ने शव परीक्षण प्रतिवेदन देखिएको छ । उपर्युक्त तथ्यहरूबाट मृतकको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट भएको देखिन आउने ।

प्रतिवादीले अदालतमा बयान गर्दा सुके र जनकबहादुर दुवैजना मिलेर हामी भाडामा बस्ने गरेको घरमा रक्सी खाँदै थिए । म साइँलाको काठ पुऱ्याएर फर्कंदा दुवैजना हातमा बाँसको भाँटा र हसिँया लिएर एकापसमा हानाहान गर्दै थिए । मलाई पनि कुटपिट गर्न सक्छन् भनी छुट्याउने हारगुहार गर्ने कुनै काम नगरी त्याहाँबाट बसपार्क आएको हुँ भनी कसुर गरेकोमा इन्कार रहेको पाइए पनि आफू मृतकसँगै एउटै डेराकोठामा बस्दै आएको र वारदातको समयमा वारदातस्थल आफ्नो डेराकोठामा रहे भएको तथ्य स्वीकार नै गरेको पाइने ।

मिति २०६९।६।१५ गते सुके र मृतकबिच झै-झगडा भएको देखी म अन्यत्र लागेको हुँ मृतकलाई निज सुकेले नै मारेको हुनुपर्छ भनी भने पनि सो व्यक्तिको स्पष्ट नाम, थर, वतन खुलाउन नसकेको, वारदात समयमा अन्यत्र भए सो झगडा भइरहेको समयमा कहाँ गएको हो सो कुरा साक्षी बकपत्रबाट पुष्टि गराउन नसकेको, इन्कारी बयानलाई समर्थन हुनेगरी अदालतमा साक्षीसमेत उपस्थित गराउन सकेको पाइँदैन । वारदातपछि डेराकोठामा चुकुल लगाएकोमा प्रहरी टोली खोली अनुसन्धान गरेको देखिएको, रगत लागेको आफ्नो भएको र रगत लागेको तथ्यमा मौकाको बयानसमेतका स्वीकार गरेको र सो सर्टमा मानव रगत फेला परेको भन्ने Centre Police Forensic Science Laboratory को परीक्षण प्रतिवेदनसमेतका मिसिल प्रमाणबाट प्रतिवादीको मौकाको बयान समर्थित भइरहेको देखिँदा निज प्रतिवादी जिवलाल घर्ती कसुरदार देखिन आउने ।

मृतक र यी प्रतिवादीबिच रक्सी खाई मातिरहेको अवस्थामा आपसी कुराकानीबाट रिस उठी सोही रिसले कुटपिट भई मृतक बेहोस हुँदा अब यसलाई उपचार गराउन पर्छ भनी आफू सो कार्यबाट बच्न मार्ने नियतले धारिलो हतियार चलाई निजलाई कर्तव्य गरी मारेको भन्ने प्रतिवादीको मौकाको बयानबाट पुष्टि भइरहेको देखिँदा निज प्रतिवादीले ज्यानसम्बन्धीको १ र १३(१) विपरीतको कसुर गरेको देखिँदा सोही १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्नुपर्ने देखिन आउने ।

तसर्थ, अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरु गुल्मी जिल्ला अदालतको

मिति २०७०।१।२९ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल चैत्र १८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-०११०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूपलाल पण्डित कुम्हार*

प्रतिवादी रूपलाल पण्डित कुम्हारले मौकामा बयान गर्दा जिल्ला महोत्तरी माइस्थान गा.वि.स. वडा नं.८ स्थित रहेको टुटेश्वर महादेवको मन्दिरमा मिति २०७०।४।१४ गतेका दिनदेखि फलहारी बाबा भन्ने बस्दै आइरहेकोमा ऐ.२२ गते निज बाबाको साथमा रहेको नगद रू.१,५००।– मैले चोरी गरी भाग्दै गरेको अवस्थामा स्थानीय मानिसहरू र फलहारी बाबासमेतले पक्राउ गरी पैसा बरामद गरी मेरो हात खुट्टा बाँधी कुटपिट गरेका थिए। सोही कारण बदला लिन मैले मिति २०७०।४।२८ गते रातिको समयमा फलहारी बाबा सुतिरहेको देखि सोही कम्पाउन्डमा रहेको २ वटा इँटा उठाई पटकपटक टाउकोमा प्रहार गरी मारी दिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी रूपलाल पण्डितले मौकामा साबिती बयान गरेकोमा सो साबिती बयानलाई अदालतमा समेत सोही बेहोरा खुलाई साबिती बयान गरेको पाइने।

शव परीक्षण प्रतिवेदनमा Cause of death is head injury caused by hard brunt injury over head भन्ने देखिएको छ। लास जाँच मुचुल्कामा मृतक लासको दायाँपट्टि आँखामाथि निधारमाथि कपाल नजिक १/२ इन्च चोट रहेको, सोसँगै माथि १/२ इन्च गहिरो १/२ इन्च चोट रहेको भन्ने देखिएको छ। प्रतिवादी रूपलाल पण्डित कुम्हारको मौका तथा अदालतको मृतकलाई इँटा प्रहार गरी मारेको भन्ने साबिती बयानलाई लास प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन, अदालतमा आई बकपत्र गर्ने भोगेन्द्र मुखिया, रामऔतार महतो र गगनदेव पासवानले खुलाएको बकपत्र बेहोरासमेत एवं देखिएका घाउचोटबाट इँटा प्रहार गरी मारेको भन्ने कथनलाई समर्थित गरेको देखिने।

मृतक बाबाको रकम चोरेको र सोपछि पक्राउ गरी पैसासमेत बरामद गरी मृतक फलहारी बाबासमेतले आफूलाई कुटपिट गरेको रिसइवीका कारण निज बाबा मन्दिर कम्पाउन्डमा सुती निदाएको इँटाले पटकपटक हानी मारेको भन्ने प्रतिवादीको साबिती बयान देखिँदा मृतकले प्रतिवादीउपर चोरीमा कारबाही गरेको तथा कुटपिट गरेको रिसइवीको कारण मार्ने नियतले रातिको समयमा मृतक बाबा निदाएको अवस्थामा पटकपटक इँटाले संवेदनशील अङ्ग टाउकोमा हानी मारेको कार्य अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुर गरेको देखिँदा सोहीबमोजिम सजाय गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

तसर्थ, अभियोग दाबीबमोजिम कसुर ठहर गरी सजाय गरेको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७१।१।१४ को फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास सहायकः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल चैत्र १८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** *०७२-WO-११६०, उत्प्रेषण / परमादेश, बलराम सार्की वि. पुनरावेदन अदालत पाटन, ललितपुरसमेत*

वादी बलराम सार्कीले अंश मुद्दाको फिराद दर्ता गर्दा घरको मूल व्यक्ति आमा सानुमैया सर्किनी भनी स्वीकार गरेको, सो मुद्दा दर्ता गर्दासम्म पनि विपक्षीले कसैबाट ऋण लिएको छैन तर तायदाती विवरणमा पेस गर्दा आफ्नै साली नाताकी कमला सर्किनीसँग १० लाखको तमसुक बनाई फैसला कार्यान्वयनमा ढिलाई गर्ने बहाना गरेको भन्ने विपक्षी सानुमैया सर्किनीसमेतको लिखित जवाफ देखिने।

निवेदक बलरामभन्दा अघिल्लो पुस्ताको आमा सानुमैया घरको मुख्य रहेको तथ्यलाई समेत यी निवेदकले अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन। लिखत तमसुकमा विपक्षीहरू सानुमैयासमेत अन्य अंशियार साक्षी बसेको वा तिर्न मन्जुर गरेको भन्ने पनि देखिएको छैन। लिएको ऋण बैंक वा सहकारीको संस्थागत ऋण नदेखिई व्यक्ति विशेषबाट लिएको भन्ने देखिने।

घरायसी लिखतमा विपक्षीहरू लिखतमा साक्षी नबसेको वा तिर्न सहमति नभएको अवस्थामा त्यस प्रकारको लेनदेन व्यवहार लेनदेन गर्नेले बाहेक अन्यले तिर्ने ठहर गर्नुअघि लेनदेनको उठान, पक्षहरूको सहमतिसमेतमा सावधानीपूर्वक विचार नगर्ने हो भने घरायसी लिखत जहिलेसुकै तयार हुन सक्ने हुँदा त्यस्ता लिखतले नभए नगरेका झुठ्ठा बनावटी व्यवहारले समेत प्रश्रय पाउन सक्ने हुन्छ। लिखत पेस हुनु र लिखतको मितिअघिको देखिनुले मात्र सो लिखतको व्यवहार भएको र सोही मितिमा नै तयार भएको पुष्टि हुने विश्वासनीय आधार मान्न नसकिने।

अंश मुद्दा परेपछि लेनदेन मुद्दा परेको, सो लेनदेन मुद्दा अन्तिम नभई कारबाहीयुक्त अवस्थामा रहेबाट यी विपक्षीले तिर्नुपर्ने भन्ने नदेखिएको तथा माथि उल्लिखित प्रतिपादित सिद्धान्तसमेतबाट सगोलको लेनदेन पुष्टि हुने विश्वासनीय आधारको अवस्था र परिस्थिति प्रमाण कागजबाट पुष्टि नभइरहेको अवस्थामा साक्षी पनि नबस्ने र सगोलबाट तिर्न बुझाउन मन्जुर नहुने अंशियारको भागबाट समेत तिर्नु बेहोर्नु पर्ने नै पुस्ट्याइँ नभएबाट प्रथमदृष्टि (Prima-facie) मा नै दाबीको लेनदेन सगोलको मान्न नमिलेबाट हालको अवस्थामा अंश मुद्दाको फैसला कार्यान्वयन रोक्न मिल्ने कानूनी आधार नदेखिने।

तसर्थ, निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल चैत्र १८ गते रोज ६ शुभम्।

## इजलास नं. २

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-WO-१०९९, परमादेश / प्रतिषेध, *सुलभ खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

संविधानले नै शिक्षा र स्वास्थ्यसम्बन्धी हकलाई आधारभूत मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा सर्वसाधारणलाई यी हकको स्वतन्त्र उपभोग गर्नबाट वञ्चित हुने गरी विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गरिँदा हुन जाने क्षतितर्फ व्यवस्थापन गर्ने दायित्व राज्यको नै हुने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं विवेचनासमेतको आधारमा प्रदर्शनी मार्गमा हुने विभिन्न राजनीतिक दलहरू र उनीहरूका भातृ सङ्गठनहरू तथा अन्य कुनै पनि संघ संस्थाले गर्ने सभा सम्मलेनलगायत कार्यक्रमले ध्वनि प्रदूषण, ट्राफिक अव्यवस्था सिर्जना भई त्यस आसपासमा

नेपाल ल क्याम्पसलगायतका ६ वटा शिक्षण संस्थाका विद्यार्थीहरूको पठन पाठनमा अवरोध भएको तथा काठमाडौं मोडेल अस्पतालका बिरामीलाई समेत असर पर्ने गरी ध्वनि प्रदूषण भएको भन्ने देखिएको र पठन पाठनको विषय विद्यार्थीको भविष्यसँग सरोकार राख्ने भएकोले निवेदन मागबमोजिम सरोकारवालाहरूको शिक्षा, स्वास्थ्य र स्वतन्त्रताको हकलाई मध्येनजर गरी उक्त स्थानमा भएका शिक्षण संस्थाका विद्यार्थी वा अस्पतालका बिरामीलाई समेत प्रतिकूल असर नपर्ने गरी ध्वनि प्रदूषण नहुने कुराको सुनिश्चितता गरेर मात्र कार्यक्रमहरू सञ्चाल गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७४ साल भाद्र १५ गते रोज २ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** *०६६-CI-०५६७, घर भत्काई जग्गा चलन, कृष्णनन्दन सिंह वि. जोगेन्द्र सिंह राजपुत*

प्रस्तुत मुद्दामा सर्लाही जिल्ला अदालतबाट भएको मिति २०६२।९।१२ को नक्सा मुचुल्कामा विवादित न.नं. १२, ७ र ८ जग्गाको सम्बन्धमा न.नं. १२ मा सुरू जिल्ला अदालतबाट भएको फैसलामा वादीले चित्त बुझाई बसेको देखिँदा सो सम्बन्धमा केही बोली रहन परेन । न.नं. ७ र ८ को हकमा प्रतिवादी र वादीको बाबु तेजनारायणबिच मिति २०२६।५।३० मा भएको मिलापत्रअनुसार कि.नं. ८ बाट प्रतिवादीले ०-०-१० (दश धुर) जग्गा प्राप्त गरेको देखिन्छ । नक्सा मुचुल्काअनुसार न.नं. २, ३, ४, ५ र ६ कि.नं. ८ मा पर्ने सो को क्षेत्रफल ०-०-९-१२½ भएको र विवादित न.नं. ७ को क्षेत्रफल ०-०-१-१५ देखिन्छ । वादीका पितासँग भएको मिलापत्रअनुसार प्रतिवादीले न.नं. २, ३, ४, ५ र ६ मा उल्लिखित जग्गा उपभोग गरेको ज.वि. ०-०-१० धुर जग्गा सो न.नं. बाट पूरा भएको देखिँदैन । उक्त बाँकी जग्गा न.नं.७ मा नै परेको र उक्त न.नं. ७ मा बनेको घर र न.नं. ५ को घर एउटै घर भएकोले उक्त न.नं.७ को जग्गा प्रतिवादीले मिलापत्रबाट प्राप्त भएको जग्गामध्येकै जग्गा रहेकोसमेत देखिने ।

विवादित न.नं. ८ तर्फ विचार गर्दा उक्त जग्गा सर्वे नापीको कि.नं. ९ अन्तर्गत नाप नक्सा भएको देखिएको छ । सर्लाही जिल्ला अदालतबाट भएको नक्सा मुचुल्कामा उक्त न.नं. ७ र ८ विवादित देखाई नाप नक्सा भएको देखाइएको छ । सो दुवै न.नं.मा क्षे.फ. ०-०-४-२ कायम भएको देखिन्छ । न.नं. ७ प्रतिवादीले मिलापत्रबाट प्राप्त गरेको कि.नं.८ अन्तर्गतको देखिएको अवस्थामा न.नं. ७ को क्षे.फ. ०-०-१-१५ घटाई बाँकी रहने न.नं. ८ को ०-०-२-७ वादीका बाबुको नाउँको कि.नं. ९ अन्तर्गतको जग्गा होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेकाले उक्त न.नं. ८ को जग्गा वादीको कित्ता नं. ९ अन्तर्गतको जग्गा हो भन्ने पुष्टि हुन आउने ।

उल्लिखित आधार, प्रमाण र कारणहरूबाट कि.नं.९ भित्र न.नं. ८ पर्न आएको र उक्त कि.नं. ९ वादी कृष्णानन्दन सिंहको बाबु तेजनारायण सिंहको नाउँमा दर्ता रहेको देखिँदा न.नं. ८ को जग्गासम्म प्रतिवादी जोगेन्द्र सिंह राजपुतले खिचोला गरेको ठहर्छ । न.नं. ७ को सम्बन्धमा वादी दाबी पुग्न सक्दैन । यसरी न.नं. ८ को जग्गासम्म प्रतिवादी जोगेन्द्र सिंह राजपुतले खिचोला गरेको ठहर्नाले सो हदसम्म पुनरावेदन अदालत जनकपुरको मिति २०६५।१२।३१ को फैसला केही उल्टी हुने ।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७३ आषाढ १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे**, *०६७-CI-०९८३, नामसारी दर्ता हक कायम, प्रेमलाल महर्जन वि. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, महिला विकास प्रशिक्षण केन्द्र, ललितपुर*

वादी प्रेमलाल महर्जनले १९६३ सालको सिमसिं ज्यापू दर्ता लगत नं. ६६४/३७२६ को जग्गा भन्ने उल्लेख गरेको देखिन्छ। सो लगतको जग्गा पोता लगतको हो भन्ने देखिँदैन । यिनै वादीले पुनः रै.नं. ५०० बाट भिड्ने जग्गा भनी बिर्ता जग्गा रैकर परिणत भएको भन्ने देखिन्छ । विवादित कि.नं. २३६ को जग्गा नाप जाँचको अवस्थामा फिल्डबुकमा जोताहाको महलमा न्हुच्छेलाल ललितपुर, सानो खोकना भन्ने र किसानको बेहोरामा यो जग्गा मेरो काका सिमसिंको दर्ता मालमा तिरो तिरी खाएको भन्ने र कैफियतमा मेरो काका सिमसिंह ज्यापूको दर्ता हो। निज मरी मेरो हक हुन आएको भन्ने उल्लेख भएको देखिन्छ। विवादित जग्गाको साँधमा रहेका दर्ता भएका जग्गाहरू कि.नं. २३३ र २३४ का जग्गा २०२९ सालमा नै प्रतिवादी महिला विकास प्रशिक्षण केन्द्रले राजीनामा गराई लिएको र त्यसरी राजीनामा गराई लिनुपूर्व २०२७ सालदेखि प्रस्तुत कि.नं. २३६ को जग्गासमेत प्रतिवादीको कब्जा भोग चलनमा रहेको भन्ने उल्लेख भएको र सो जग्गामा समेत घर निर्माण भएको देखिएको छ । प्रतिवादी महिला विकास प्रशिक्षण केन्द्रको तर्फबाट जग्गा दर्ताको लागि मालपोत कार्यालयमा निवेदन परेपछि मात्र यी वादीले उल्लिखित दर्ता लगतको आधार लिई दर्तातर्फ कारबाही माग गरेको देखिन्छ। वादीले दाबी लिएको लगत मौजे खोकनाको देखिएको छ। विवादित जग्गा जाउलाखेलको देखिएकोले खोकनाको लगतसँग विवादित जग्गा भिड्ने मिल्ने स्पष्ट आधार नदेखिने।

२०२७ सालदेखि भोग कब्जामा रहेको प्रस्तुत विवादको कित्ता नं. २३६ को जग्गा निज वादीको भोगमा रहेको भन्ने वस्तुनिष्ठ प्रमाण वादीले गुजार्न सकेको नदेखिएकोले उक्त जग्गामा २०२७ सालदेखि नै प्रतिवादी महिला विकास प्रशिक्षण केन्द्रले घर कम्पाउन्ड लगाई भोगचलन गरी आएको तथ्यलाई यी वादीले मौन रूपमा स्वीकार गरी बसेको देखिने।

तसर्थ, ललितपुर जिल्ला अदालतबाट हदम्यादको आधारमा प्रस्तुत मुद्दाको फिराद खारेज हुने ठहऱ्याई गरेको फैसला सो हदसम्म नमिली वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६६।६।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमिल्सिना

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार २७ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउको ०६७-CI-०९८४, हक कायम दर्तासमेत, *प्रेमलाल महर्जन वि. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, महिला विकास प्रशिक्षण केन्द्र, ललितपुर* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७४-WO-०४५०, उत्प्रेषण / परमादेश, मानबहादुर डाँगीसमेत वि. शिक्षा मन्त्रालयसमेत*

विपक्षी सम्पूर्ण विद्यालयहरू र निजका व्यवस्थापन समितिहरूसमेतले आफूहरूले शिक्षा ऐनमा भएको व्यवस्थाबमोजिमको कार्य गरेको, विद्यार्थीहरूको मौलिक हकमा आघात पुग्ने गरी कुनै काम कारबाही नगरेको एवं विद्यार्थी र निजका अभिभावकहरूबाट कुनै शुल्क रकम असुलउपर

नगरेको, विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकको कमी रहेको हुँदा शिक्षकहरूलाई निजी स्रोतबाट तलब खुवाउनुपर्ने कारणले विद्यालय व्यवस्थापन समितिको निर्णयलाई अभिभावकहरूको भेला बैठकबाट अनुमोदन गराई उल्लिखित शिक्षा ऐनको प्रावधानबमोजिम विद्यालयको गुणस्तर र शैक्षिक विकासका लागि इच्छुक चन्दादाताबाट सहयोग स्वीकार गर्ने निर्णय गरेको हो। करकापमा कसैसँग चन्दा असुल नगरेको र कसैलाई पनि शिक्षाको हकबाट वञ्चित नगरे नगराएको भन्ने बेहोराको लिखित जवाफबाट विपक्षीहरूले शैक्षिक संस्थाको भलाइका निम्ति नै रकम उठाएको भन्ने देखिन आउने।

विपक्षी जिल्ला शिक्षा कार्यालयहरूले समेत आफूहरू प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने संवैधानिक व्यवस्थाप्रति सदैव सचेत र प्रतिबद्ध रहेको र सम्बन्धित विद्यालयले निवेदकको मागदाबीबमोजिमको शुल्क फिर्ता गरी निवेदनको औचित्य नै सकिएको भन्ने बेहोराको लिखित जवाफ पेस गरेबाट विद्यालयको शैक्षिक, गुणस्तर विकास र प्राज्ञिक उन्नयनको लागि अभिभावकहरूको स्वेच्छाले योगदान गर्न चाहेमा उक्त सहयोग लिनसक्ने तर कसैलाई पनि करकाप, बाध्यता गरी चन्दा, सहयोग नमागेकोले उक्त कार्य कानूनविपरीत नहुँदा रिट खारेज हुनुपर्छ भन्ने बेहोराको लिखित जवाफ एवं सोही बेहोराको विपक्षीहरूका विद्वान् कानून व्यवसायी एवं विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर अन्यथा नदेखिने।

सामान्यतया कुनै पनि जिल्लास्थित सञ्चालित शैक्षिक सङ्घ संस्थाहरूको काम कारबाहीको निगरानी राख्ने नियमनकारी निकायका रूपमा जिल्ला शिक्षा कार्यालयहरू रहने व्यवस्था छ। अतः शैक्षिक सङ्घसंस्थाको काम कारबाहीमा चित्त नबुझेउपर उजुरी गर्दा जिल्ला शिक्षा कार्यालय एवं जिल्ला शिक्षा अधिकारी साधिकार निकाय / व्यक्ति हुँदाहुँदै प्रस्तुत मुद्दामा असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट निवेदकहरू यस अदालतमा प्रवेश गरेको देखिएको स्थिति एवं विपक्षीहरूले गलत प्रयोजन र लाभका लागि विद्यार्थीबाट रकम असुल गरेको नभई शैक्षिक प्रगतिका लागि न्यून शुल्क लगेको भन्ने बेहोराको लिखित जवाफबाट विपक्षीहरूले अपवित्र उद्देश्यले रकम लिएको पुष्टि हुन नसकेको स्थितिमा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदकहरूको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, उल्लिखित आधार, प्रमाण तथा कारणबाट रिट निवेदकले विद्यालयमा तिरेको शुल्क फिर्ता गरिसकेकोले रिट प्रयोजनहीन भएको भन्ने विपक्षी विद्यालय व्यवस्थापन समिति र शैक्षिक समुन्नतिका लागि अभिभावकहरूको सहमतिमा नै शिक्षा ऐनमा भएको व्यवस्थाबमोजिमको न्यून शुल्क सहयोगस्वरूप लिएको भन्ने विपक्षी विद्यालयहरू र निजका व्यवस्थापन समितिहरूको लिखित जवाफ एवं अब उप्रान्त माध्यमिक तहसम्मका विद्यार्थीहरूबाट कुनै पनि शीर्षकमा जबरजस्ती शुल्क, रकम नलिनु भन्ने पत्राचार निर्देशनसमेत दिइसकेको भन्ने विपक्षी जिल्ला शिक्षा कार्यालयको लिखित जवाफलाई विपक्षीहरूले अन्यथा भन्न नसकेको स्थिति, रिट निवेदकहरूले प्रस्तुत विवादमा सर्वप्रथम जिल्ला शिक्षा अधिकारीबाट उपचारको प्रयास गर्नुपर्नेमा रिट निवेदकले सो नगरी असाधारण अधिकारक्षेत्रबाट यस अदालतमा प्रवेश गरेको अवस्थासमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको काम कारबाहीबाट निवेदकहरूको संवैधानिक एवं कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

नेपालको संविधानको धारा ३१(२) ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको एवं धारा ४२(२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभसमेत पाउने संवैधानिक व्यवस्था गरेको देखिएको एवं प्रस्तुत विवादको प्रकृति एवं शिक्षा ऐन, २०२८ को दफा १६घ(१)(१क) को व्यवस्थासमेतबाट विद्यालयको गुणस्तर, शैक्षिक सुधार, समुन्नति एवं प्राज्ञिक उन्नयनको लागि कुनै अभिभावकले स्वस्फूर्त रूपमा, स्वेच्छाले दान, उपहार, चन्दा वा सहयोगको योगदान गर्न चाहेमा विद्यालयले लिन पाउने भए तापनि उक्त शुल्क तिर्न इच्छुक नभएका विद्यार्थी एवं निजका अभिभावकहरू कसैलाई पनि अनिवार्य तिर्नुपर्ने बाध्यता नगर्नु, नगराउनु साथै अब उप्रान्त कुनै पनि शुल्क नलिई शिक्षा प्रदान गरिएको विद्यार्थीहरूको छुट्टै अभिलेखसमेत राख्नु, राख्न लगाउनु भनी विपक्षी विद्यालयहरू र निजहरूका विद्यालय व्यवस्थापन समितिहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार १८ गते रोज २ शुभम्।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७०-CR-११७४, वैदेशिक रोजगार कसुर, *विनोद गौतम वि. नेपाल सरकार*

प्रतिवादी विनोद गौतमले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको भन्ने निजको बयान बेहोराबाट देखिन्छ। अनुन्धानको क्रममा कागज गर्ने निरू तामाङ, टिना भुसाल, सुकमाया वि.क., तारा तामाङ र लक्ष्मी गिरीले लेखाएको बेहोराबाट निजहरूको सम्पर्क प्रतिवादी विनोद गौतमसँग भई लेवनानमा घरको काममा लगाइदिने भन्ने प्रतिवादीको आश्वासन र सहयोगअनुसार नै वैदेशिक रोजगारको लागि लेवनान जान लागेको भन्ने देखिन्छ । निरू तामाङले वैदेशिक रोजगारसमक्ष गरेको बकपत्रबाट पनि प्रतिवादी विनोद गौतमले वैदेशिक रोजगारमा लेवनान लगी घरको काममा लगाइदिने, मासिक सेलरी १३/१४ हजार नेपाली रूपैयाँ हुन्छ भनी पछि कमाएर दिने सर्तमा निजसमेत पाँचैजना महिलालाई उक्त रोजगारमा जानको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पठाएकोमा लेवनानको टिकट छैन भनी प्रहरीले पक्राउ गरेको भनी उल्लेख गरेबाट पनि यी पाँचजना महिलालाई लेवनान पठाउने कार्यमा प्रतिवादीको संलग्नता रहेको देखिन आउँछ। प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत आफूले चिनेको साथीहरूका म्यानपावरहरूबाट भिसा लगाई सहयोग गरेको र निरू तामाङ, सुकुमाया वि.क., टिना भुसाल र तारा तामाङको पासपोर्टसमेत उनीहरूकै खर्चमा परराष्ट्रमा गएर बनाइदिएको हुँ भनी स्वीकार गरेको पाइन्छ । प्रतिवादीले आफू निर्दोष भएको र साल्पा नामको ट्राभलका सञ्चालक आशिष राईले सबै काम गराएको भन्ने दाबी लिएको देखिए तापनि निरू तामाङसमेतका पाँचजना महिलाहरूले यी प्रतिवादीबाहेक अन्य व्यक्तिको नाम लिएको देखिएको छैन। प्रतिवादीले उल्लेख गरेको आशिस राईको बारेमा अनुसन्धानबाट केही खुलाउन सकेको पनि देखिएन। मिसिल संलग्न प्रमाण कागजहरूबाट यी प्रतिवादीकै पहलमा निरू तामाङसमेतका महिलाहरूलाई नेपाल सरकारको स्वीकृति खुल्ला नगरेको लेवनानमा घरेलु कामदारको रूपमा पठाउन लागेको देखिन आउने।

प्रतिवादीले विदेश पठाउन लागेका महिलाहरूबाट कुनै रकम लिएको भन्ने नदेखिए तापनि प्रतिवादीको कार्य वैदेशिक रोजगार ऐन, २०६४ को

दफा ४३ बमोजिमको कसुरअन्तर्गत पर्ने देखिएकोले उक्त कानूनी व्यवस्थाअनुसार निजले कसुरबाट उन्मुक्ति पाउने अवस्था नदेखिँदा आफूले अभियोग दाबीबाट पूर्णरूपमा सफाइ पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कसुरको अनुपातमा सजाय हुनुपर्छ भन्ने दण्ड निर्धारणको सैद्धान्तिक मान्यता हो। प्रतिवादीले निरू तामाङसमेतका पाँचजना महिलाहरूबाट वैदेशिक रोजगारमा पठाउन भनी कुनै रकम नलिएको अवस्था तथा कसुरको प्रकृति एवम् विदेश पठाई नसकेको अवस्थासमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको सजाय केही चर्को पर्ने र निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना गर्दा सजायको मकसद पनि पूरा हुने देखिन आएकोले सो हदसम्मको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको देखिन नआउने।

अतः प्रतिवादी विनोद गौतमलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने ठहरेको सजायको हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।११।१५ मा भएको फैसला केही उल्टी भई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू. १,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७१ साल वैशाख २० गते रोज ५ शुभम्।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-०९३४, अंश दर्ता, बिजुली साह गोढ वि. वरमदेव गोढसमेत*

पर्सा जिल्ला प्रसौनी बिर्ता गा.वि.स. वडा नं. ४(ग) कि.नं. १२ को ज.वि. ०-०-४ र सोमा भएको फूसको घर मालपोत कार्यालय, पर्साबाट र.नं. २८०७ मिति २०५४।०२।०७ मा सेवा गरी रिझाएकोले रिझबापत द्वारिका साह गोढले हालैदेखिको बकसपत्र लिखत पारित गरी सनफुलिया देवीलाई दिएको देखिन्छ। सनफुलिया देवीले द्वारिका साह गोढको राम्रोसँग सेवा गरेबापत द्वारिका साह गोढ खुसी भई सनफुलिया देवीलाई आफ्नो नामको घर जग्गा बकसपत्र गरिदिएको सम्पत्तिउपर पुनरावेदक बिजुली साह गोढको हक स्थापित हुन सक्दैन भन्ने कुरा मुलुकी ऐन, स्त्री अंश धनको १ नं. को व्यवस्थाबाट पनि स्पष्ट हुन आउने।

सनफुलिया देवीले सेवा गरी रिझाएकोले रिझबापत द्वारिका साह गोढले हालैदेखिको बकसपत्र लिखत पारित गरिदिएको कि.नं. १२ आफूखुसी गर्न पाउने हुँदा पुनरावेदक वादीको सो जग्गामा हक स्थापित हुन सक्दैन। आफूखुसी गर्न पाउने र अन्य अंशियारलाई बन्डा गर्न नपर्ने त्यस्तो सम्पत्ति बन्डा गर्न नमिल्ने।

कुनै व्यक्तिले कसैको सेवा गरेबापत खुसी भई निजलाई आफ्नो सम्पत्ति हालैको बकसपत्रको लिखतबाट पास गरी दिन्छ भने त्यस्तो सम्पत्तिमा निजले आफूखुस गर्न पाउने अधिकार मुलुकी ऐन, स्त्री अंश धनको १ नं. र मुलुकी ऐन, अंश बन्डाको १८ नं. ले कानूनतः सुरक्षित गरेको अवस्थालाई चुनौती दिई बकसपत्रबाट पाएको कि.नं. १२ को ज.वि. ०-०-४ को जग्गामा यी पुनरावेदकको पनि हक लाग्ने भई बन्डा लाग्ने भनी बोल्नु कानूनविपरीत हुन जाने।

यदि एकाघरका सगोलका व्यक्तिले अंश बन्डा अगावै कसैलाई बकसपत्र गरिदिएको भए सो लिखत बदर हुने भन्ने हुन्छ तर यस मुद्दामा काका नाता पर्नेले आफूलाई रिझाएबापत सनफुलियालाई आफ्नो

घर जग्गा बकसपत्र गरिदिएको कार्य निज पुनरावेदक सनफुलियासँग सगोलमा रहेकै बखत बकसपत्र गरी पाएको भन्ने आधारमा मात्रै बन्डा लाग्ने नहुने।

तसर्थ, तायदाती फाँटवारीमा उल्लिखित कि.नं.१२ को ज.वि. ०-०-४ जग्गा सनफुलिया देवीले मिति २०५४।१०।०६ मा द्वारिका साह गोढबाट हालैको बकसपत्रको लिखतबाट प्राप्त गरेकोले सो जग्गा निजले आफूखुस गर्न पाउने, बन्डा नलाग्ने अवस्थामा सो जग्गासमेत बन्डा हुने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०७१।०२।१९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०१।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल पुष ५ गते रोज ४ शुभम्।

## ५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-१३४३, जालसाज, केदारप्रसाद लम्साल वि. शारदा लिम्बूसमेत*

कुमारी लिम्बूको नाउँमा दर्ता भएको कि.नं. ४४७ को जग्गा पुनरावेदक प्रतिवादी केदारप्रसाद लम्साललाई प्रत्यर्थी वादीहरूको मन्जुरी नलिई र.नं. ९२४/ग मिति २०७०।४।२९ मा राजीनामा गरिदिएको देखिन्छ । कुमारी लिम्बूले माइती आमा मरी गर्नुपर्ने सद्‌गत किरियाकाज गरी निजी रूपमा अपुतालीबाट नामसारी भई प्राप्त भएको दर्ता जग्गामा प्रत्यर्थी वादीहरूको अंश भाग नलाग्ने हुनाले कुमारी लिम्बूले आफ्नो निजी अंश आफूलाई राजीनामा गरी दिएको लिखत जालसाज नभएको हुनाले पुनरावेदन अदालतबाट जालसाज ठहर गरी भएको फैसला न्यायसम्मत नभएको हुँदा बदर गरी न्याय पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको पाइयो। मिसिल संलग्न कागजातहरू हेर्दा कि.नं. ४४७ को जग्गाबाहेक अन्य बन्डा लाग्ने चल अचल सम्पत्ति भएको भन्ने देखिन नआउने।

पुनरावेदक पक्षले राजीनामाबाट पाएको जग्गामा प्रत्यर्थी वादीहरूको अंश भाग नलाग्ने भन्ने कुनै कानूनी आधार र प्रमाण पेस गर्न नसकेको अवस्थामा प्रत्यर्थी वादीहरू एकासगोलका परिवार भएको र कुमारी लिम्बूको नाममा रहेको कि.नं. ४४७ को जग्गामा प्रत्यर्थी वादीहरूको पनि भाग लाग्ने भन्ने देखिने।

एकाघरसँगका अंशियारको नाउँमा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा ६(क) ले सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने भई यस्तो सगोलको सम्पत्तिमा अंशियारहरूको बराबर अंश लाग्ने हुन्छ। सम्पत्तिसम्बन्धी हक भनेको कुनै पनि व्यक्तिको जन्मसिद्ध नैसर्गिक हक हो जुन कसैले पनि कुनै कारण देखाई हक मार्न नसक्ने।

आमा बुबाको सम्पत्तिमा छोरा छोरीको जन्मसिद्ध अधिकार हुने हुँदा आमा र बुबाको नाउँमा जुनसुकै स्रोतबाट सम्पत्ति रहेको भए तापनि आफ्नो सन्तानले त्यस सम्पत्तिमा कानूनबमोजिमको आफ्नो भाग पाउने नै हुँदा आमा बुबाले आफ्नो सन्तानलाई सम्पत्तिको हकबाट वञ्चित गराउनु कानूनविपरीतको कार्य हुँदा पुनरावेदक प्रतिवादी केदारप्रसाद लम्साललाई प्रत्यर्थी वादीहरूको आमा कुमारी लिम्बूले आफ्नो नाउँ दर्ता भएको कि.नं. ४४७ को जग्गा राजीनामा गरिदिएको कार्य मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. बमोजिम जालसाजी भएको हुनाले पुनरावेदन अदालत विराटनगरबाट जालसाजी ठहराई भएको फैसला मनासिब नै देखिने।

प्रस्तुत मुद्दामा कुमारी लिम्बू र प्रत्यर्थी वादीहरू समान अंशियार भए तापनि समानस्तरका

अंशियार नभई आमाले पाएको जुनसुकै बेहोराको सम्पत्तिमा छोरीहरूको स्वत: अंश हक सिर्जना हुने हुँदा आमाको नाउँको सम्पत्ति छोरीहरूको हकमा पैतृक सम्पत्ति नै मान्नुपर्ने हुन्छ । विवादित कि.नं. ४४७ को ०-१-० जग्गाको सम्पत्ति कुमारी लिम्बूको निजी आर्जन वा स्त्री अंश धनअन्तर्गतकै सम्पत्ति हो भने पनि आफ्नो आमाको नाउँको सम्पत्तिमा निजका छोरीहरूको अंश हक नलाग्ने भन्ने कुनै कानूनी आधार नदेखिने ।

पुनरावेदक प्रतिवादीलाई कुमारी लिम्बूले आफ्नो एकासगोलका सन्तानहरूलाई थाहा जानकारी नदिई उनीहरूको अनुमतिबेगर नै केदार लम्साललाई आफ्नो नामको जग्गा राजीनामा गरी दिएको कार्य कानूनविपरीत भई पुनरावेदन अदालतबाट जालसाज हुने ठहर गरी भएको फैसला मनासिब नै देखिने ।

तसर्थ सुनसरी जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला उल्टी हुने ठहर गरी मिति २०७०।४।२९ को लिखत निष्क्रिय हुने ठहराई र.नं. ९२४ग को राजीनामा लिखतको बिगो रू.१,५०,०००।- (एक लाख पचास हजार) को ३ भागले हुन आउने बिगो रू.९०,०००।- को मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. ले सयकडा २५ ले हुन आउने रकम जनही रू.११,२५०।- पुनरावेदक प्रतिवादी केदारप्रसाद लम्साल र प्रतिवादी कुमारी लिम्बूलाई जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।१।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस ५ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको ०७२-CI-१३४२, अंशचलन, *कुमार लिम्बू वि. शारदा लिम्बूसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CI-०५९०, उत्प्रेषण / परमादेश, डोरबहादुर घिमिरे वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीको भवन निर्माण गर्ने सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय रामेछाप र पुनरावेदक शेरबहादुर घिमिरेबिच २०५६।०३।३१ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०५४।१२।२० मा लिखित सम्झौता र सहमति भएको देखिन्छ । निर्माण स्थलमा नेपाली सेना बसेपछि काममा बाधा परेको भन्ने सम्बन्धमा यी पुनरावेदकले मिति २०५७।०७।२१ र २०५८।०१।११ तथा भवन निर्माण स्थलमा प्रवेश निषेध भएको कारणबाट निर्माण कार्य रोकिन गई क्षति हुन गएकोले आवश्यक कारबाही गरिपाउँ भनी मिति २०५८।०८।१० मा जिल्ला जनस्वास्थ्य कार्यालय रामेछापमा निवेदन दिएको देखिने ।

प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माणाधीन स्थलमा शाही नेपाली सेना बसेको साथै संकटकालसमेत लागेको कारणबाट के कस्ता र कति क्षति हुन गएको हो र भवन निर्माणतर्फ नियमानुसार पाउन सक्ने मूल्य वृद्धि सम्बन्धमा समेत सम्बन्धित प्राविधिकबाट अलगअलग मूल्याङ्कन गराई निज प्राविधिकको सिफारिससहितको स्पष्ट राय यस विभागमा यथाशीघ्र पठाउनु हुन भनी स्वास्थ्य सेवा विभागले च.नं.१४९८ मिति २०६०।०३।१८ मा जिल्ला स्वास्थ्य कार्यालय रामेछापलाई पत्र पठाएको देखिने ।

पुनरावेदक निवेदकले निर्माणाधीन भवन

स्थलमा काममा अवरोध आएको र त्यसबाट क्षति पुग्न गएको सम्बन्धमा पटकपटक निवेदन दिएको सो निवेदनमा केही हदसम्म कारबाहीको प्रक्रिया अघि बढाएको भए पनि निर्णय भएको नदेखिने।

निवेदन परेपछि निवेदन मागका सम्बन्धमा निर्णय गर्नुपर्ने सम्बन्धित निकायको दायित्व एवं कर्तव्य हुन आउँछ। उक्त निवेदनउपर कुनै कारबाही एवं निर्णय भएको देखिएन । यस स्थितिमा निवेदकले क्षतिपूर्ति भराइपाउँ भनी दिएको निवेदनका सम्बन्धमा निर्णय गर्नु भन्नेसमेत आदेश गर्नुपर्नेमा सो नगरी परेको निवेदनमा क्षतिपूर्ति पाउने नपाउने भन्ने सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयबाट कुनै निर्णय नै नभइसकेको अवस्थामा निवेदकले क्षतिपूर्ति पाउने अवस्था देखिएन भनी गरेको उच्च अदालत पाटनको आदेश सो हदसम्म त्रुटिपूर्ण देखिन आउने।

तसर्थ, तथ्य र आधारमा उच्च अदालत पाटनबाट निवेदकले निवेदन मागबमोजिमको क्षतिपूर्ति पाउने अवस्था देखिएन भनी गरेको हदसम्मको फैसला केही उल्टी भई निवेदकले पटकपटक दिएको निवेदन माग दाबीका विषयमा यथाशीघ्र निर्णय गर्नु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७४-WO-०९०२, उत्प्रेषण, गणेशमाया खुजु श्रेष्ठ वि. अखण्डेश्वरी कायष्ठसमेत*

रिट निवेदक गणेशमाया खुजु श्रेष्ठ वादी भई भक्तपुर जिल्ला अदालतमा करारको यथावत् परिपालना (मुद्दा नं. ०७३-CP-११९२) लगायतका मुद्दा दायर भई विचाराधीन रहेको अवस्थामा विपक्षीमध्येका अखण्डेश्वरी कायष्ठको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साबिक भक्तपुर नगरपालिका, वडा नं. ४(ख), स्थित कित्ता नं.१२४० र रमिला त्वायना त्यातसमेतको नाममा दर्ता कायम कित्ता नं.१२३८ को जग्गा विपक्षीहरूले बेचबिखन गर्न खोजेकोले उक्त कित्ता जग्गाहरू रोक्का गरिपाउँ भनी भक्तपुर जिल्ला अदालतमा गणेशमाया खुजु श्रेष्ठले निवेदन दिएको भन्ने देखिने।

सो निवेदनउपर मिति २०७४।०३।१५ मा कित्ता नं.१२४० को जग्गा रोक्का राख्ने तर कित्ता नं.१२३८ को जग्गा रोक्का राख्न नमिल्ने भनी भक्तपुर जिल्ला अदालतबाट आदेश भएको देखिन्छ । सो आदेशउपर मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम उच्च अदालत पाटनमा निवेदन दिएकोमा कित्ता नं.१२३८ को जग्गामध्ये ४ भागको १ भाग मात्र रोक्का राख्ने गरी मिति २०७४।१२।०८ मा आदेश भएको देखिन्छ। सो आदेश आंशिक रूपमा बदर गरी दुवै कित्ता जग्गाहरू पूरै रोक्का गर्न माग दाबीका साथ प्रस्तुत रिट निवेदन दायर भएको देखिने।

कुनै पनि मुद्दाको फिरादपत्र दायर हुने बित्तिकै चल अचल सम्पत्ति रोक्का हुनै पर्ने भन्ने उक्त कानूनी व्यवस्थाको मनसाय रहेको देखिँदैन। रोक्काको निवेदन परेपछि कसैको सम्पत्ति हस्तान्तरणलगायतको कार्यमा रोक लगाउने गरी आदेश गर्दा अदालतले मुद्दाको प्रकृति, मुद्दाको औचित्य, वादीको दाबी पुग्न सक्ने जस्तो देखिन्छ वा देखिँदैन, जस्ता कुराको समग्रमा विचार गरेर मात्र दाबी पुग्नेसम्मको सम्पत्ति प्रतिउत्तर नपरेसम्मको लागि वा मुद्दाको किनारा नभएसम्मको लागि रोक्का गर्न वा अन्य उपयुक्त आदेश जारी गर्न सक्ने भन्ने देखिने।

मिति २०४९।११।०९ मा गणेशमाया खुजु श्रेष्ठ र अखण्डेश्वरी कायष्ठबिच करारनामा भएको कित्ता नं. ६९३ र कित्ता नं. ६९४ को जग्गाहरू हाल कित्ताकाट भई क्रमश: कित्ता नं. १२४० र १२३८

कायम भएको देखिन्छ । सो कित्ता नं. १२४० को जग्गा अखण्डेश्वरी कायष्ठको नाउँमा कायम भएको र कित्ता नं. १२३८ को जग्गा रमिला त्वायनासमेतलाई अखण्डेश्वरी कायष्ठले राजीनामा पारित गरिदिएको भन्ने देखिन्छ । यसरी कित्ता नं. १२४० को जग्गा अखण्डेश्वरी कायष्ठको नाउँमा नै यथावत् कायम रहेको आधारमा भक्तपुर जिल्ला अदालतले सो जग्गा रोक्का राख्ने आदेश गरिदिएको देखिने।

अर्को कित्ता नं. १२३८ को जग्गाको हकमा, अखण्डेश्वरी कायष्ठले सो कित्ता जग्गाको केही भाग जग्गा रमिला त्वायनासमेतलाई बिक्री गरेको र रिट निवेदकले जिल्ला अदालतमा करारको यथावत् परिपालनालगायतका मुद्दा दर्ता गर्दा फिरादपत्रसाथ पेस गरेको करारनामामा अखण्डेश्वरी कायष्ठको नाममा पर्न आउने जग्गाको ४ भागको १ भागको हक हस्तान्तरण गर्ने सम्बन्धमा मात्र करारनामा सहमति भएको देखिन्छ । रोक्का राख्नेसम्बन्धी आदेश अन्तरकालीन प्रकृतिका आदेश रहेको र मुद्दाको प्रकृति र औचित्यको आधारमा तत्कालका लागि दिइने आदेश हो। भक्तपुर जिल्ला अदालतमा यिनै वादी र प्रतिवादी रहेको करारको यथावत् परिपालना, लिखत दर्ता बदर र जालसाजी (मुद्दा नं. ०७३-CP-११९२ समेत) मुद्दाहरू विचाराधीन अवस्थामा रहेको देखिने।

विवादित जग्गाहरूको हकमा सोही मुद्दामा सबुत प्रमाणको मूल्याङ्कन गरी सोही अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा रिट निवेदनको दाबी मुलुकी ऐन, अदालती बन्दोबस्तको १७१(क) नं. को भावना र मकसदविपरीत भएकोले रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिँदैन । रिट निवेदन जिकिरबमोजिम निवेदिकाको कुनै संवैधानिक तथा कानूनी हक हनन भएको भन्ने अवस्था विद्यमान नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र कानूनी व्यवस्थाको आधारमा भक्तपुर जिल्ला अदालतबाट कित्ता नं.१२४० को जग्गा रोक्का राख्ने तर कित्ता नं. १२३८ को जग्गा रोक्का राख्न नमिल्ने भनी भएको आदेशउपर उच्च अदालत पाटनबाट मिति २०७४।१२।०८ मा आदेश हुँदा कित्ता नं.१२३८ को जग्गामध्ये ४ भागको १ भाग मात्र रोक्का राख्ने गरी भएको आदेश आंशिक रूपमा बदर गरी दुवै कित्ता जग्गा पूरै रोक्का राख्न माग गरी दायर भएको रिट निवेदन माग दाबीबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपिका थापा मगर

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-१२००, ०७५-CR-२६०९, कर्तव्य ज्यान, पातली भन्ने बुद्धिमाया तामाङ वि. नेपाल सरकार, धनबहादुर तामाङ वि. नेपाल सरकार*

सोममाया तामाङको मौकाको जाहेरीका आधारमा प्रस्तुत मुद्दा उठान भएको देखिन्छ। लक्ष्मण तामाङलाई मोटरसाइकलमा राखी घरतर्फबाट काठमाडौं उपचारको लागि लाने क्रममा बाटैमा मृत्यु भएको निज मृतकको टाउकोको पछाडिको भागमा पुराना घाउ भएको भन्ने घटनास्थल लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । यी प्रतिवादी पातली भन्ने बुद्धिमाया तामाङले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा मिति २०७१।०३।२७ गतेका दिन बिहान लक्ष्मण तामाङले आफूसँगै बसेको आमालाई यो घरमा आजदेखि नबस् निक्ली जा

भनी कराएकोमा धनबहादुर तामाङले तँ आमा पाल्न नसक्ने भए म पाल्छु भनी झगडा भएको र लक्ष्मण तामाङले मादक पदार्थ सेवन गरी हातमा चाँदेको बिँड लिई ठुल्ठुलो स्वरमा कराई हामी दुवैलाई गाली गरी उक्त चाँदेको बिँडले धनबहादुर तामाङलाई हातको पाखुरामा हिर्काएकोले धनबहादुर तामाङले हातले दुई थप्पड हिर्काएको र त्यति नै खेर म आई निजको हातको चाँदेको बिँड खोसी खुट्टामा दुई पटक जोडले हिर्काई घचेड्दा निज अलि पर पुगेको, मिति २०७१।०५।०१ गतेदेखि ज्वरो आएको निजलाई ऐ.१५ गते उपचारको लागि लाने क्रममा बाटोमा मृत्यु भएको हो। मससमेतले मृतकलाई कुटपिट गरेको कारण थलिएर मृत्यु भएको होइन भनी कसुरमा इन्कार रहेको देखिन्छ। मौकामा बुझिएका रोशन तामाङ, निशान तामाङले मौकामा कागज गर्दा वारदातका दिन प्रतिवादीहरू धनबहादुर र पातली भन्ने बुद्धिमाया तामाङले मृतक लक्ष्मण भन्ने मोहनबहादुर तामाङलाई कोदालोको बिँड तथा हात मुक्काले कुटपिट गरी बेहोस बनाई निजहरू आफ्नो घरतर्फ गएको र सोही कुटपिटले थला परी मृतकको मृत्यु भएको भनी एकै मिलानको कागज गरेकोमा अदालतमा समेत सोही बेहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ। जुन भनाइ बेहोरा आफैँमा स्वतन्त्र प्रमाण रहेको देखिन आउने।

वारदातमा प्रतिवादीहरूबाट प्रयोग भएको दशीको सामान कोदालोको बिँड बरामद भई प्रतिवादीहरूबाट सनाखतसमेत भएको, लास जाँच मुचुल्काबाट टाउकोको पछाडिको भागमा पुरानो घाउ रहेको भन्ने कुरा स्पष्ट देखिएको छ। प्रतिवादीको कुटाइबाट पीडित लामो समयसम्म घरमा थला परी बसेको र उपचारको क्रममा निजको निधन भएको भन्ने मिसिल कागजबाट देखिन्छ। शव परीक्षण प्रतिवेदनमा टाउकोको पछाडि भागमा घाउ भएको देखिएको र टाउकोको भित्र बाहिरी भागमा घाउ रहे भएकोमा उक्त घाउ अन्य कारणले भएको भनी प्रतिवादीले जिकिर लिई मिसिल संलग्न प्रमाणले पुष्टि गर्न नसकेको अवस्था हुँदा प्रतिवादीहरूको कुटाइका कारण उक्त घाउचोट भएको हो भन्ने तथ्य पुष्टि भएको देखिन्छ। लास परीक्षण गर्ने चिकित्सकले Toxicology Report Negative आएकाले लक्ष्मण तामाङको सम्भावित मृत्युको कारण टाउकोको पछाडिको भागमा भएको घाउको कारणले गर्दा फिजियोलजिकल मृत्यु हुन सक्छ। शरीरको अङ्ग भाग कन्ट्रोल गर्ने टाउकोमा System हुन्छ त्यसमा कुनै प्रहार भएको कारणले बाहिरबाट देख्न नसकिने फिजियोलजिकल मृत्यु हुन सक्छ भनी अदालतमा बकपत्र गरेको देखिन्छ। पोष्टमार्टम रिपोर्ट र लास जाँच मुचुल्काबाट समेत मृतकको कयौं ठाउँमा चोट देखिएकोमा ती घाउ चोटहरू यी पुनरावेदकको कुटपिट गरेको बाहेक अन्य कारणबाट पर्न गएको भन्ने मिसिलबाट नदेखिने।

अर्कोतर्फ जाहेरवालीले सुरू अदालतमा गरेको बकपत्रमा वारदात भएको हो, नकुट भन्दा मानेनन् घटना मैले देखेको हुँ छुट्याउन जान नसकेकी हुँ। प्रतिवादीले कुटेपछि दिमाग खलबलिएको बौलाहाजस्तो भएको र कुटेकै कारणले मरेको हो भनी जाहेरीलाई समर्थन गरी किटानी बकपत्र गरेकोसमेतका आधार प्रमाणबाट यी प्रतिवादीसमेतको कुटपिटकै कारणबाट मृतक लक्ष्मण तामाङको मृत्यु भएको तथ्य स्थापित हुन आयो। यस्तो अवस्थामा सामान्य कुटाकुट भएको र सोही कारणबाट मृतकको मृत्य भएको अवस्था मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएकोमा अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी पातली भन्ने बुद्धिमाया तामाङको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरी दरखास्त, जाहेरवालाले गरेको बकपत्र, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने रोशन तामाङ र निशान तामाङसमेतले गरिदिएको मौकाको कागज र अदालतको बकपत्र घटनास्थल प्रकृति मुचुल्का, दशीको सामान कोदालोको बिँड बरामद भएको र सो सम्बन्धमा प्रतिवादी धनबहादुर तामाङले गरेको सनाखत कागज, शव परीक्षण प्रतिवेदन दिने चिकित्सकले मृत्युको सम्भावित कारण टाउको पछाडिको भागमा भएको घाउको कारणले गर्दा फिजियोलोजिकल मृत्यु हुन सक्छ भनी अदालतमा आई गरेको बकपत्रसमेतबाट प्रतिवादी धनबहादुर तामाङसमेतले मृतक लक्ष्मण तामाङलाई कोदालोको बिँडले प्रहार गरी सोही घाउ चोटका कारण उपचारको लागि काठमाडौं लाँदै गर्दा मृत्यु हुन गएको तथ्य पुष्टि हुन आयो । यस्तो अवस्थामा अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउनु पर्छ भन्ने प्रतिवादी धनबहादुर तामाङको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादीहरू पातली भन्ने बुद्धिमाया तामाङ र धनबहादुर तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादीहरूको हकमा अ.बं. को १८८ नं.बमोजिम १० वर्ष सजाय हुन मनासिब देखिएको भनी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट व्यक्त भएको राय उच्च अदालत पाटनबाट समेत सदर भएकोतर्फ विचार गर्दा कसैले गरेको आपराधिक कार्यका विरूद्ध समाज र राष्ट्रले देखाउने प्रतिक्रिया सजाय हो । सजाय कसुरअनुसार हुनु पर्दछ (Calpae Peona Paresto) भन्ने न्यायिक सूत्र रही आएको छ । Latin भाषाको यस सूत्रको तात्पर्य कसुरको मात्रा र सजायको मात्राबिच तालमेल हुन सकेमा नै न्याय गरे जस्तो मात्र होइन, परे जस्तो पनि देखिनु पर्छ भन्ने सुक्ति सार्थक हुन जान्छ । कसुरदारलाई होइन, कसुरलाई घृणा गर्ने र निजलाई दण्ड गरेर होइन सुधारेर सभ्य नागरिक बनाइनु पर्दछ भन्ने मान्यतालाई आधुनिक दण्डशास्त्रले स्वीकार गरेको देखिन्छ । हाम्रो कानून प्रणालीमा कतिपय ऐनमा कसुरको मात्रा भन्ने शब्दावली प्रयोग भएका छन् । सजाय निर्धारण गर्दा कतिपय अवस्थामा कसुरदारलाई हुने सजाय यति नै भनेर विधायिकाले निश्चित रूपमा कानूनमा नै तोकिदिएको छ । तर सधैँ र सबै अवस्थामा कानूनमा नै निश्चित सजाय तोकिनु व्यावहारिक मात्र होइन, न्यायिक पनि हुँदैन । त्यसैले न्यायकर्तालाई अपराधको प्रकृति, अपराध गर्दाको परिस्थिति, अपराध गर्ने व्यक्तिको शारीरिक मानसिक आर्थिक एवम् पारिवारिक अवस्थासमेतलाई विचार गरी तजबिजी सजाय तोक्ने स्वविवेकीय अधिकार प्रदान गरेको हुने ।

कानूनतः सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय हुने कतिपय अवस्था छन्, जुन ठहर भएमा प्रतिवादीलाई सोहीबमोजिम नै सजाय गर्नुपर्ने हुन्छ । तर अपराध विभिन्न परिस्थिति र परिवेशमा घट्ने भएकाले त्यस्तो सजाय हुने सबै प्रतिवादीहरूलाई सोही सजाय गर्दा कतिपय अवस्थामा निजहरूलाई सो सजाय चर्को पर्न जाने र न्याय नपरेको अनुभूति कसुरदारलाई मात्र होइन, न्याय दिने, दिलाउने र अन्ततः समाजलाई पनि नहुन सक्ने ।

सजाय निर्धारण गर्दा दृष्टिगत गर्नुपर्ने उपर्युक्त

सैद्धान्तिक र विधिशास्त्रीय मान्यताहरूउपर गरिएको चर्चा र अ.बं.१८८ नं. को कानूनी प्रावधानलाई मध्यनजर गरी प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मृतक र प्रतिवादीहरू दाजुभाइ र देवर भाउजू नाताका व्यक्ति रहेको देखिएको र वारदातको दिन आमालाई मृतकले घरबाट निक्ली जानु भनेका कारण सोही विषयमा दुवै पक्षबिच विवाद हुँदा दोहोरो कुटाकुट भएको, प्रतिवादीहरूले मार्ने नै मनसाय राखेर कुटपिट गरेको नदेखिएको, मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको पनि नदेखिएको परिस्थितिसमेत विचार गर्दा पुनरावेदक प्रतिवादीहरू धनबहादुर तामाङ र पातली भन्ने बुद्धिमाया तामाङलाई कानूनबमोजिम हुने जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएको र १० (दश) वर्ष कैद सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादीहरूलाई जनही १० वर्ष कैद सजाय हुन व्यक्त गरिएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको रायसहितको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७४।८।१२ को फैसला सदर हुने।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असोज ५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-१५२०, जबरजस्ती करणी (बालयौन दुराचार), अशोक राव वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा परिवर्तित नाम "पोखरा ४१" लाई मसँगै एउटै खाटमा सुताई गुद्द्वारमा आफ्नो लिङ्ग छिराएको हो भन्नेसमेत बेहोरा खुलाई आरोपित कसुर गरेको स्वीकार गरेको देखिन्छ। सुरू अदालतमा बयान गर्दा पीडितसँगै सुतेको तथ्य स्वीकार गरी आरोपित कसुर गरेकोमा भने इन्कार रही बयान गरेको । प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती देखिने।

जाहेरवालाले यी पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी दिएको र पीडितले मौकामा कागज र अदालतमा गरेको बकपत्रमा राति निदाएको अवस्थामा अशोक अंकलले मलाई नाङ्गै बनाई आफू पनि नाङ्गै भएर आफ्नो पिसाब फेर्ने ठाउँ मेरो दिसा गर्ने ठाउँमा घोच्नु भएको हो। म दुखेर ब्युझिएँ भन्नेसमेत उल्लेख गरेको देखिन्छ। प्रस्तुत वारदातको वास्तविक, प्रत्यक्ष र जीवित प्रमाण भनेको पीडित नै हुने।

प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा पीडित परिवर्तित नाम पोखरा-४१ ले मौकामा र सुरू अदालतसमक्ष व्यक्त गरेको कुरालाई ग्रहण गर्नुपर्ने देखियो। पीडितको मौकाको शारीरिक परीक्षण प्रतिवेदनमा "redness on anal vault" भनी उल्लेख भएको देखिन्छ । सम्बन्धित चिकित्सकले सुरू अदालतसमक्ष मलद्वारमा च्यातिएको कोतरिएको चिह्न नदेखिए पनि गुद्द्वार रातो जस्तो देखिएको त्यस्तो रातोपना घर्षणको कारणले हुन सक्छ भनी बकपत्रसमेत गरेको देखिन आएको छ। प्रतिवादी र पीडितका परिवारबिच प्रतिवादीलाई झुट्टा दोष लगाउनुपर्नेसम्मको कुनै रिसइवी रहे भएको भन्ने देखिँदैन। बरू पीडितलाई सँगै सुत्न लैजान पीडितका अभिभावकहरूले सहमति दिने गरेको देखिएबाट पीडितका परिवार र प्रतिवादीका बिच राम्रो सम्बन्ध रहेको भन्ने देखिएकोले बिनाकारण प्रतिवादीलाई यौन दुराचारको दोष लगाउनुपर्ने अवस्था रहेको देखिन नआएकोले यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित हुन आयो। यस्तो अवस्थामा अभियोग माग दाबीबमोजिम कसुर ठहर गरी कैद सजायसमेत गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पोखराको फैसला त्रुटिपूर्ण हुँदा बदर

गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पोखराबाट मिति २०७४।१।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असोज ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-१५९०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. राजन शर्मा भन्ने ठानेश्वर पोखरेल*

प्रस्तुत मुद्दाका मिसिल संलग्न कागजहरूबाट जाहेरवाला कुलबहादुर गुरूङले प्रतिवादीहरू गीता प्रजाको नाउँको माछापुच्छ्रे बैंकको खातामा मिति २०७२।०६।१३ मा तीन लाख रूपैयाँ जम्मा गरेको र उमेश पुन भन्ने राजेशकुमार थापाका नाउँमा सन् २०१५।०८।१४ मा तीन लाख रूपैयाँ आई.एम.ई. मार्फत पठाई रकम जम्मा गरेको देखिन्छ । प्रतिवादी गीता प्रजाले पुनः आफ्नो खातामा जम्मा भएको रकम प्रतिवादी राजेशकुमार थापाका नाउँमा सन् २०१५।०९।३० मा आई.एम.ई. मार्फत तीन लाख रूपैयाँ पठाएको रसिदबाट देखिन्छ भने प्रतिवादी ठानेश्वर पोखरेलका नाउँमा रकम जम्मा गरेको तथा लेनदेन भएको भन्ने देखिन नआउने ।

यसैगरी मिसिल संलग्न मिति २०७२।०२।१९ को भरपाइमा मकाउको लागि कागज गर्नका लागि Advanced स्वरूप कुलबहादुर गुरूङ र डम्बर मगरबाट दुई लाख रूपैयाँ रकम उमेश पुन भन्ने राजेशकुमार थापालाई बुझाएको भन्ने बेहोरा उल्लेख भएको र त्यसमा प्रतिवादी गीता प्रजा र उमेश पुनले सही गरेको देखिन्छ । पीडित भनिएका जाहेरवाला कुलबहादुर गुरूङले न्यायाधिकरणमा बकपत्र गर्दा आफ्नो जाहेरी बेहोरालाई समर्थित हुने गरी बकपत्र गरेको पाइने ।

यसरी प्रतिवादी राजन भन्ने ठानेश्वर पोखरेलउपर मौकामा किटानी जाहेरी नपरेको, न्यायाधिकरणसमक्षको बकपत्रमा समेत जाहेरवालाले निजउपर दाबी गरेको नदेखिएको, निजले वैदेशिक रोजगारीका लागि पठाइदिने भनी कुनै पनि रकम बुझेको भन्ने तथ्य वस्तुगत तवरबाट पुष्टि हुने गरी वादी पक्षले ठोस प्रमाण पेस गर्न सकेको नपाइएको र प्रतिवादी गीता प्रजाको बयान पोलका आधारमा अभियोग दाबीबमोजिमको कसुरमा संलग्नता रहेको पुष्टि हुने कुनै पनि सबुत प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन नसकेको स्थितिमा अनुमानकै भरमा निज प्रतिवादी राजन शर्मा भन्ने ठानेश्वर पोखरेललाई कसुरदार ठहर गरी सजाय गर्नु कानूनसङ्गत नदेखिने ।

यसरी प्रस्तुत मुद्दामा प्रतिवादी गीता प्रजा र उमेश पुन भन्ने राजेशकुमार थापाले अभियोग दाबीबमोजिम कसुर गरेको देखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम जनही १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाको बिगो रू.६,००,०००।- (छ लाख रूपैयाँ) र हर्जानाबापत रू.३,००,०००।- (तीन लाख रूपैयाँ) समेत जम्मा रू.९,००,०००।- (नौ लाख रूपैयाँ) प्रतिवादी उमेश पुन भन्ने राजेशकुमार थापाबाट भराई पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिन आयो । प्रतिवादी राजन भन्ने ठानेश्वर पोखरेलउपरको अभियोग दाबी पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको वैदेशिक

रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिन आएकाले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त आधार र कारणहरूसमेतबाट वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।६।३० को फैसला मनासिब नै देखिएकाले सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-१४८३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. राजेशकुमार थापासमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न मिति २०७२।०३।०८ को माछापुच्छ्रे बैंक लिमिटेडको भौचर हेर्दा, जाहेरवाला सौरभ घिमिरेले प्रतिवादी गीता प्रजाको नाउँको खातामा एक लाख रूपैयाँ जम्मा गरेको देखिन्छ। जाहेरवालाबाट आफ्नो खातामा रू. १,००,०००।- (एक लाख) पठाएको तथ्यलाई स्वीकार गरी सो रकम आफूले प्रतिवादी राजेशकुमार थापालाई आई.एम.ई. गरेर पठाएको हो भनी निज प्रतिवादी गीता प्रजाले जिकिर लिएको भए पनि सोलाई पुष्टि हुने कुनै ठोस सबुत प्रमाण पेस गर्न सकेको नदेखिने।

मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी गीता प्रजाले जाहेरवाला सौरभ घिमिरेलाई वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिने भनी एक लाख रूपैयाँ बुझिलिई निजले भनेबमोजिम वैदेशिक रोजगारमा नपठाएको र रकमसमेत फिर्ता नगरेको तथ्य पुष्टि हुन आएकोले वादी पक्षले रू. ६,००,०००।- छ लाखको दाबी लिएको भए पनि सो दाबी कहीँकतैबाट पुष्टि हुन सकेको नदेखिने।

त्यसैगरी प्रतिवादीहरूमध्येका राजेशकुमार थापा र राजन भन्ने ठानेश्वर पोखरेलको हकमा हेर्दा, ठानेश्वर पोखरेलउपर किटानी जाहेरी नै नपरेकोमा प्रतिवादी गीता प्रजाको बयान पोलका आधारमा प्रतिवादी कायम गरी अभियोग दायर भएको देखियो। राजेशकुमार थापा र राजन भन्ने ठानेश्वर पोखरेलको भनाइअनुसार निज गीता प्रजाले आफ्नो नाउँमा खाता खोली जाहेरवालालाई रकम पठाउन लगाएको र जाहेरवालाले पठाएको रकम आफूले राजेशकुमार थापालाई आई.एम.ई. गरेर पठाइदिएको भनी जिकिर लिए तापनि उक्त रकम राजेशकुमार थापाको नाउँमा पठाएको भन्ने प्रतिवादीको भनाइ स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीहरू राजेशकुमार थापा र राजन शर्मा भन्ने ठानेश्वर पोखरेलको अभियोग दाबीबमोजिमको कसुरमा संलग्नता रहेको पुष्टि हुने कुनै पनि सबुत प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन नसकेको स्थितिमा अनुमानकै भरमा निज प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गर्नु न्यायसङ्गत मिल्ने देखिन नआउने।

यसरी प्रतिवादीहरूमध्येका गीता प्रजाले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिएकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम निजलाई १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुनुका साथै जाहेरवाला सौरभ घिमिरेको बिगो रू.१,००,०००।- (एक लाख रूपैयाँ) र हर्जानाबापत रू. ५०,०००।- (पचास हजार रूपैयाँ) प्रतिवादी गीता प्रजाबाट भराइ पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिन आयो। प्रतिवादी उमेश पुन भन्ने राजेशकुमार थापा र राजन शर्मा भन्ने ठानेश्वर पोखरेलउपरको अभियोग दाबी पुष्टि हुनसकेको नदेखिँदा निजहरूउपरको

अभियोग दाबी पुग्न सक्दैन । निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब नै देखिन आएकाले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त आधार र कारणहरूसमेतबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।०६।३० मा भएको फैसला मनासिब नै देखिएकाले सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २४ गते रोज ३ शुभम्।

- यसमा यसै समान प्रकृतिका ०७४-CR-१४८४, १४८५, १४८७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. उमेश पुन भन्ने राजेश कुमार थापासमेत, नेपाल सरकार वि. दिलमाया चौधरी भन्ने डिलमाया महतोसमेत, नेपाल सरकार वि. उमेश पुन भन्ने राजेश कुमार थापासमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७०-CR-०५९२, ०७१-CR-०६४०, ०६४१, कर्तव्य ज्यान, सुन्दरमणी आचार्य वि. नेपाल सरकार, रविन बस्नेत वि. नेपाल सरकार, अमृतमान लामा वि. नेपाल सरकार*

मौकामा फरार रहेका प्रतिवादी अमृत लामाले अदालतमा मृतक महेन्द्र खड्काको मृत्यु कसरी भयो भन्ने कुरा मलाई थाहा छैन। घटना भएको भनिएको पर्सिपल्ट कान्तिपुरमा समाचार सुन्दा मात्र होटल एभरेष्टको ग्यालेक्सी डिस्कोमा आफूआफू झगडा गर्दा एक जनाको मृत्यु भएको भन्ने कुरा सुनेको हुँ। घटनामा मेरो संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। उक्त इन्कारी बयान, सो मितिमा म प्रतिवादी अमृत लामाको घर घट्टेकुलोमा थिएँ। निज पनि त्यहीँ थिए। निजले कुनै कसुर नगरेको हुँदा निजलाई सजाय हुनुपर्ने होइन भनी निजका साक्षी ज्ञानबहादुर तामाङले गरेको बकपत्रबाट समर्थित भएको देखिन्छ । निजको घटनास्थलको उपस्थिति सम्बन्धमा पनि वादी पक्षबाट घटनास्थल र मौका विवरण कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको छैन । निजउपर पनि जाहेरीमा नाम उल्लेख भएदेखि बाहेकका कुनै ठोस प्रमाण मिसिल संलग्न देखिँदैन। शंकाकै भरमा ज्यान मुद्दामा कसुरदार कायम गरी सजाय गर्न मिल्ने नदेखिँदा निजलाई ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम कसुरदार ठहऱ्याई सोही नं. बमोजिम १ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालतको फैसला कानूनसङ्गत नदेखिने।

प्रतिवादी सुन्दरमणी आचार्यको हकमा विचार गर्दा सन्जय बस्नेतले मिति २०६३।५।१० मा दर्ता गराएको पहिलो जाहेरीमा यी प्रतिवादीको नाम उल्लेख गरिएको देखिँदैन । जयन्द्र खड्काले दर्ता गराएको मिति २०६३।५।१६ को पछिल्लो जाहेरीमा सुन्दरमणीको गाडीमा चढी प्रतिवादीहरू भागेको भनी उल्लेख गरेको देखिन्छ। प्रहरीसमक्षको बयानमा रविन बस्नेतलगायतका अन्य प्रतिवादीहरूले सुन्दरमणी आचार्यको वारदातमा कुनै किसिमको संलग्नता देखाई पोल गरेको पनि देखिँदैन। घटनास्थल र मौका विवरण कागज गर्ने व्यक्तिहरूलाई अदालतसमक्ष उपस्थित गराई वादी पक्षले प्रतिवादीउपरको दाबी प्रमाणित गराउन सकेको अवस्था छैन। यस अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ ले घटना विवरण कागज

गर्नेलगायतका व्यक्तिहरूको कथन प्रमाणमा ग्राह्य हुने नदेखिने।

जाहेरवालाहरू र बुझिएका दशरथ बस्नेत, बाबा लामा, संजय बस्नेत, नेल्सन राई एवं बुझिएका अन्य मानिसहरूलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत उपस्थित गराउने भनी मिति २०६४।१२।१२ मा भएको आदेशमा अभियोजन पक्षले आदेशानुसारका व्यक्तिहरू उपस्थित गराउन नसकेकोले पुनः मिति २०६५।२।२७ मा जाहेरवाला जयेन्द्र खड्का, संजय बस्नेत र घटनाका प्रत्यक्षदर्शी एवं कागज गर्ने नेल्सन राई र बाबा लामा तामाङलाई अ.बं. ११५ नं. बमोजिम समाह्वान जारी गर्ने भनी भएको आदेशानुसारको म्याद, निजहरू घरमा फेला नपरेको बेहोरा जनाई निजहरूको वतन उल्लेख रहेकै वडामा रीतपूर्वक टाँस भएको सुरू मिसिलबाट देखिन्छ । यसरी मुलुकी ऐन अ.बं. ११० नं. को रीत पुर्‍याई तामेल भएको म्यादमा समेत निजहरू अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको नदेखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. मा अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ भनी उल्लेख भएको पाइन्छ । उक्त नं. अनुसारको कसुर ठहर्‍याई सजाय गर्न प्रतिवादीहरूको सो नं. मा उल्लेख भएअनुसारको वारदातमा संलग्नताको पुष्टि हुनुपर्ने हुन्छ । तर प्रस्तुत वारदातमा प्रतिवादी सुन्दरमणि आचार्य, रविन बस्नेत तथा अमृतमान लामाको वारदातस्थलको उपस्थिति नै शंकास्पद रहेको देखिन्छ । घटना वारदातमा उपस्थित भएको तथ्य नै प्रमाणित हुन नसकेको अवस्थामा निजहरूउपरको कसुर मिसिल कागजातहरूबाट पुष्टि हुने नदेखिने।

तसर्थ, उल्लिखित आधार, कारण एवं नजिर सिद्धान्तसमेतका आधारमा प्रतिवादीहरू सुन्दरमणि आचार्य, अमृतमान लामा र रविन बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम जनही १(एक) वर्ष कैद गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।५।३० को फैसला सदर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।२० को फैसला केही उल्टी भई प्रतिवादीहरू सुन्दरमणि आचार्य, अमृतमान लामा र रविन बस्नेतले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ २३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०८४६, उत्प्रेषण, *राजेशप्रसाद यादव वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखा महाराजगन्जसमेत*

सूचनामा उल्लिखित म्यादभित्र Nepalese Subsidized कोटामा सरोज क्षेत्री मात्र भर्ना भएको र रन्जु श्रेष्ठ भर्ना हुन नआई रिक्त Nepalese Subsidized कोटामा सुदिल पौडेल भर्ना भएको देखिन्छ। Paying कोटातर्फ भर्नाका लागि प्रकाशित सूचनाको सर्त स्वीकार गरी लाग्ने सम्पूर्ण शुल्क तिरी बुझाई भर्ना भई पठनपाठनमा समेत सहभागी भइसकेका निवेदकले Scholarship कोटाको एकजना विद्यार्थी समयमा भर्ना हुन नआएका कारण निजसरहकै Score रहेको अर्को विद्यार्थीले भर्नाको अवसर प्राप्त गरेको कार्यबाट यी निवेदकको कुनै हक अधिकारमा बाधा पुगेको भन्ने नदेखिने।

परीक्षाको नतिजा प्रकाशित गर्दा योग्यताक्रमको वैकल्पिक सूची प्रकाशन गर्नुको कारण मूल सूचीमा

नाम प्रकाशित भएका उम्मेदवारले तोकिएको सर्त पूरा गरी समयमा भर्ना नभएको अवस्थामा निजभन्दा पछिल्लो सूचीमा रहेको विद्यार्थीले भर्नाको मौका प्राप्त गरोस् भन्ने नै रहेको देखिन्छ । मूल उम्मेदवारले केही कारणले तोकिएको समयमा भर्ना नगरेको अवस्थामा मात्र वैकल्पिक उम्मेदवारले सो अवसर प्राप्त गर्ने हुँदा वैकल्पिक उमेदवार र मूल उम्मेदवारलाई समान हैसियतमा हेर्न मिल्दैन । वैकल्पिक सूचीको अवसर प्राप्त गर्न तोकिएको समयमा भर्ना नगरी बसेको अवस्था हुनुपर्नेमा यी निवेदकले Nepalese Paying कोटातर्फको मूल उम्मेदवारको रूपमा विपक्षी त्रि. वि. चिकित्साशास्त्र अध्ययन संस्थानको सम्पूर्ण सर्त स्वीकार गरी तोकिएको समयमै भर्ना गरी पठन पाठनमा सहभागीसमेत भइसकेको देखिँदा निजले दोहोरो सुविधा प्राप्त गर्नसक्ने नदेखिने ।

यसरी सम्पूर्ण प्रक्रिया पूरा गरी Merit list अनुसारका Nepalese Subsidized कोटामा परेका निवेदकभन्दा अगाडिका रन्जु श्रेष्ठले तोकिएको म्यादभित्र भर्ना गर्न नआएको कारण रिक्त कोटामा सुदिल पौडेलको भर्ना भएको देखिँदा योग्यता सूची (Merit List) मा अगाडि परेका व्यक्ति हुँदाहुँदै मेरो नाम Paying मा सिफारिस गरेको कारणबाट मौलिक हक हनन् भएकोले उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर तर्कसङ्गत देखिएन । अतः उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७३-WO-११७८, उत्प्रेषण / परमादेश, बसन्तकुमार श्रेष्ठसमेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूले शिक्षक सेवा आयोगको मिति २०७३।१२।१९ को विज्ञापनको दफा २.३ को स्पष्टीकरण खण्डको अस्थायी शिक्षकको परिभाषा उत्प्रेषणको आदेशले बदर गर्न मागदाबी लिएको देखिन्छ । यस सम्बन्धमा प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अध्ययन गर्दा शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को दफा ११च(१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१), (२) र (३) मा भएको व्यवस्थाबमोजिम शिक्षक सेवा आयोग सानोठिमीबाट मिति २०७३।१२।१९ मा विज्ञापन हुँदा उम्मेदवारको वाञ्छनीय योग्यताअन्तर्गत २.३ मा विज्ञापन नम्बर १०३/०७३, २०३/०७३ र ३०३/०७३ को लागि संवत् २०६१ साउन २२ गतेदेखि २०७२ असोज २ सम्म रिक्त भई पदपूर्ति हुन नसकेको पदमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन / अस्थायी / करार / सट्टा शिक्षकको पदमा नियुक्ति भई २०७३ असार १५ गतेसम्म सम्बन्धित तहमा अविच्छिन्न रूपमा कार्यरत रहेको भन्ने व्यवस्था रहेकोमा सोको स्पष्टीकरणमा "अस्थायी शिक्षक" भन्नाले कुनै पनि तहको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति नलिएको शिक्षक सम्झनुपर्ने छ भन्ने व्यवस्था रहेको पाइने ।

रिट निवेदकहरूले निवेदनमा निजहरू तल्लो स्थायी पद लियन राखी योग्यता / अनुभव / आवश्यकताको आधारमा माथिल्लो पदमा अस्थायी नियुक्ति लिएका शिक्षक र स्थायी शिक्षक माथिल्लो पदमा अस्थायी बढुवा भई खाली हुन आएको पदमा नियुक्त भएका शिक्षकहरू भन्ने बेहोरा मिसिल संलग्न कागजातमा उल्लेख गरेको देखिने ।

नेपाल सरकारले कुनै पनि व्यक्तिलाई निजको स्थायी पदमाथिको पदाधिकार यथावत् कायम राखी माथिल्लो कुनै पदमा कार्य गर्न लगाएको अवस्थामा

माथिल्लै पदको सेवा सुविधा दिएको भन्ने मात्र आधारमा त्यस्तो पदमा निजको अधिकार सिर्जना हुँदैन। त्यस्तो व्यक्तिको अधिकार स्थायी पद अर्थात् लियन पदमा नै रहेको हुन्छ । रिट निवेदकहरू तल्लो स्थायी पद लियन राखी योग्यता / अनुभव / आवश्यकताको आधारमा माथिल्लो पदमा अस्थायी नियुक्ति लिएका शिक्षक र स्थायी शिक्षक माथिल्लो पदमा अस्थायी बढुवा भई खाली हुन आएको पदमा नियुक्त भएका शिक्षकहरू रहेको देखिँदा शिक्षक सेवा आयोगको मिति २०७३।१२।१९ को विज्ञापनको दफा २.३ को स्पष्टीकरण खण्डको अस्थायी शिक्षकको परिभाषा बदर गरिपाउँ भन्ने रिट निवेदकहरूको निवेदन मागसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा शिक्षक सेवा आयोगको मिति २०७३/१२/१९ को विज्ञापनको दफा २.३ को स्पष्टीकरण खण्डको अस्थायी शिक्षकको परिभाषा उत्प्रेषणको आदेशले बदर गर्न एवं लियन (राख्ने / बस्ने) अस्थायी शिक्षकलाई विज्ञापनको फर्म भर्न दिनु भनी परमादेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने ठहर्छ। रिट खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७४।१।२५ मा जारी गरेको अन्तरिम आदेशसमेत स्वतः निस्क्रिय हुने।

इजलास अधिकृत : तारादेवी महर्जन

इति संवत् २०७४ साल भाद्र २९ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०७३-WO-१२७८, उत्प्रेषण / परमादेश, *ओजेश भगत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दाको फैसलामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७३-WO-१२४०, उत्प्रेषण, भरतकुमार राया वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० को खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांश तेस्रो संशोधन मिति २०६०।१२।१६ मा प्रकाशित भएको देखिन्छ। सोही आधारमा उपखण्ड (१) प्रारम्भ हुँदाको बखत कम्तीमा १ वर्षसम्म अस्थायी शिक्षकको रूपमा काम गरेको व्यक्ति सो उपखण्ड प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनअन्तर्गतको परीक्षामा उम्मेदवार हुन पाउने देखियो । उक्त कानूनी व्यवस्था प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट मिति २०६९।९।२० मा नै विज्ञापन भएको देखिँदा मिति २०५७।१२।०१ मा अस्थायी शिक्षकको पदमा नियुक्ति लिइसकेका निवेदकका लागि हाल प्रकाशित विज्ञापनमा उक्त नियमको कानूनी व्यवस्थाबमोजिम निवेदकले सुविधा पाउन सक्ने देखिएन। यस अवस्थामा विपक्षीहरूबाट निवेदकको स्थायी दरबन्दीको लागि दरखास्त फारामसम्म स्वीकृत गरी बुझिलिन इन्कार गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने।

वस्तुतः शिक्षकको पद भनेको आफैँमा एउटा छुट्टै क्षमता, दक्षता र योग्यता हुनुपर्ने पद भएको भन्ने कुरामा विवाद हुन सक्दैन । यस्तो महत्त्वपूर्ण पदमा नियुक्त हुन चाहने उम्मेदवारको छनौटको सन्दर्भमा विद्यायिकाले कानूनी व्यवस्थाको माध्यमबाट विशेष सर्त तोक्न सक्ने नै हुँदा कानूनी व्यवस्थाको माध्यमबाट शिक्षक पदमा नियुक्त हुन चाहने व्यक्तिको सम्बन्धमा विशेष कुनै सर्त तोकिएको व्यवस्थालाई अन्यथा भन्न पनि मिल्दैन । शिक्षा ऐनले गरेको व्यवस्थाअनुसारको सम्पूर्ण योग्यता रिट निवेदकसँग हुँदाहुँदै विपक्षी निकायले निजको दरखास्त अस्वीकृत गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छैन । यसरी दाबीबमोजिम शिक्षक पदमा दरखास्त दिन कानूनद्वारा निर्धारित सर्त र मापदण्ड

रिट निवेदकसँग भएको भन्ने नदेखिएको अवस्थामा विपक्षीहरूबाट निवेदकको दरखास्त नलिने निर्णय र काम कारबाहीलाई न्यायिक रोहमा अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट शिक्षक सेवा आयोगद्वारा मिति २०७३।१२।१९ को गोरखापत्रमा प्रकाशित विज्ञापनबमोजिमको दरखास्त पेस गर्दा योग्यता तथा आधार नपुगेको कारण देखाई दरखास्त दर्ता गर्न इन्कार गरी भएको विपक्षीहरूको कार्यबाट रिट निवेदकको संविधान र कानून प्रदत्त अधिकारमा आघात परेको नदेखिएकाले निवेदकको रिट निवेदन मागदाबीबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असोज २ गते रोज २ शुभम्।

- यसमा ०७३-WO-१२४५, १२४६, १२८०, १३१७, उत्प्रेषण / परमादेश, *जमुना ओझा वि. शिक्षा मन्त्रालयसमेत, सुनीता खनाल वि. शिक्षा मन्त्रालयसमेत, उमेश सहनी वि. जिल्ला शिक्षा कार्यालय कलैयासमेत, परमानन्द भट्ट वि. जिल्ला शिक्षा कार्यालय डडेल्धुरासमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७३-WO-१२८२, उत्प्रेषण, विनिता राईसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षक सेवा आयोगबाट संशोधित कानूनी व्यवस्थाबमोजिम मिति २०६९।०९।२० मा नै पहिलो विज्ञापन प्रकाशन भई अस्थायी शिक्षकलाई स्थायी हुने मौका दिइसकेको देखिन्छ । यस्तो अवस्थामा शिक्षक सेवा आयोगबाट मिति २०६६।६।८ मा अस्थायी शिक्षकको नियुक्ति लिएका निवेदिका विनिता राई तथा मिति २०६८।३।१ मा नियुक्ति लिइसकेका निवेदक प्रकाशचन्द्र राईका लागि शिक्षा ऐन, २०२८ को दफा ११च. को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको व्यवस्था हाल प्रकाशित विज्ञापनमा आकर्षित हुन सक्ने देखिएन । यस अवस्थामा निवेदकहरू विनिता राई र प्रकाशचन्द्र राईको दरखास्त फाराम बुझाइसके तापनि १० महिने तालिम लिएको प्रमाणपत्र नभएको भनी प्रवेशपत्र दिन इन्कार गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने।

वस्तुतः शिक्षकको पद भनेको आफैँमा एउटा छुट्टै क्षमता, दक्षता र योग्यता हुनुपर्ने पद भएको भन्ने कुरामा विवाद हुन सक्दैन । यस्तो महत्त्वपूर्ण पदमा नियुक्त हुन चाहने उम्मेदवारको छनौटको सन्दर्भमा विद्यायिकाले कानूनी व्यवस्थाको माध्यमबाट विशेष सर्त तोक्न सक्ने नै हुन्छ। कानूनी व्यवस्थाको माध्यमबाट शिक्षक पदमा नियुक्त हुन चाहने व्यक्तिको सम्बन्धमा विशेष कुनै सर्त तोकिएको व्यवस्थालाई अन्यथा भन्न पनि मिल्दैन । शिक्षा ऐनले गरेको व्यवस्थाअनुसारको सम्पूर्ण योग्यता रिट निवेदकहरूसँग हुँदाहुँदै विपक्षी निकायले निजहरूको दरखास्तबमोजिमको प्रवेशपत्र दिन अस्वीकृत गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छैन । यसरी दाबीबमोजिम शिक्षक पदमा दरखास्त दिन कानूनद्वारा निर्धारित सर्त र मापदण्ड रिट निवेदकहरूसँग भएको भन्ने नदेखिएको अवस्थामा सो विज्ञापनसँग सम्बन्धित सूचनालगायतका काम कारबाहीलाई न्यायिक रोहमा अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट शिक्षक सेवा आयोगद्वारा मिति २०७३।१२।१९ को गोरखापत्रमा प्रकाशित सूचना गैरकानूनी हुँदा उक्त सूचनाको प्रकरण नं.३.१ को आधारमा निवेदकहरूका

दरखास्तबमोजिमको प्रवेशपत्र दिन इन्कार गरेको विपक्षीहरूको कार्यबाट रिट निवेदकहरूमध्येको विनिता राईको र प्रकाशचन्द्र राईको संविधान र कानून प्रदत्त अधिकारमा आघात परेको नदेखिएकाले निवेदकहरू विनिता राई र प्रकाशचन्द्र राईको रिट निवेदन मागदाबीबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

अब, निवेदिका सुनोमी चाम्लिङ राईका हकमा विचार गर्दा रिट निवेदनमा सुनोमी चाम्लिङ राई अपाङ्ग भएको व्यक्तिसमेत भएकोले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९(२) मा भएको व्यवस्थाविपरीत विपक्षीबाट १० महिने तालिम लिएको प्रमाणपत्र नभएको भनी प्रवेशपत्र दिन इन्कार गरेको भनी दाबी लिएको अवस्था छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९(२) मा "उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियमबमोजिम तालिम नलिएका महिला वा अपाङ्गता भएका व्यक्ति यो उपनियम प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र वा शिक्षक पदको लागि हुने पहिलो परीक्षामा उम्मेदवार हुनसक्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९(२) मा अपाङ्गता नवौं संशोधनद्वारा थप गरिएको देखिन्छ । निज जनता मा.वि. सल्लेमा मिति २०७०।१।२६ देखि प्रा.वि. तृतीय श्रेणीको लियन पदमा नियुक्ति भई सेवा प्रवेश गरेको उल्लेख भएको र ऐ. नियमावलीको नवौं संशोधन मिति २०७१।१०।२६ मा भएको हुँदा सो संशोधित कानूनी व्यवस्थापछि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. १०३/०७३ पहिलो विज्ञापन भएको देखिँदा १० महिने तालिम लिएको प्रमाणपत्र नभएको भनी जिल्ला शिक्षा कार्यालयबाट प्रवेशपत्र दिन इन्कारी गरेको कार्य कानूनसम्मत मान्न नसकिने।

अतः विवेचित आधार र कारणबाट रिट निवेदिका सुनोमी चाम्लिङ राईलाई शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९(२) मा भएको व्यवस्थाविपरीत शिक्षक सेवा आयोगबाट गोरखापत्रमा प्रकाशित विज्ञापन नं. १०३/०७३ मा दरखास्त बुझाएपछि दरखास्तबमोजिमको प्रवेशपत्र दिन जिल्ला शिक्षा कार्यालय खोटाङबाट इन्कारी गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। रिट निवेदिका सुनोमी राईलाई तालिम नलिएको भनी परीक्षामा सामेल हुनबाट वञ्चित नगराउनु, निवेदिकाको परीक्षा फारामबमोजिम प्रवेशपत्र दिई परीक्षामा सामेल गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असोज २ गते रोज २ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७३-CR-०८७०, भ्रष्टाचार, गोपाल धमला वि. नेपाल सरकार*

पुनरावेदकको जिकिरअनुरूप नै प्रतिवादीको इन्टरमिडियटको प्रमाणपत्रबाट अनुत्तीर्ण भनी लेखी आएको र सोही माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश इलाहावादबाट जारी भएको दिनाङ्क १६ मई २०१३ को पत्रमा निजले इन्टरमिडियट परीक्षा वर्ष १९८४ अनुक्रमाङ्क ५५८८२२ व्यक्तिगत परिक्षार्थीको रूपमा सम्मिलित भई पास गरेको भन्ने प्रतिवादीले बयानका क्रममा विशेष अदालतमा पेस गरेको पत्रको आधिकारिकताका सन्दर्भमा उक्त दुईमध्ये कुन पत्रको बेहोरा साँचो हो भनी पुनः उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमार्फत बुझिएको

पाइन्छ । यसरी बुझ्दा माध्यमिक शिक्षा परिषद् मुख्यालय इलाहावादमा संलग्न परीक्षार्थी श्री गोपाल धमला प्रमाणपत्रको प्रमाणीकरण गराउँदा निजले पेस गरेका प्रमाणपत्रहरूका सम्बन्धमा "५०० पूर्णाङ्कमा १२२ अङ्क प्राप्त गरी अनुत्तीर्ण भएको विवरण यसपूर्वसमेत पठाइएको" भनी उक्त बोर्डले पत्राङ्क ४३९/५१५ दिनाङ्क १२/१२/२०१३ बाट माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरलाई लेखी पठाएको पत्रबाट देखिएको स्थितिमा पुनरावेदकको पुनरावेदन जिकिर कानूनसङ्गत देखिन नआउने।

पाठ्यक्रम विकास केन्द्रले आफूसमक्ष पेस भएको प्रमाणपत्र हेरी नेपाली समकक्षतासम्म निर्धारण गर्ने र समकक्षता निर्धारणका लागि प्राप्त भएको प्रमाणपत्र सक्कली हो वा नक्कली भनी छुट्याउने निकाय नहुँदा सोतर्फको पुनरावेदकको जिकिरसमेत मनासिब देखिन आएन । सम्बन्धित बोर्डमा दुईदुई पटक प्रमाणीकरणका लागि पठाउँदासमेत अनुत्तीर्ण भन्ने बेहोरा उल्लेख भई आएबाट विवादित प्रमाणपत्र नक्कली भएको पुष्टि हुन गई पुनरावेदकको पुनरावेदन जिकिर तथा पुनरावेदकको तर्फबाट बहस गर्नु हुने विद्वान् अधिवक्ताको जिकिर खण्डित हुन जाने।

अतः उपर्युक्त आधार, कारणबाट प्रतिवादी गोपाल धमलाले नक्कली बेहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई निजलाई सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू.५००।– जरिवाना गर्ने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।५।१६ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७५ साल आषाढ १९ गते रोज ३ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-WO-०९०३, उत्प्रेषण, नरेन्द्रराज पौडेल वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारसमेत*

कर्मचारी समायोजन ऐन, २०७४ को दफा १० अनुसार कर्मचारीलाई समायोजन गर्ने प्रयोजनको लागि कर्मचारीको दरबन्दी सेवा, समूह सञ्चालन गर्ने निकायमा स्वत: पुल दरबन्दीमा कायम रहेको मानिने र ऐ.को दफा ११ अनुसार प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको व्यवस्था मिलाउन कर्मचारी समायोजन नभएसम्म नेपाल सरकारले हाल सम्बन्धित सेवा, समूह वा उपसमूहको कर्मचारीलाई कामकाज गर्न खटाउन सक्ने व्यवस्था रहेको।

नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७४।१२।२७ को निर्णयअनुसार यी निवेदक कार्यरत रहेको जिल्ला शिक्षा कार्यालय, कास्की खारेज भई जिल्ला प्रशासन कार्यालयअन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाइ गठन भएको र यी निवेदकको दरबन्दी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुल दरबन्दी कायम हुन गएकोमा तत्कालका लागि अर्को व्यवस्था नभएसम्मका लागि मात्र यी निवेदकलाई शिक्षा विकास तथा समन्वय इकाइ कास्कीमा अस्थायी रूपमा कामकाज गर्न खटाइएकोमा दरबन्दी समायोजन तथा पद मिलानका क्रममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५।०२।०९ को निर्णयअनुसार निजलाई शिक्षा विभाग भक्तपुरमा काजमा खटाइएको देखिने।

निवेदकको निवेदनमा प्राकृतिक न्यायको

सिद्धान्तविपरीत कार्य भएको, नभएको अधिकारको प्रयोग गरेको वा अधिकारको दुरूपयोग भएको, कार्यविधिको त्रुटि गरेको वा बर्खिलाप गरेको, कानूनको त्रुटि भएको, राज्यले संविधानद्वारा प्रदत्त नागरिकको मौलिक हकमा अनुचित बन्देज लगाउने गरी कार्य गरेको, क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, दूषित निर्णय भएको अवस्था देखाउन सकेको देखिँदैन । संविधान र कानूनबमोजिम कर्मचारी समायोजनका सिलसिलामा निवेदकलाई काज सरूवा गरेको र सो काज सरूवाअनुसारको कार्यसमेत सम्पन्न भई निवेदक तथा विपक्षीमध्येका नारायण सुवेदी आ-आफ्नो कार्य क्षेत्रमा कार्यरत रहेको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने ।

तसर्थ, विवेचित आधार, कारणसमेतका आधारमा जिल्ला शिक्षा कार्यालय खारेज भई जिल्ला प्रशासन कार्यालयअन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाइ गठन भएको र यी निवेदकको दरबन्दी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुल दरबन्दी कायम हुन गएकोमा तत्कालका लागि अर्को व्यवस्था नभएसम्मका लागि मात्र यी निवेदकलाई शिक्षा विकास तथा समन्वय इकाइ कास्कीमा अस्थायी रूपमा कामकाज गर्न खटाइएको, मिति २०७४|१२|२७ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट ४१ जिल्लामा उपसचिवस्तरको इकाइ प्रमुख र ३६ जिल्लामा शा.अ. स्तरको एकजना इकाइ प्रमुख रहने व्यवस्था गरेको, दरबन्दी समायोजन तथा पद मिलानका क्रममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५।०२।०९ को निर्णयअनुसार निवेदकलाई शिक्षा विभाग भक्तपुरमा काजमा खटाइएको, निवेदक सो काज सरूवाअनुसार रमाना लिई काज सरूवा भएको स्थानमा हाजिर भई कामकाज गरिरहेको र विपक्षीमध्येका नारायण सुवेदी मिति २०७५।०२।२१ देखि नै उक्त स्थानमा हाजिर भई कामकाज गरिरहेको भन्ने निवेदन तथा लिखित जवाफबाट देखिएको र निवेदक ५८ वर्ष पुगी अवकाश हुन चार महिना बीस दिन मात्र बाँकी रहेको हुँदा निवेदकलाई कानूनविपरीत सरूवा गरेको नभई काजमा सम्म खटाएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०६८-CR-०५६६, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. सजिना राई*

पीडित भनिएकी मीना राईकी आमा धनकुमारी राईले मिति २०६७।१।१२ मा गरिदिएको कागजमा निज ५/६ महिनादेखि प्रतिवादी तथा अन्य मानिसहरूको होटलमा बसी हिँडेकी हुन् । मेरो छोरीको दिमाग ठीक नभएको, कहिले होसका र कहिले बेहोसका कुरा गर्दै हिँड्छिन् । अलि उत्ताउली स्वभावकी छिन् । प्रतिवादी सजिना राईले सञ्चालन गरेको होटलमा मेरी छोरी निज पीडित मीना राईसमेतलाई अनैतिक यौनधन्धा गराउने गरेको आरोपमा पक्राउ गरी ल्याएको छ भन्ने कुरा पछि सुनी थाहा पाएको हुँ भनी आफ्नो बेहोरा लेखाई दिएको देखिने ।

प्रतिवादी सजिना राईले सञ्चालन गरेको होटलमा अनैतिक क्रियाकलाप गर्ने गराएको भन्ने सम्बन्धमा वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत स्पष्ट रूपमा उल्लेख गर्न सकेको नदेखिने ।

निज पीडित भनिएकी मीना राईले एकातिर आफ्नो बयान बेहोरा लेखाउँदा प्रतिवादीले आफूलाई कहिलेकाहीँ यौनधन्धाको लागि लाहानसमेत पठाउने

गरेको भनेकी छिन् भने अर्कोतिर प्रतिवादीले आफूलाई भाग्न उम्कन नदिएको भन्ने आरोप लगाएकी छिन् । यदि प्रतिवादीले निज मीना राईलाई भाग्न उम्कन नदिएको भए निज मीना राईलाई लाहान पठाउने क्रममा निजलाई भाग्न उम्कन को कसले दिएन भन्ने सन्दर्भमा निजले केही खुलाउन सकेको नदेखिने ।

निज पीडित भनिएकी जाहेरवाली मीना राईले अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो जाहेरी दरखास्तको बेहोरालाई पुष्टि गर्न सकेको पनि देखिँदैन । घटनास्थल मुचुल्काका मानिसहरूले पनि अभियोग दाबीबमोजिमको कार्य प्रतिवादी सजिना राईबाट गराएको भन्न नसकेको अवस्थामा प्रतिवादी सजिना राईलाई मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधमा शंकारहित र वस्तुनिष्ठ प्रमाणको अभावमा दोषी ठहर गर्न सक्ने अवस्था हुँदैन । त्यसर्थ मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १२(१)(ख) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र ऐ. ऐनको दफा १७(१) बमोजिम उक्त जरिवानाको ५० प्रतिशत रू.२५,०००।- (पच्चिस हजार) रकम क्षतिपूर्तिबापत प्रतिवादीबाट पीडितलाई भराइदिने ठहर गरी सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६७।७।१६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर गरी प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिन आउने ।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी निज प्रतिवादी सजिना राईले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।१२।१४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७५ साल श्रावण २१ गते रोज २ शुभम् ।

## ३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०६९-CR-१०८७, मोटरसाइकल चोरी तथा सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. माधवप्रसाद भुजेलसमेत*

प्रतिवादी माधवप्रसाद भुजेलले बरामद भएको सवारी चालक अनुमति पत्र आफूले बनाएको नभई आफ्नो फोटो रमेशकुमार कापरी भन्ने व्यक्तिले लगी सवारी दर्ता प्रमाणपत्रको फोटोकपी ल्याएर दिएका हुन्, सहीछापसमेत के कसरी बनाए थाहा भएन, बरामद भएको चालक अनुमति पत्र नक्कली रहेछ भनी हाल आएर मात्र थाहा भयो भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान अधिकारी र अदालतमा बयान गरेको देखिन्छ । यसरी सवारी अनुमति पत्र बनाइदिने भनिएका रमेशकुमार कापरीउपर अनुसन्धान भएको र मुद्दा चलेको अवस्था छैन । वस्तुनिष्ठ प्रमाणको अभावमा बरामद भएको सवारी चालक अनुमति पत्र यी प्रतिवादी माधवप्रसाद भुजेलले नै बनाएको भनी अनुमान गर्न मिल्ने देखिँदैन । निज प्रतिवादीको बयान बेहोरासमेतबाट चालक अनुमति पत्र बनाउनका लागि आफ्नो फोटो र रकमसमेत अनधिकृत व्यक्तिलाई दिई नक्कली अनुमति पत्र बनाउन लगाएको कुरा पुष्टि भएको छ । जाहेरवालाले पनि निजले मोटरसाइकल चढेको अवस्थामा देखेको भन्ने छैन । मोटरसाइकल सडकमा बेवारिसे अवस्थामा फालिएको अवस्थामा फेला परेको छ । निज प्रतिवादी माधवप्रसाद भुजेल सवारी चालक अनुमति पत्र बनाउने कार्यमा मतलबमा पसेको भनी निजलाई मतियारमा सजाय भएकै छ र सोउपर निजको पुनरावेदन पनि छैन । बरामद भएको

मोटरसाइकल आफूले रकम तिरी चढेको र उक्त सवारी चालक अनुमति पत्र बनाउने व्यक्ति रमेशकुमार कापरी हुन् भनी यी प्रतिवादीले पोल गरेको अवस्था छ । रमेशकुमार कापरीउपर अनुसन्धान भई मुद्दा चलेको भए एक अवस्था हुन्थ्यो तर सो हुन सकेको छैन । यस्तो अवस्थामा सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी माधव भुजेलले किर्ते कागजको ११ नं. अन्तर्गतको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीलाई किर्ते कागजको ११ नं. अनुसार किर्ते कागजको ९ नं. र १२ नं. बमोजिम हुने सजायको आधी रू.२५।– जरिवाना र ६ महिना कैद हुने ठहर्ने, प्रतिवादीहरूले सवारी दर्ता प्रमाणपत्र किर्ते गरेको र बरामद भएको मोटरसाइकल चोरी गरेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको नदेखिएको हुँदा प्रतिवादीहरूलाई चोरीको १२ नं. र किर्ते कागजको ९ र १२ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसम्म वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने र प्रतिवादी पूर्णबहादुर लुङ्गेली मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : गोपी विश्वकर्मा

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७५ साल श्रावण २१ गते रोज २ शुभम् ।

**४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-००३१, उत्प्रेषण, *कपिलदेव ठाकुर वि. श्री पुनरावेदन अदालत जनकपुरसमेत*

निवेदक वादी कपिलदेव ठाकुर र सियाराम ठाकुर बडही प्रतिवादी भएको लिखत दर्ता बदर दर्ता मुद्दामा यी निवेदकले अंशबन्डा प्रयोजनको लागि कि.नं. ५४९ मध्ये उत्तरबाट, कि.नं. २०९ मध्ये पश्चिमबाट, कि.नं.५२४ मध्ये दक्षिणबाट, कि.नं. ५२२ मध्ये दक्षिणबाट र कि.नं.५२६ मध्ये दक्षिणबाट ३ खण्डको १ खण्ड मेरो अंश हकजति राजीनामा रजिस्ट्रेसन बदर गरी मेरो नाउँमा दर्तासमेत गरिपाउँ भनी फिराद गरेको र सुरू जिल्ला अदालतबाट फैसला हुँदा वादी दाबीबमोजिम ३ खण्डको १ खण्ड वादीको हकसम्म बदर भई वादीको नाममा दर्ता कायम हुने ठहरी फैसला भएको देखियो । उक्त फैसला अन्तिम भएर रहेकोसमेत देखिने ।

निवेदकले फैसला कार्यान्वयनको लागि तहसिल शाखामा निवेदन दिएको र स्रेस्तेदारबाट दा.खा. पुर्जीका लागि मिति २०७२/३/१५ मा आदेश भएको देखियो । सो आदेश विरूद्ध सियाराम ठाकुर बडहीले महोत्तरी जिल्ला अदालतमा १७ नं. को निवेदन दिएकोमा स्रेस्तेदारबाट भएको उक्त आदेश र सोबमोजिमको दा.खा. पुर्जी सदर हुने ठहरी सुरू जिल्ला अदालतबाट आदेश भएको र उक्त आदेश विरूद्ध प्रतिवादी सियाराम ठाकुर बडहीले पुनरावेदन अदालत जनकपुरमा १७ नं. को निवेदन दिएको र सो निवेदनमा पुनरावेदन अदालतबाट कुनै पनि जग्गामा सबै हकवालाहरूको समान हक रहने र त्यस्तो जग्गाको भाग छुट्याउँदा मूल्य र भोग मूल्याङ्कनसमेतलाई विचार गरी नरम गरम मिलाई छुट्याइदिनु न्यायोचित हुने हुँदा स्रेस्तेदारबाट भएको आदेश र सोबमोजिम दा.खा. पुर्जी बदर गरिदिएको छ । अब न्यायिक रूपबाट नरमगरम मिल्ने गरी मूल्य र भोगको प्रयोजनसमेतलाई विचार गरी फैसला कार्यान्वयनतर्फ कारबाही गर्नु होला भनी आदेश भएको देखिने ।

विपक्षी सियाराम ठाकुर बडहीले लिखत दर्ता बदर दर्ता मुद्दामा प्रतिउत्तर फिराउँदा वादीले तर्फ छुट्टाई फिराद दिएकोतर्फ कैफियत रहेको भनी सप्रमाण उल्लेख गर्न सकेको देखिँदैन। निजले जिल्ला अदालतमा स्रेस्तेदारको आदेश र सोबमोजिको चलन पुर्जी विरूद्ध निवेदन दिँदा विवादित जग्गामा यो यसरी कित्ताकाट गर्नु पर्ने भनी उल्लेख गरी खुलाई लेखाउन सकेको देखिँदैन । विपक्षीले लिखत दर्ता बदर दर्ता मुद्दाको फिरादमा दाबी गरेको जग्गामा दाबी गरेजस्तो बाटो भएको वा जग्गाको मूल्याङ्कन उच्च रहेको भनी प्रमाणसाथ खुलाएकोसमेत देखिएन । सुरू जिल्ला अदालतको फैसलामा किटानीसाथ वादी दाबीबमोजिम लिखत बदर हुने ठहरी फैसला भएकोसमेत देखिने।

पुनरावेदन अदालत जनकपुरबाट आदेश हुँदा सुरू अदालतबाट फैसला भई अन्तिम भइरहेको फैसला फरक पर्ने गरी पुनरावेदनको रोहबाट फैसला भएसरह आदेश भएको देखिन्छ। पुनरावेदन अदालत जनकपुरले सुरू अदालतको फैसलामा उल्लिखित वादी दाबीबमोजिम भन्ने वाक्यांशको विपरीत हुने गरी स्रेस्तेदारबाट भएको आदेश, सोबमोजिम भएको दा.खा. पुर्जी र सोलाई सदर गर्ने गरी सुरू अदालतबाट भएको आदेश बदर गरिदिएको देखिएबाट पुनरावेदन अदालत जनकपुरको आदेश अ.बं. १७ नं. को भावना र मर्मविपरीत भएको देखिनसमेत आउने।

तसर्थ, विवेचित आधार कारणबाट पुनरावेदन अदालत जनकपुरको मिति २०७३/३/१७ को आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब मिति २०७२/४/२२ को जिल्ला अदालतको आदेश कायम गरी मिति २०७२/३/१५ मा महोत्तरी जिल्ला अदालतले दिएको चलन पुर्जीको आधारमा दा.खा. गर्नु गराउनु भनी महोत्तरी जिल्ला अदालत र मालपोत कार्यालय महोत्तरीको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल आषाढ १३ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७१-WO-०४८१, उत्प्रेषण/परमादेश, रामप्रसाद गुरागाई वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

समानताको सिद्धान्त समानहरूको बिचमा मात्र लागु हुने र असमानहरूको बिचमा समानता कायम हुन नसक्ने हुन्छ। फेरि अविभेद भनेको विभेद रोक्नु मात्र हो र अविभेदको सिद्धान्त समान अवस्थामा रहेका समान व्यक्तिहरूबिच लागु हुन्छ । प्रशासकीय पदबाट राजीनामा दिई तत्कालीन नियमअनुसार उपदान वा निवृत्तिभरणमध्ये उपदानको विकल्प रोजिसकेपछि निवृत्तिभरण लिइरहेको व्यक्तिसँग समान व्यवहार नगरेकोलाई विभेद वा असमान व्यवहार मान्न नसकिने।

निवेदकले निवेदनमा उल्लेख गरेका प्रा. डा. कैलासनाथ प्याकुरेल र रोशना अमात्य त्रि. वि. सेवाबाहेक अन्यत्र सरकारी सेवाबाट त्रि.वि. सेवामा आएका र अन्य शम्भु पौडेल र प्रा.डा.शम्भु खनालले त्रि.वि. को प्रशासनिक सेवाबाट प्रध्यापन सेवामा आउँदा उपदान बुझेको भन्ने नदेखिएको हुँदा उल्लिखित व्यक्तिहरू र निवेदकका बिचमा असमान व्यवहार गरेको भनी लिएको जिकिरबमोजिम त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ५२(४) र नियम ६२ को अवस्थाबाट निवेदकउपर असमान व्यवहार भएको नदेखिएको र रिट निवेदकले यो नियम लागु भएको १६ वर्षसम्म चुप लागी उपदानबापत लिएको रकम फिर्ता गर्नेतर्फ कदम

चालेको नदेखिएको हुँदा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कारबाही अन्तिम भएको अवस्थामा कानूनी त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि भएकोमा बाहेक यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी दर्ता हुन आएको प्रस्तुत निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार, कारण र उल्लिखित कानूनी सिद्धान्त नजिरसमेतबाट निवेदकउपर संविधान प्रदत्त समानताको हकबमोजिम असमान व्यवहार गरेको नदेखिएको अवस्थामा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कारबाही अन्तिम भएको अवस्थामा कानूनी त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि भएकोमा बाहेक यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी दर्ता हुन आएको प्रस्तुत निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७५ साल श्रावण २९ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७१-WO-०७६९, उत्प्रेषण, राधाकान्त झा वि. श्री पुनरावेदन अदालत राजविराजसमेत*

निवेदक वादी राधाकान्त झा र विपक्षी कृष्णकान्त झासमेत भएको २५६३ नं. को मुद्दा मिति २०४८।८।२४ मा सप्तरी जिल्ला अदालतमा दर्ता भएको मिसिलबाट देखियो । सो मुद्दामा वादी राधाकान्त झाले फिराद गर्दा मूल पुर्खा रघुनाथ झाको २ छोरामा जेठा विद्यानाथ झा र कान्छा नित्यनन्द झा हुन्। प्रतिवादी मोती देवी मेरी आमा र कृष्णनन्द झा र कमलकान्त झा मेरा दाजु हुन्। हामीहरू मिति २०३६।१।५ देखि मानो चुलो अलग अलग गरी बसी आएका र मैले अंश बन्डा छुट्याई दिन माग गर्दा इन्कार गरेकोले तायदाती फाँटवारी लिई ४ भागको १ भाग छुट्याई पाउँ भनी उल्लेख गरेको देखिन्छ। निज वादीले तारेख गुजारी बसेकोले सो मुद्दा मिति २०४९।२।३० मा तामेलीमा गएको देखिन्छ । सो मुद्दामा निवेदकले तामेलीबाट जगाई पाउँ भनी मिति २०६८।३।१९ मा निवेदन दिएको र सुरू जिल्ला अदालत सप्तरीबाट मिति २०६८।३।२२ मा तामेलीबाट जगाउने गरी आदेश भएको देखिने।

सो आदेशबमोजिम सुरू जिल्ला अदालतबाट मुद्दा दर्ता भएको मिति २०४८।८।२४ को अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी तायदाती फाँटवारी माग गरेको देखिन्छ । सो आदेश विरूद्ध विपक्षी कृष्णकान्त झाले पुनरावेदन अदालत राजविराजमा बेरितको आदेश बदर गरिपाउँ भनी अ.बं. १७ नं. को निवेदन मिति २०७१।१०।२६ मा दिएकोमा पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।२८ मा जिल्ला अदालत सप्तरीको मिति २०७१।१०।१८ को आदेशलाई बदर गरी मिति २०६८।३।२२ मा तामेलीबाट जगाई मुद्दा दायर भएको देखिँदा सोही मितिलाई मानो छुट्टिएको मिति कायम गर्नु भनी आदेश भएको देखिने।

अंश मुद्दामा मानो छुट्टिएको मिति कायम गर्दा सोबाट अंशियारको अंशमा फरक पर्न सक्ने हुन्छ । मानो छुट्टिएको मिति कायम गर्नु सारवान विषय भएको र यसको परिवर्तनले अंशियारको अंशभागमा प्रत्यक्ष असर पर्न सक्ने हुन्छ। माथिल्लो निकायले अ.बं. १७ नं. को रोहमा आदेश गर्दा मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भई कानूनको गम्भीर उल्लङ्घन भएको अवस्थामा मात्र तल्लो अदालतको आदेशलाई बदर गर्न सक्ने गरी आदेश गर्न सक्ने हुन्छ । सो अवस्थामा बाहेक तल्लो अदालत वा निकायको आदेश परिवर्तन हुने गरी आदेश गर्नु हुँदैन । अ.बं. १७ नं. बमोजिम परेको निवेदनमा पुनरावेदन सुन्ने अदालतले

मातहत अदालतको विचाराधीन मुद्दामा प्रत्यक्ष असर पर्ने गरी मुद्दाको तथ्यभित्र प्रवेश गरी उक्त अदालतबाट भएको आदेश सदर वा बदर गर्ने गरी आदेश गर्न मिल्दैन । तल्लो अदालतले न्यायिक मनको प्रयोग गरी गरेको आदेशलाई परिवर्तन गर्दा सो आदेशबाट फैसलामा पर्ने प्रभावलाई पर्याप्त ध्यान दिनुपर्ने ।

प्रस्तुत रिट निवेदनमा निवेदकले सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०४८।८।२३ लाई मानो छुट्टिएको मिति कायम गरेको अवस्थामा पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।३।२२ लाई मानो छुट्टिएको मिति कायम गरेबाट मेरो अंशसम्बन्धी हक अधिकारमा प्रभाव पर्न जाने भनी जिकिर लिएको देखिएको छ । यसरी मानो छुट्टिएको मिति फरक पारी पुनरावेदन अदालतले आदेश गर्दा तल्लो तहको अदालतले गर्ने फैसलामा नै फरक पर्ने स्थिति हुन्छ । मुद्दाको फैसलालाई नै फरक पर्न जाने देखिएको अवस्थामा अ.बं.१७ नं. को रोहमा तल्लो अदालतको आदेश बदर गर्ने गरी आदेश गर्नु त्रुटिपूर्ण हुन जाने ।

तसर्थ, अंश मुद्दामा सप्तरी जिल्ला अदालतबाट फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्ने गरी भएको आदेशलाई बदर गरी तामेलीबाट जागेको मिति २०६८।३।२२ लाई मानो छुट्टिएको मिति कायम गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।२८ को आदेश बेरितको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७०-CI-०१००, लिलामी मुचुल्का तथा तामेली पर्चा बदर, विजराज महतो चाईसमेत वि. धन्मन्ती देवीसमेत*

वादी विजराज महतो र प्रतिवादी गोदावरी भन्ने इन्दुदेवीसमेत भएको उक्त मुद्दामा प्रतिवादीहरूको पिता / ससुराले वादी विजराज महतोसँग मिति २०५४।८।२ मा रू.२०,०००।– मथुरा साह रौनियारले कर्जा लिई गरिदिएको कपाली तमसुकबमोजिमको साँवा ब्याज भराई पाउन दाबी लिएको देखिन्छ । सो मुद्दामा प्रतिवादीहरूको कुनै प्रतिउत्तर नपरी वादी दाबीबमोजिम वादीले प्रतिवादीहरूबाट साँवा ब्याज भराई लिन पाउने ठहरी पर्सा जिल्ला अदालतबाट मिति २०६२।११।२५ मा फैसला भएको देखिन्छ । सोही फैसलाबमोजिम बिगो भरी पाउन प्रस्तुत मुद्दाका प्रतिवादी विजराजले २०६३ सालको बिगो दा.नं. ५६१ दरखास्त दिँदा प्रस्तुत मुद्दाका वादीहरूको हकभोग रहेको स्व. मथुरा साह रौनियारको नाममा सर्भे नापनक्सा भएको साबिक कि.नं.५१ को ज.वि. ०-१-५ मध्येको पूर्वतर्फको ज.वि. ०-०-१९ को जग्गा दाबी लिएको र सोही जग्गाको पञ्चकृते मूल्याङ्कनसमेतको कार्यविधि पूरा भई मिति २०६४।३।११ मा लिलाम मुचुल्का भई उक्त जग्गा प्रतिवादीमध्येको भुनेश्वरप्रसाद चौहानले लिलाम सकार गरेको अवस्था देखिन्छ । मिति २०६४।३।११ को लिलामी र मिति २०६४।३।३२ मा भएको तामेली आदेश बदर गरी पाउन वादीहरूले प्रस्तुत मुद्दा दायर गरेको देखिने ।

मिति २०२८।१।१२ मा घरसारको फार्छे राजीनामा लिखतलाई स्व. मथुरा साहका हकवालाले किर्ते भनी मुद्दा दर्ता गरेपनि डिसमिस गराई बसेको देखिन्छ । वस्तुतः सो २०२८ सालमा वादीले प्राप्त गरेको हकको स्रोतलाई अन्यथा भन्न मिल्ने देखिएन । सोही हकको स्रोत देखाई विपक्षी वादीले सो विवादित कि.नं. ५१ मध्येको जग्गा नापीमा दर्ता गराइसकेको पनि देखिन्छ । यसप्रकार वादीको नाउँमा दर्ता भइसकेको

जग्गा निजहरूलाई बुझ्दै नबुझी लेनदेन मुद्दाको बिगो भराई दिने भनी लिलाम कार्य भएको देखियो । स्व. मथुरा साहका हकवालाले २०२८ सालको लिखतलाई किर्ते कायम गर्न नसकेपछि प्रस्तुत लेनदेन मुद्दा दर्ता गरी एकतर्फी रूपमा फैसला गरी वादीको हक दर्ताको जग्गा निजलाई सूचना जानकारी नदिई सुनुवाइको अवसरबाट वञ्चित गरी लिलाम गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्यएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६६।९।७ को फैसला उल्टी गरी वादी दाबीबमोजिम मिति २०६४।३।११ को लिलामी मुचुल्का तथा मिति २०६४।३।२२ को तामेली पर्चासमेत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** *०६७-CI-०९५१, फैसलाबमोजिम दा.खा., रामबालक प्रसाद चौहानसमेत वि. ढोडा महतोसमेत*

हरिहर महतो चाई वादी चनरदेव महतो चाईसमेत प्रतिवादी भएको पर्सा जिल्ला अदालतमा दे.नं. १३७५ को अंश मुद्दा चली मिति २०३५/११/१७ मा मिलापत्र हुँदा साबिक कि.नं. ५२ मध्ये पूर्वतर्फबाट स्व.देवराज महतोको नाउँ दर्ताको जग्गा वादीका पिता हरिहर महतो चाईले १-१-७१/२ जग्गा र विपक्षीतर्फबाट अंशियारले बाँकी १-०-७१/२ जग्गा प्राप्त गरेको देखिन्छ । साबिक कित्ता नं. ५२ को जग्गा नहरमा परेको र सो कि.नं. ५२ को ज.वि. २-१-१५ जग्गामध्ये कि.का. भई कि.नं. १५४ को ०-६-१२ जग्गा नहरमा परेको देखिन्छ । कि.नं. १७७ को ०-३-० जग्गा, कि.नं. १७८ को ०-९-२ जग्गा रहेको देखिन्छ । यी वादी प्रतिवादीहरूबिच मिति २०३५/११/१७ मा मिलापत्र हुनुपूर्व नै साबिक कि.नं. ५२ नहरमा परेको र कि.का. भई स्रेस्तामा जनिन बाँकी भएको कारणबाट कि.नं. ५२ को ज.वि. २-१-१५ जग्गा सबै अंश मुद्दामा देखाई भागबन्डा लगाएकोमा दुवै पक्षको मुख मिलेकै देखिन्छ । यसरी साबिक कि.नं. ५२ नहरमा परेबाट कि.का. भई कि.नं. १५४ को ज.वि. ०-६-१२ जग्गा नहरमा परेपश्चात् सोमा बाँकी जग्गा १-१५-३ रहेबाट सोमध्येमा नै मिलापत्रबमोजिम यी पुनरावेदक प्रतिवादीहरू र प्रत्यर्थी वादीहरूले जग्गा बाँडी लिन पाउने ।

अब वादी र प्रतिवादीहरूले सो साबिक कि.नं. ५२ मध्ये कि.का. भई कायम हुन आएको कित्ताहरूबाट के कति जग्गा आ-आफ्नो नाउँमा दर्ता गराई लिएका छन् भन्नेतर्फ हेर्दा वादीले आफ्नो अंश भागमा परेको कि.नं. २१० को ०-१७-१११/२ जग्गा आफ्नो नाममा दर्ता गराएको देखिन्छ । सोमध्ये कि.नं. २११ को ०-५-९१/२ जग्गा साबिक देवराज महतोको नाममा नै यथावत् कायम भएको देखिन्छ । प्रतिवादीहरूले पनि कि.नं. १७७ को ०-३-० र कि.नं. १७८ को ०-९-२ जग्गा आफूहरूको नाउँमा नामसारी गराएको देखिन्छ । यसरी वादी प्रतिवादीका पिताका बिचमा मिति २०३५/११/१७ मा भएको मिलापत्रबाट वादीको पिता हरिहर महतो चाईले कि.नं. ५२ को २-१-१५ बाट कित्ताकाट भई क्षेत्रफल १-१-७१/२ जग्गा प्राप्त गरेको देखिन्छ । प्रतिवादीको पिता देवराज महतो चाईले क्षेत्रफल १-०-७१/२ जग्गा प्राप्त गरेको देखियो । सो मिलापत्रबाट वादीका पिता हरिहर महतो चाईले विपक्षीको भन्दा ०-१-० जग्गा बढी प्राप्त गरेको देखिन्छ । अदालतबाट भएको मिलापत्रबाट वादीका

पिताले साबिक कि.नं. ५२ को जग्गामध्येबाट १ कट्ठा जग्गा बढी अंश प्राप्त गरेकोमा सो साबिकको कित्ताबाट कित्ताकाट भई आएका कित्ताहरूमध्येबाट नहरमा परेको भाग कटाई वादी र प्रतिवादीले क्षेत्रफल ०-१७-११½ बराबर दर्ता गरेको देखियो। जुन मिलापत्रको भावनाअनुसार देखिन आउँदैन। अतः साबिक कि.नं. ५२ को जग्गा नहरमा परेको भाग कटाई बाँकी रहन आएको क्षेत्रफलबाट १ कट्ठा जग्गा वादीको हक बढी रहन जाने नै हुने।

अतः माथि विवेचित आधार कारणबाट मिलापत्रबाटै १ कट्ठा जग्गा हरिहर महतो चाईले बढी प्राप्त गरेको सन्दर्भमा कि.नं. २११ मा उत्तरतर्फबाट ०-१-० जग्गा मात्र कि.का. गरी वादी ढोडा महतो चाई र लक्ष्मी महतो चाईका नाउँमा संयुक्त दा.खा. दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-WO-०८२८, उत्प्रेषण, *श्रीनगर मल्टी इन्टरप्राइजेजको प्रोप्राइटर जयन्त भुषाल वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत*

करार ऐन, २०५६ को दफा ५६ ले व्यक्तिगत दक्षतासँग सम्बन्धित विषयबाहेक अन्य विषयमा प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था गरेको छ। प्रतिनिधिमार्फत भए गरेको करार वा प्रतिनिधिबाट भए गरेको काम कारबाहीबाट उत्पन्न दायित्व मुख्य व्यक्तिले गरेको करार वा कार्यसरह मानी कार्यान्वयन हुने व्यवस्था करार ऐन, २०५६ को दफा ५७ ले गरेको छ। तर कुनै कारणवश बोलपत्रदाता कम्पनीबाट कुनै कैफियत भएमा निजको स्थानीय प्रतिनिधिले आफ्नो अधिकार बाहिर गई गरेको अवस्थामा बाहेक कालोसूचीमा राख्ने कार्यलाई कानूनसङ्गत भन्न सकिने देखिँदैन। यस अवस्थामा निवेदकले प्रीशा इन्टरनेसनलको प्रतिनिधिको हैसियतले गरेको कार्यलाई निवेदक स्वयम्ले गरेको भनी निवेदकलाई कालोसूचीमा राखेको कानूनसङ्गत नदेखिने।

सशस्त्र प्रहरी बल प्रधान कार्यालयको प.सं. ०६८/६९, च.नं. १८२ को मिति २०६८/५/९ को कालोसूचीमा राखिदिने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंलाई लेखेको पत्रमा आपूर्तिकर्ताबाट द्विपक्षीय सम्झौतामा उल्लेख भएको सर्तविपरीतको कार्य भएको हुँदा यस कार्यालयको मिति २०६८/२/१२ गतेको निर्णयले ३० अप्रिल, २०१० मा Srinagar Multi Enterprises, Kathmandu सँग सम्पन्न द्विपक्षीय सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा २(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२८ मा उल्लेख भएअनुसार भङ्ग गर्ने निर्णय गरी मिति २०६८/२/१३ गतेको पत्रसाथ सम्बन्धित आपूर्तिकर्तालाई लिखित जानकारीसमेत गराइसकिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ दफा ६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ मा व्यवस्था भएअनुसार Srinagar Multi Enterprises, Kathmandu लाई कालोसूचीमा राखिदिनु भनी पत्राचार भएको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागि खरिद सम्झौताको अन्त्य गर्न सक्ने छ भनी स्पष्ट रूपमा उल्लेख गरेको पाइने।

सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०६८/५/९ को पत्रमा सार्वजनिक खरिद अनुगमन

कार्यालयलाई पत्र लेख्दा दफा ५९(२)(क) बमोजिम सम्झौता रद्द गरिएको भनिएको छ तर निवेदकलाई दिइएको प.सं. २०६७/०६८ च.नं. ११३२ मिति २०६८/२/१३ को पत्रमा मिति २०६८/२/१२ को निर्णयअनुसार भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) बमोजिम सम्झौता अन्त्य गरिएको जानकारी गराइएको छ भनिएबाट करार रद्द गर्ने तथा कालोसूचीमा राख्ने कार्य फरकफरक दफाबमोजिम भएको हुँदा उक्त पत्रमा उल्लिखित दफा एक आपसमा विरोधाभाष रहेको देखियो । उक्त दफा ५९(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्ने व्यवस्था भएबाट यो दफाका आधारमा कालोसूचीमा राख्ने पूर्वावस्था पुग्ने नदेखिने।

करार सम्झौताको परिपालनामा जसरी भए पनि यी निवेदकलाई सामान आपूर्ति गर्नबाट वञ्चित गर्ने प्रयत्न भएको भन्ने अत्यन्त गम्भीर आरोपसमेत लगाइएको भए पनि तत्सम्बन्धमा विपक्षीहरूबाट स्पष्टरूपमा खण्डन गरिएको पनि देखिँदैन । यस प्रकृतिको कार्य भए गरेको हो भने त्यसले खरिद प्रणालीमा अनियमितता भई कसैको वा समूह विशेषको एकाधिकार कायम गर्ने प्रयत्न भएको अनुमान गर्नुपर्ने अवस्था पर्छ । त्यस्तो कुनै पूर्वाग्रह राखी नियोजित रूपमा बोलपत्र आह्वान गर्ने र आफूले रोजेकाले बोलपत्रबमोजिम सम्झौता गर्न नपाएमा आपूर्ति रोक्ने, रद्द गराउने जस्ता कार्य भएमा त्यस्तो कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न हुने राष्ट्रसेवकलगायतलाई आफ्नो सेवा सर्त तथा प्रचलित कानूनबमोजिम कारबाहीको दायरामा ल्याउनु पर्नेतर्फ सम्बन्धित निकायहरू सदैव सचेत हुनु आवश्यक हुन्छ । प्रस्तुत विवादमा उपर्युक्तबमोजिम कारबाही तथा निर्णय गर्दा कसैलाई उन्मुक्ति दिने र कसैप्रति लक्षित कारबाही गर्ने पूर्वाग्रह थिएन भनी किटान गर्न सक्ने अवस्था देखिँदैन । उपर्युक्तबमोजिमको पत्राचार तथा निर्णयको कानूनी आधार फरकफरक देखिएबाट सो पुष्टिसमेत हुन आउने।

अतः माथि विवेचित आधार, कारणबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) बमोजिम सम्झौता अन्त्य गरेको पत्राचार भएको अवस्थामा रिट निवेदकलाई कालोसूचीमा राख्ने निर्णय कानूनसम्मत नहुँदा मिति २०६८/११/१२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल पौष २४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-१०३८, अंश चलन, सौगात के.सी. समेत वि. राजु के.सी.

वादी र प्रतिवादी एकासगोलका बाबु छोराको नाताको भई अंश प्राप्त गरी नसकेको अवस्थामा के कुन सम्पत्तिबाट अंश प्राप्त गर्ने हो भन्ने सम्बन्धमा हेर्दा प्रतिवादी राजु के.सी. ले आफ्नो बाबु बलबहादुर खत्रीबाट र.नं. १४९०६ख मिति २०६६।२।२४ मा कि.नं. ५०२ क्षे.फ.०-१५-३-० र कि.नं. ३७१ बाट ०-१३-०-१ अंश भरपाई गरी अंश लिएको देखिन्छ । प्रतिवादी राजु के.सी. को नाउँमा कि.नं. ८९३ क्षे.फ.१-४-२-० जग्गासमेत देखिन्छ । वादीहरूले फिराद गर्ने समयसम्म प्रतिवादी राजु के.सी. र निजैका बाबु बलबहादुर खत्रीको संयुक्त नाममा रहेका कि.नं. ८९० क्षे.फ. ०-२-२-० र कि.नं. ८९२ क्षे.फ.०-३-२-० जग्गाहरूबाहेक अरू सबै जग्गाहरूको विभिन्न मितिमा विभिन्न व्यक्तिहरूलाई बिक्री भई हक हस्तान्तरण भएको देखिने।

उपर्युक्त तथ्य रहेको अवस्थामा वादीहरूले

पेस गरेको तायदाती फाँटवारीबमोजिम प्रतिवादी राजु के.सी. र निजैको बाबु बलबहादुरको संयुक्त नाउँमा रहेको सम्पत्तिलाई २ भाग लगाई सोको १ भागलाई ४ भाग लगाई सोको २ भाग यी वादीहरूले अंश प्राप्त गर्ने गरी भएको सुरू फैसला पुनरावेदन अदालतले सदर गरेको पाइयो । वादीहरू फिराद गर्दाको अवस्थामा अविवाहित रहेको तथ्यमा कुनै विवाद रहेको छैन । सो सम्बन्धमा अंशबन्डाको १७ नं. को कानूनी व्यवस्थाबमोजिम अंशबन्डा गर्नुअघि सर्वप्रथम अविवाहित अंशियारहरूको विवाह खर्च पर सारी बाँकी रहेको सम्पत्तिबाट अंशबन्डा गर्नुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा सुरू अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालतले अविवाहितहरूको अंश भाग पर सार्न लगाई बाँकी सम्पत्तिबाट अंशबन्डा गर्न लगाएको पाइएन । यस अवस्थामा अविवाहित अंशियारहरूको विवाह खर्च पर नसारी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलामा अंशबन्डाको १७ नं. को त्रुटि हुने गरी फैसला भएको देखिन आउने ।

तसर्थ, उल्लिखित आधार, कारण तथा कानूनी व्यवस्थाको रोहमा अंशबन्डाको १७ नं. बमोजिम विवाह खर्चतर्फ उल्लेख नगरेको हदसम्म पुनरावेदन अदालत पाटनको फैसला केही उल्टी भई पेस भएको तायदातीमा उल्लिखित कि.नं. ८९० र ८९२ का जग्गाको २ भागमध्ये १ भागबाट विवाह नभएका अंशियारहरूको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट वादीहरूले ४ भागको २ भाग अंश प्राप्त गर्ने गरी फैसला गर्नुपर्नेमा सो हदसम्म नभएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।१०।१३ को फैसला नमिली केही उल्टी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको ०७२-CI-१०३९, ०७२-CR-१११६, लिखत दर्ता बदर, *सौगात के.सी. समेत वि. सुरेन्द्र ताम्राकारसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-०४१४, अंश चलन, *धुनीराज राई वि. ऐ.ऐ. बस्ने वर्ष ५६ को रणबहादुर राईसमेत*

पञ्चकुमारी राईका नाउँमा रहेका जिल्ला सुनसरी, तत्कालीन घोपा गाउँ पञ्चायत वडा नं. ३ कि.नं ७३४, काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. ३४९, कि.नं. ३७२ का जग्गाहरू र प्रतिवादी रणबहादुर राईको नाउँमा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.८ कि.नं. ३९८ को जग्गाहरू निजहरूको निजी आर्जनको भएको पुष्टि हुँदा सो सम्पत्ति निजी ठहरी बन्डा नलाग्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६/१०/४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको ०७०-CI-०४१७, लिखत बदर, *धुनीराज राई वि. रणबहादुर राईसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७६-RC-०००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिर्थबहादुर गुरूङ*

साधकको रोहबाट हेर्दा, मिति २०७०।९।४ गते राति मेरो बुहारी मिना शाह गुरूङले मादक पदार्थ सेवन गरी आएकी र छोरा तिर्थबहादुर गुरूङसँग झगडा गर्दा सम्झाई बुझाई गरी म आफ्नो कोठातर्फ

गएकोमा भोलिपल्ट बुहारीको शरीरको विभिन्न भागमा चोट लागी मृत्यु भएको फेला परेको भन्ने जाहेरीबाट देखिन्छ । घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का हेर्दा, प्रतिवादी तिर्थबहादुर गुरूङको घर कोठामा खाटमाथि सिरकले छोपी राखेको अवस्थामा मिना शाह गुरूङको मृत लास रहेको, मृतकको बायाँ आँखा वरिपरि सुन्निएको, नाकबाट रगत निस्किएको, निधारको बायाँतर्फ १ ईन्च लामो काटिएको घाउ, दायाँ कन्चट अस्वाभाविक रूपमा भित्र पसेको, दायाँ गाला सुन्निई निलो डाम परेको, टाउकोको दायाँतर्फ पछाडिको भाग केही दबेको भन्नेसमेत उल्लेख भएको पाइन्छ । मृतकको शव परीक्षण प्रतिवेदनबाट "Intra-cerebral bleeding with depressed skull fracture" अर्थात् टाउकोको हड्डी फुटी रक्तस्राव भएको कारणले मृत्यु भएको भन्ने देखिन्छ । उल्लिखित जाहेरी, घटनास्थल तथा लास चाँच प्रकृति मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक मिना शाह गुरूङको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट भएको भन्ने तथ्य स्पष्ट हुन आउने ।

प्रतिवादीको कर्तव्य (Act) बाटै मृतकको मृत्यु भएको हो, होइन भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी तिर्थबहादुर गुरूङले मृतक श्रीमतीले झगडा गरेको हुँदा सामान्य लछार पछारसम्म गरेको हो, कुटपिट गरेको होइन भनी अदालतमा बयान गरेको देखिन्छ । निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भने रक्सी चुरोट सेवन गरी अन्य केटाहरूसँग जिस्किई बसेको अवस्थामा फेला पारी घरमा ल्याई सम्झाई बुझाई गर्दा उल्टै गाली गरेकीले लात्ती मुक्काले हानी भित्तामा टाउको ठोक्काएको र अझै बोल्न कराउन नछोडेकाले लौराले टाउकोमा हानेपछि बोल्न छोडेको हुँदा विस्तरामा सुताई सिरक ओढाई दिएको थिएँ, सोही चोटका कारण मृत्यु भएको हुनुपर्छ भनी आरोपित कसुरमा साबित भई बयान गरेको पाइने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बेहोरालाई जाहेरी, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट समर्थित भइरहेको देखिन्छ । प्रतिवादीले मृतकसँग झगडा भएको तथ्यलाई अदालतमा समेत स्वीकार गरेको पाइन्छ । निज प्रतिवादीले मृतकलाई लछारपछारसम्म गरेको हो कुटपिट गरेको होइन भनी अदालतमा बयान गरे तापनि मृतकको शरीरमा देखिएको चोट तथा निलडामबाट प्रतिवादीको सो भनाइ खण्डित भइरहेको देखिन्छ । प्रतिवादी र मृतकबाहेक वारदात भएको कोठामा अन्य व्यक्तिको उपस्थिति रहेको मिसिल संलग्न रहेका प्रमाणबाट देखिन आएको छैन । तसर्थ, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबिती भई गरेको बयान र निजको सो साबिती बेहोरा समर्थित हुने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का एवम् मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले प्रहार गरेको चोटका कारणबाट नै मृतकको मृत्यु भएको हो भन्ने पुष्टि हुन आएको देखिने ।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. हेर्दा, लाठा, ढुंगा र साधारण सानातिना हातहतियारले कुटी, हानि, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना ज्यानमारा ठहर्ने र त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादीले मृतकलाई लात्ती, मुक्का र लौरोले टाउकोमा प्रहार गरी कर्तव्य गरेको कार्य तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गतको कसुर देखिन आयो । तसर्थ, प्रतिवादी तिर्थबहादुर गुरूङलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा

४०(२) बमोजिम सर्वस्वको सजाय गर्न नमिल्ने हुँदा जन्मकैदको सजाय गर्ने गरी भएको उच्च अदालत पोखराको फैसला साधकको रोहमा अन्यथा नदेखिने।

साथै, उच्च अदालत पोखराबाट निज प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्दा उपयुक्त हुने भनी जाहेर भएको राय सम्बन्धमा विचार गर्दा, प्रतिवादी तिर्थबहादुर गुरूङ सामान्य डकर्मी पेसा गरी आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति रहेको देखिन्छ । निजकी श्रीमती अर्थात् मृतकले पहिलेदेखि नै रक्सी खाई मात्तिएर हिँड्ने गरेको विषयमा प्रतिवादी र मृतकका बिचमा झै-झगडा हुने गरेको भन्ने मिसिल कागजातबाट खुल्न आएको छ। वारदातको दिन पनि होटलमा २ जना अपरिचित केटाहरूसँग रक्सी खाएर बसेको अवस्थामा प्रतिवादीले फेला पारी घर ल्याएपछि विवाद बढ्दै गई वारदात हुन पुगेकोसमेत देखिन आएको छ। निज प्रतिवादीले मृतकलाई मार्नेसम्मको मनसाय राखी पूर्वयोजना बनाएर जोखमी हतियार प्रयोग गरेको भन्ने पनि देखिँदैन । तसर्थ, मृतकले रक्सी सेवन नगरोस् र अन्य पुरूषसँग हिँड्डुल तथा सरसङ्गत नगरोस् भनी प्रतिवादीले आफ्नो र मृतकबिचको दाम्पत्य तथा पारिवारिक हितका लागि प्रयास गर्दा झगडा सिर्जना भई वारदात हुन गएको देखिएको र प्रतिवादीको विगतमा कुनै आपराधिक प्रवृत्ति रहेको भन्नेसमेत मिसिल संलग्न कागजातबाट खुल्न आएको अवस्था नरहेको हुँदा निज प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने भई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं बमोजिम १५(पन्ध्र) वर्ष कैद सजाय गर्न उच्च अदालतबाट प्रस्ताव भएको रायसमेत मनासिब नै देखिने।

अतः विवेचित आधार, कारणबाट प्रतिवादी तिर्थबहादुर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको फैसला साधक सदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय गर्न नमिल्ने हुँदा जन्मकैदको सजाय गर्ने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७०।१०।१३ मा भएको साधक फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै प्रतिवादीलाई उल्लिखित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम निज प्रतिवादी तिर्थबहादुर गुरूङलाई १५(पन्ध्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर / हेमा पाण्डे

इति संवत् २०७६ साल श्रावण ३० गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७६-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मेत्तर भन्ने सुकबहादुर नेपाली*

प्रस्तुत मुद्दा साधकको रोहबाट हेर्दा, मिति २०७१।१०।१८ गते दिउसो अं.३ बजे चन्द्रकुमारी नेपालीलाई निजको श्रीमान् मेत्तर भन्ने सुकबहादुर नेपालीले टाउकोमा बन्चरोले हानी मरणाशन्न अवस्थामा पुऱ्याई भागेकोमा सोही दिन उपचारको क्रममा निज चन्द्रकुमारीको मृत्यु भएको भन्ने जाहेरी रहेको देखिन्छ। आशबहादुर नेपाली (मृतकको बुबाको घर) को माथिल्लो तलाको कोठाको ओछ्यान छरपस्ट अवस्थामा रहेको, सिरक र डस्नामा रगतजस्तो रातो पदार्थ लतपतिएको, सो घरको दक्षिणतर्फको पिँढीको सुरबाट २ फिटको दूरीमा रगतजस्तो रातो पदार्थ लागेको २ फिट ६ इन्च लम्बाइ भएको काठको बिँडसहितको ५ इन्च लम्बाइको फलामको बन्चरो रहेको भन्नेसमेत घटनास्थल मुचुल्काबाट देखिन आएको छ । गोरखा पोलिक्लिनिक अस्पतालको इमर्जेन्सी बेडमा उत्तानो अवस्थामा चन्द्रकुमारी नेपालीको

मृतक लास रहेको, टाउकोमा बायाँ कानमाथि ४ इन्च लम्बाइ १ इन्च गहिराइ भएको काटिएको चोट र अर्को २ इन्चको काटिएको चोट रहेको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । शव परीक्षण प्रतिवेदन हेर्दा, Death due to fatal trauma to the brain भन्ने उल्लेख भएको पाइन्छ । उल्लिखित जाहेरी तथा घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कासमेतबाट चन्द्रकुमारी नेपालीको मृत्यु सामान्य कालगतिले भएको नभई कर्तव्यबाट भएको भन्ने तथ्य देखिने ।

उक्त कार्यमा प्रतिवादीको संलग्नताका सम्बन्धमा विचार गर्दा, विगत २ वर्ष अगाडिदेखि श्रीमती चन्द्रकुमारी नेपालीसँग राम्रो सम्बन्ध नभएको र मिति २०७१।१०।१८ का दिन घरमा आई खाना पकाउ भन्दा तैंले के ल्याएको छस् र खान दिने भनी गाली गलौज गरी ओछ्यानमा गई सुतेकाले निज सुतेको ठाउँमा गई बन्चरोले कानमाथि टाउकोमा प्रहार गरेको हो, निज छटपटाउन थालेकाले बन्चरो घरबाहिर पिँढीमा फाली भागी गएको हुँ भनी प्रतिवादी मेत्तर भन्ने सुकबहादुर नेपालीले अदालतमा समेत आरोपित कसुरमा साबित भई बयान गरेको देखिने ।

मृतक चन्द्रकुमारी नेपालीको शव परीक्षण प्रतिवेदनको External Examination Report मा “three cut wounds visible on the scalp: (1) One cut wound 2 inch long and with 0.5 inch wide gap present on the left side of the head, 3 inch above the left ear. Skull bone is visible through the wound. (2) another Y-shaped deep cut wound 5 inch above and towards midline from the left ear- one arm is 2 inch long, another 1 inch long and the stem of the wound is 1 inch long. Numerous small chips of bone fragments present in the wound with visible brain matter. (3) A linear wound 4 inch long and 1 inch wide extending up to the bony layer near the nape of the neck 3 inch from the midline. Dried blood stains all over the faces…” भन्नेसमेत उल्लेख गरी मृत्युको कारणः Death due to fatal trauma to the brain भन्ने उल्लेख भएको भएको हुँदा प्रतिवादीले बन्चरो प्रहार गरेको चोटका कारण मृतकको मृत्यु भएको हो भन्ने पुष्टि हुन आउने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उतिजना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्म कैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ । प्रतिवादीको साबिती बयान, मार्न प्रयोग भएको बन्चरो बरामदसमेत भएको तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी मेत्तर भन्ने सुकबहादुर नेपालीले आफ्नै श्रीमती चन्द्रकुमारी नेपालीलाई बन्चरोले टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरी मारेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी गरेको उच्च अदालत पोखराको फैसला अन्यथा नदेखिने ।

अतः विवेचित आधार, कारणबाट प्रतिवादी मेत्तर भन्ने सुकबहादुर नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू गोरखा जिल्ला अदालतबाट भएको फैसला साधक सदर गरी उच्च अदालत पोखराबाट मिति २०७५।०९।१७ मा भएको फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध संहिता, २०७४

को दफा ४०(२) बमोजिम सर्वस्व गर्न कानूनत: नमिल्ने भई निज प्रतिवादी मेत्तर भन्ने सुकबहादुर नेपालीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर / हेमा पाण्डे

इति संवत् २०७६ साल श्रावण ३० गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७४-WO-०३०६, उत्प्रेषण, भिमप्रसाद पहारीसमेत वि. उच्च अदालत पोखरासमेत*

वादी उषा थापा पहारी प्रतिवादी भिमप्रसाद पहारीसमेत भएको अंशबन्डापत्र लिखत बदर (दे. नं. ५०७/०७३-CP-००४५) र जालसाजी (दु. फौ. २८४/०७३-PC-००४९) मुद्दा कास्की जिल्ला अदालतमा विचाराधीन रहेको देखियो । उषा थापा पहारी वादी महेन्द्र पहारी प्रतिवादी भएको अंशसहितको सम्बन्ध विच्छेद (२०७२ सालको दु.दे.नं. १०१०) मुद्दामा अ.बं. १३९ नं. अनुसार यी निवेदकहरूलाई प्रतिवादी कायम गराई निजहरूसँग तायदाती फाँटवारी मिति २०७४/५/४ मा माग्ने आदेश कास्की जिल्ला अदालतबाट भएको देखियो । उक्त तायदाती फाँटवारी माग्ने आदेश बदर गरी विपक्षीको पतिसँग मात्र तायदाती फाँटवारी माग गर्ने आदेश गरिपाउँ भनी अ.बं. १७ नं. अनुसार निवेदकहरूले उच्च अदालत पोखरामा निवेदन दिएकोमा उच्च अदालत पोखराबाट कास्की जिल्ला अदालतको मिति २०७४/५/४ को आदेशलाई नै मिति २०७४/६/२६ मा सदर गरेको देखियो । सुरू कास्की जिल्ला अदालतबाट मिति २०७४/५/४ मा तायदाती फाँटवारी माग्ने आदेशउपर चित्त नबुझेमा उच्च अदालत पोखरामा अ.बं. १७ नं. बमोजिम रिट निवेदकहरूले निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी उच्च अदालत पोखराबाट उक्त तायदाती फाँटवारी माग्ने आदेश परीक्षण भइसकेको अवस्था देखियो । यसरी कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही विषयमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत अदालत प्रवेश गरेको पाइयो । जिल्ला अदालतमा दायर रहेको मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट क्षेत्रबाट अदालतको विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट क्षेत्रबाट निर्णय गर्न मिल्ने पनि देखिँदैन । जिल्ला अदालतमा विचाराधीन उपरोक्तानुसारका मुद्दाहरू तथा अंशसहितको सम्बन्ध विच्छेद मुद्दाबाट नै कानूनबमोजिम हुने अवस्था रहेकै देखिने ।

अतः मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको काम कारबाहीको सिलसिलामा भएको आदेशलाई ठोस प्रमाणविना असाधारण अधिकारक्षेत्र ग्रहण गरी बदर गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०६७-WO-०२६०, उत्प्रेषण, योगेन्द्रकुमार श्रेष्ठ वि. प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदक योगेन्द्रकुमार श्रेष्ठ महानगरीय प्रहरी मुख्य घटना सहायता कार्यदलमा प्र.ना.नि. पदमा कार्यरत रहेको अवस्थामा निजले मिति २०६४।०३।१४ देखि लागु हुने गरी २० दिनको घर बिदा स्वीकृत गराई बिदामा बसेको देखिन्छ । महानगरीय प्रहरी मुख्य घटना सहायता कार्यदलका सु.मे.प्र.ना.नि. प्रल्हाद थापाले मिति २०६४।०४।११ मा प्र.ना.नि. योगेन्द्रकुमार श्रेष्ठ मिति २०६४।०३।१४ देखि लागु हुने गरी दिन २० को घर बिदामा गएकोमा

हालसम्म पनि हाजिर हुन नआई कुनै किसिमको सम्पर्कसमेत नगरेको हुँदा आवश्यक कारबाही गरिपाउँ भनी प्रतिवेदन दिएको देखिन्छ । यसै क्रममा कार्यालयमा सम्पर्क राख्न आउनु भनी गोरखा जिल्ला, मकैसिंह गा.वि.स. वडा नं.८ को निवेदकको घरद्वारमा मिति २०६४।०४।१७ मा मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको सूचना म्याद टाँस भएको रहेछ। सो तामेली सूचना म्यादमा सूचना टाँस भएको मितिले बाटाका म्यादबाहेक २४ घण्टाभित्र सम्बन्धित कार्यालयमा हाजिर हुन जानुहोला, नभए प्रहरी नियमावली, २०४९ बमोजिम सेवाबाट हटाइने वा बर्खास्त गर्नेतर्फ कारबाही गरिने भन्ने बेहोरासमेत उल्लेख भएको छ । सो म्याद तामेलमा निवेदकको घर रहेको वडा नं. ८ का स्थानीय व्यक्तिहरू र सोही मकैसिंह गा.वि.स. का सचिव हरिबहादुर सुनारसमेत रोहवरमा बसेको देखिन्छ। यसबाट सो तामेली म्याद रीतपूर्वक नै रहेको देखिन्छ। उक्त तामेल भएको सूचना म्यादमा निवेदक आफू सम्बन्धित कार्यालयमा उपस्थित हुन सकेको देखिँदैन । बुबा बिरामी भई भारतमा लगी उपचार गर्न गएको भनी निवेदनमा भने तापनि त्यहाँ उपचार गराएको प्रमाणहरू प्रस्तुत मुद्दाको कारबाहीको क्रममा पेस गर्न सकेका छैनन्। उपचार गराएको अस्पतालको डाक्टरको प्रेस्क्रिप्सनलगायतका प्रमाण यस अदालतमा पनि मिसिल संलग्न पेस गरेको नदेखिने।

प्रहरी नियमावली, २०४९ मा भएको कानूनी व्यवस्थाहरू हेर्नुपर्ने हुन्छ। प्रहरी नियमावलीको नियम ८८ ले प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउने वा बरखास्त गर्ने सम्बन्धमा व्यवस्था गरी देहाय (झ) मा "मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा" भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी सोही नियमावलीको नियम ८४ ले उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ भन्ने उल्लेख गरी देहाय (छ) मा "भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने" समेतका कारबाही र सजाय गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। सोही नियमावलीको नियम ८९ ले सजायसम्बन्धी कार्यविधिको व्यवस्था गरी उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (ग) मा "सफाइ पेस गर्ने मौका दिँदा मनासिब नपर्ने भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई यस उपनियमबमोजिम सफाइ पेस गर्ने मौका दिनुपर्ने छैन" भन्ने कानूनी प्रावधान रहेको छ। यसरी उपर्युक्त कानूनी व्यवस्थाअनुसार कुनै प्रहरी कर्मचारी मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा निजलाई सेवाबाट हटाउने गरी सजाय गर्न सकिने र सो क्रममा सफाइको मौका दिइरहनु मनासिब नभएमा सो कुराको पर्चा खडा गरी उक्त सजाय गर्न सकिने भन्ने व्यवस्था रहेको पाइने।

कुनै व्यक्ति विरूद्धमा निर्णय गरिन्छ भने निजलाई सो सम्बन्धमा आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो। कार्यालयमा हाजिर हुन आउनु अन्यथा सेवाबाट हटाइने भनी निवेदकको घरद्वारमा सूचना म्याद टाँस भएको देखिँदा सुनुवाइको मौका नै पाएन भन्ने निवेदकको भनाइ मनासिब देखिएन । यसप्रकार सूचना टाँस हुँदा पनि कार्यालयमा हाजिर नहुने प्रहरी कर्मचारीको हकमा सफाइ पेस गर्न मौका दिइरहनु मनासिब नपर्ने पनि प्रहरी नियमावलीको नियम ८९ मा कानूनी व्यवस्था रहेको देखियो । वस्तुतः निवेदकले नै आफूउपर गर्न लागेको कारबाहीको सम्बन्धमा उदासीनता देखाई प्रक्रियामा सहभागी हुने अवसरबाट स्वयम् विमुख हुने इच्छा देखाएको देखिन्छ । यस परिस्थितिमा प्रहरी सेवामा कार्य गर्नुपर्ने कर्मचारीलाई कानूनले हटाउन सकिने व्यवस्था गरेको हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको देखिन नआउने।

प्रहरी कर्मचारीले आफ्नो बिदा समाप्त

भएपछि अनिवार्य रूपमा सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने हुन्छ । प्रस्तुत रिट निवेदनमा निवेदक योगेन्द्रकुमार श्रेष्ठ सम्बन्धित प्रहरी कार्यालयबाट म्याद तामेल हुँदा पनि उपस्थित नभई गैरहाजिर रहेको मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएको छ । यस्तो अवस्थामा निज निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) को देहाय (ग) बमोजिमको सफाइ पेस गर्ने मौका दिइरहनुपर्ने अवस्था देखिएन । टाँस भएको सूचना म्यादमा आफू कार्यरत कार्यालयमा हाजिर नभएको र निवेदकको घरद्वारमा नै रीतपूर्वक म्याद तामेल भएको स्थितिमा अब निजलाई थप सफाइ पेस गर्नको लागि मौका दिइरहन नपर्ने व्यवस्थाको कानूनी आधार प्रयोग गरी भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी निवेदकलाई सेवाबाट हटाउने गरी भएका निर्णयहरू गैरकानूनी देखिन नआउने ।

निवेदकलाई प्रहरी सेवाबाट हटाउने गरी भएको निर्णय यस अदालतबाट प्रतिपादन भएको नजिर सिद्धान्त (ने.का.प. २०७५, अंक १, नि.नं. ९९३८) को प्रतिकूल रहेको छ भन्नेसमेत रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर छ । "भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको कर्मचारीलाई सेवाबाट हटाउने गरी निर्णय गर्दाको अवस्थामा सफाइ पेस गर्ने मौका दिन नपर्ने भएमा सो कुराको छुट्टै पर्चा खडा गरी निर्णय गर्नुपर्ने" भनी उक्त नजिरमा बोलिएको छ । तर मुद्दामा रिट निवेदकलाई सेवाबाट हटाउनुपूर्व प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) बमोजिमको रीत पुऱ्याई रहन नपर्ने भनी छुट्टै पर्चा खडा गरिएको छ । अतः उक्त नजिरको तथ्य र यो निवेदनको तथ्य फरक रहेको सन्दर्भमा सो नजिर आकर्षित हुने नदेखिने ।

तसर्थ, विवेचित आधार र कारणबाट यी रिट निवेदक योगेन्द्रकुमार श्रेष्ठ बिदा भुक्तान भइसकेपछि पनि कार्यालयमा हाजिर हुन नआई गैरहाजिर भएको देखिएको, निजको घरद्वारमा टाँस भएको सूचना म्यादमा समेत कार्यालयमा सम्पर्क नगरी आफ्नो कार्यस्थलमा अनुपस्थित रहेकामा विवाद नभएको र सम्बन्धित प्रहरी कार्यालयले आवश्यक कानूनी प्रक्रिया पूरा गरी निजलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी गरेको प्रहरी प्रधान कार्यालयको मिति २०६४।०६।२३ को निर्णय र सो निर्णयलाई नै सदर गर्ने गरेको गृह मन्त्रालयको मिति २०६७।०२।२५ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल माघ १५ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-RC-००९७, कर्तव्य ज्यान, नेपाल सरकार वि. चित्रबहादुर वली*

जाहेरी तथा जाहेरवालाले अदालतमा गरेको बकपत्र, घटनास्थल लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट प्रतिवादी चित्रबहादुर वलीले दाउराले हानेको चोटको कारणले नै मृतकको मृत्यु भएको हो भन्ने कुरा शंकारहित तवरले पुष्टि हुन आएको छ । तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार लाठा ढुङ्गा र साधारण सानातिना हतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मारेमा ज्यानमारा ठहरिने र त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनद्वारा परिभाषित कसुर पुष्टि भइरहेको अवस्थामा सो कानूनले तोकेको सजाय वहन गर्नुपर्ने दायित्व प्रतिवादीमा रहन्छ । तसर्थ निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१ नं. विपरीत सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेको देखिएकोले निजलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिने।

निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध )संहिता (ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा **"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने कानूनी प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) ख मा **"..कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भन्ने कानूनी व्यवस्था उल्लेख भएकोले निज प्रतिवादीलाई सर्वस्व ठहर गर्न कानूनत: नमिल्ने भई जन्मकैद हुने देखिने।

प्रतिवादीले कसुर गर्न तयारी गरी जोखिम हतियार प्रयोग गरेको नभई छोरी रोएको कारणबाट तत्काल उठेको रिस नियन्त्रण गर्न नसकी दाउराले प्रहार गर्दा मृतक मारिन पुगेको देखिन्छ। प्रतिवादीको घर परिवारमा निजको श्रीमती र छोरीसमेत रहेको देखिन्छ । तसर्थ प्रतिवादीले तत्काल उठेको रिस नियन्त्रण गर्न नसक्दा ९ महिनाको छोरीको मृत्यु भएको र प्रतिवादीले पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने परिस्थिति रहेकोसमेतका उल्लिखित कारणबाट प्रतिवादीलाई १० (दश) वर्ष कैद सजाय गर्न प्रस्तुत गरिएको रायसमेत मिलेकै देखिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादी चित्रबहादुर वलीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेकोले सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।२।२ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ, साथै प्रतिवादीलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) तथा "केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ख) बमोजिम जन्मकैद हुनेमा उक्त सजाय गर्दा चर्को पर्न जाने देखिई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय गर्न सुरू अदालतबाट राय प्रस्तुत भई उच्च अदालत तुलसीपुरले सदर गरेको रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दिपेन्द्र थापा मगर

कम्प्युटर : देविना खतिवडा

इति संवत् २०७५ साल फागुन ६ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-०११६, जग्गा खिचोला चलन, मन्जुदेवी मण्डल वि. मधुसुदन उपाध्यायसमेत*

वादीले दाताबाट कि.नं.१५३ को ०-२-१ ससिम जग्गा राजीनामा गरी लिए पनि ट्रायल चेकबाट देखिएको क्षेत्रफल ०-१-१५ नै वादीको वास्तविक जग्गा रहेको मान्नुपर्ने देखियो। वादीले आफ्नो कि.नं. १५३ को जग्गाको उत्तर, पूर्व र दक्षिण तिनैतर्फका सँधियारहरूले ०-०-६ जग्गा खिचोला गरेको भनी सबै सँधियारलाई प्रतिवादी कायम गरी फिराद गरेको देखिने।

अदालतबाट मिति २०६६।११।३ मा भई आएको नापनक्सा मुचुल्का हेर्दा वादीको कि.नं. १५३ को जग्गा न.नं. २ मा ०-१-१५ क्षेत्रफल उल्लेख गरी न.नं. ३ देखि १२ सम्मको जग्गा विवादित जनाएको

देखिन्छ । न.नं. १३ को ०-०-१.४५ जग्गा कुन कि.नं. को जग्गा हो नक्सा विवरणमा उल्लेख गरेको देखिँदैन । नक्सा कैफियतमा उक्त न.नं. को जग्गा वादीले भोग गरेको भन्ने देखिन्छ । वादीले न.नं १३ को जग्गा आफ्नो नभई पश्चिमपट्टिका सँधियारको जग्गा हो भनी कैफियतमा खुलाई नक्सा जिरहमा बेहोरा लेखाएकोसमेत देखियो । नक्सा नं. १३ को जग्गा सम्बन्धमा अदालतको फैसलामा विवेचना नभएको भन्ने वादीको पुनरावेदन जिकिरसमेत रहेको छ। त्यस्तै प्रतिवादीमध्येका इन्दिरादेवी उपाध्याय नाम दर्ता, भोगमा रहेको कि.नं. १४४ र १४९९ को दक्षिणतर्फ न.नं. २७ क्षे.फ ०-०-२.८७ र न.नं. २८ क्षे.फ. ०-०-२.६६ उल्लेख गरी नाप नक्सा भएकोमा उक्त नक्सा नम्बरका जग्गाहरू कुन कित्ता नम्बरका हुन् नक्सा विवरणमा खुलाएको देखिएन । नक्सा कैफियतमा उल्लिखित जग्गाहरू आफ्नो नभएको भनी प्रतिवादीले लेखाएको देखिने।

न.नं.१३ को जग्गा वादीले आफ्नो नभएको भने पनि उक्त जग्गामा वादीको भोग रहेको भन्ने नक्सा मुचुल्काबाट देखिएको छ, प्रतिवादीहरूले उक्त जग्गा वादीकै जग्गा हो भनी नक्सा कैफियतमा लेखाएको पाइने।

वादीको कि.नं १५३ को जग्गा ट्रायल चेकबाट उत्तर ३३ मि. दक्षिण ३३ मि. पूर्व १८.५० र पश्चिम १७ मिटर रही क्षेत्रफल ०-१-१५ रहेको भन्ने देखिन्छ। भई आएको नापनक्सा मुचुल्कामा न.नं. २ मा उत्तर ३१.७२ मि., दक्षिण ३१ मि., पूर्व १७.९० मि. पश्चिम १७.५५ उल्लेख गरी क्षेत्रफलमा ०-१-१२.८४ उल्लेख गरेको देखिन्छ। त्यस्तै न.नं. १३ को वादीको भोगमा रहेको जग्गा ०-१.४५ क्षेत्रफलसमेत जोड्दा ०-१-१४.२९ हुने हुँदा ट्रायल चेकअनुसारको भन्दा वादीको जग्गा ०-०-०.७१ कमी रहेको भन्ने देखिने।

सुरू जिल्ला अदालतले वादीका दक्षिणतर्फका सँधियार प्रतिवादी मधुसुदन उपाध्याय र इन्दिरादेवी उपाध्यायले भई आएको नाप नक्साको न.नं १०, ११, १२ को जग्गा खिचोला गरेको ठहऱ्याई अन्य प्रतिवादीहरूउपरको वादीको दाबी पुग्न नसक्ने ठहऱ्याएको फैसलाउपर वादीलाई दिएको पुनरावेदनको म्यादमा पुनरावेदन नगरी निजहरूको हकमा भएको सुरू फैसलालाई स्वीकार गरी चित्त बुझाई बसेको देखिने।

वादीले आफ्नो जग्गाको दक्षिणतर्फका सँधियार प्रतिवादीमध्येका मधुसुदन उपाध्याय र इन्दिरादेवी उपाध्यायलाई मात्र प्रतिवादी कायम नगरी आफ्नो कित्ता जग्गाको उत्तरतर्फका सँधियारहरू र पूर्वतर्फका सँधियारहरूसमेतलाई प्रतिवादी कायम गरी फिराद दिएको छ । पुनरावेदक वादीले किटान गरी यिनै प्रत्यर्थी प्रतिवादीहरूले नै खिचोला गरेको भनी स्पस्ट दाबी गरेको छैन। भई आएको नाप नक्सा मुचुल्काबाट वादीको नपुग हुन गएको ०-०-०.७१ जग्गा यिनै प्रत्यर्थी प्रतिवादीहरूको जग्गाभित्र रहेको भनी स्पस्ट देखिएको अवस्था छैन, आफ्नो नपुग हुन गएको जग्गा यिनै प्रत्यर्थीहरूको जग्गामा रहेको भनी यकिन हुने प्रमाण वादीले दिन सकेको छैन। वादीको दाबी अनिश्चित रहेको र देवानी प्रकृतिका मुद्दामा वादीले आफ्नो दाबी स्पष्ट किटान गरी सोलाई पुष्टि गर्ने प्रमाणहरूसमेत राखी फिराद गर्नुपर्ने हुन्छ। सङ्कलित सबुत प्रमाण अदालतबाट परीक्षण गर्दा वादी दाबी प्रमाणित हुने नदेखिएको अवस्थामा अनुमानको आधारमा दाबी ठहर गर्न मिल्दैन। वादीले कायम गरेका अन्य प्रतिवादीहरूले वादीको जग्गा खिचोला नगरेको भनी सुरू अदालतबाट भएको फैसलाउपर वादीले चित्त बुझाई पुनरावेदन नगरी बसेको अवस्था दखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट मिति २०६६।११।३ मा भई आएको नाप नक्सा मुचुल्काको न.नं. १०, ११, १२ को

जग्गा प्रतिवादीमध्येका मधुसुदन उपाध्याय र इन्दिरादेवी उपाध्यायले खिचोला गरेको ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।२।१६ को फैसला उल्टी गरी वादीको दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मदन पराजुली
कम्प्युटर: देवीमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल भदौ ९ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CI-०११७, चर्पी घर उठाई, *मन्जुदेवी मण्डल वि. मधुसुदन उपाध्याय* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६९-CI-०९५५, अंश चलन, यममाया रिमाल वि. नन्दलाल रिमाल*

वादीले फिरादपत्रमा हामी जम्मा ४ अंशियार छौं, हामी चार अंशियारभन्दा अरू अंशबन्डा गर्नुपर्ने अंशियार छैनन् भनी उल्लेख गरेको देखिन्छ । सुरू फिरादमा पुनरावेदनमा जिकिर लिएजस्तो मूल अंशियारबाट पतिको अंश भाग छुट्याई आफ्नो अंश दिलाई पाउँ भनी दाबी लिएको छैन । फिरादमा सासू ससुरा जेठाजुहरूलाई प्रतिवादी कायम गरेको छैन, फिरादको पेटबोलीमा समेत बुझिपाउँ भन्ने माग गरेको देखिँदैन । प्रतिवादीले गरेको प्रतिउत्तरपत्रमा समेत आफू मूल अंशियारहरूसँग सगोलमा रहेको वा छुट्टी भिन्न भइसकेको भन्ने तथ्य खुल्दैन । सुरू फिराद गर्दाको अवस्थामा स्पस्ट दाबी लिन नसकेको र पुनरावेदन तहमा मात्र सो दाबी लिएको देखिए पनि अन्य सबुत प्रमाणबाट पुष्टि गराउन सकेको नदेखिने।

वादीले मिति २०६६।८।१६ मा आफ्नो जिम्मामा बन्डा गर्ने सम्पत्ति नभएको, प्रतिवादी र अन्य अंशियारको जिम्मामा रहेको सम्पत्तिहरूमध्ये पति नन्दलाल रिमाल जिम्माको कि.नं.३४२७ र सहकारीमा रहेको नगद रू.२,३०,००० रहेको र आमा जानुका रिमालको जिम्मामा कि.नं.२२८, ५९२, ८०५, ८३६, ८४३, ८४५ समेतका जग्गाहरू रहेको भनी फाँटवारी पेस गरेको देखिन्छ । मिति २०६६।१२।१६ मा प्रतिवादीले तायदाती फाँटवारी दिँदा आफ्नो नाममा दर्ता रहेका नाम्दु -५ का कि.नं.१६१, २१५, ५२१, ६०९, ६१८ र चरिकोट-१ को कि.नं. ३४२७ र नन्दलाल, बलभद्र र ईन्द्रलाल संयुक्त नाम दर्ताको नाम्दु-५ कै कि.नं.३८४, ५७४, ८००, ९०४ समेतका जग्गाहरू देखाई बन्डा गर्नुपर्ने भनी उल्लेख गरी ऋणहरूसमेतको तायदाती दिएको देखिन्छ । प्रतिवादीले आमा जानुका रिमाल जिम्मा रहेका जग्गाहरू उल्लेख गरेको देखिँदैन । प्रतिवादीबाट पेस भएको उक्त फाँटवारी मिति २०६७।१।१५ मा वादीले सुनी पाएको कागज गरी सो तायदातीउपर कुनै चुनौती दिएको नपाइने।

वादीले प्रतिवादी नन्दलाल रिमाल नाम दर्तामा रहेको कि.नं. ३४२७ को जग्गाबाट मात्र ४ भागको १ भाग अंश पाउने ठहरी पुनरावेदन अदालत पाटनबाट फैसला भएको देखियो । प्रतिवादी नाम दर्ताका अन्य कित्ता जग्गाहरू र फाँटवारीबाट देखिएको अन्य अंशियारसमेतको संयुक्त नाम दर्तामा रहेको जग्गा सम्बन्धमा केही उल्लेख गरेको नदेखिने।

वादीका पति नन्दलाल रिमालका बुबा महेश्वर रिमाल, आमा जानुकादेवी रिमाल र दाजुभाइ बलभद्र रिमाल र ईन्द्रलाल रिमालसमेत अंशियार रहेको भन्ने पुनरावेदन पत्रबाट देखिएको छ । यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश भएपश्चात् प्रत्यर्थी नन्दलाल रिमालको नाममा जारी भई गएको म्याद म्यादवाला नन्दलाल रिमालको मिति २०७१।३।१९ मा मृत्य

भइसकेको र एकघरको आमा नाताको जानुकादेवी रिमालले बुझी लिएको भन्ने तामेली बेहोराबाट देखिन्छ । म्याद बुझिलिने आमा जानुका रिमाललाई अ.बं.१३९ नं. बमोजिम बुझ्ने आदेश भई म्याद जारी गरी पठाउँदा उपस्थित भएको देखिएन ।

प्रतिवादी नन्दलालले पेस गरेको तायदातीको विवरणमा उल्लेख भएका कित्ता जग्गाहरूको स्रेस्ता बुझ्दा जिल्ला दोलखा नाम्दु गा.वि.स. वडा नं. ५ का कि.नं. १६१, २१५, ५२१, ६०९, ६१८ चरिकोट-१ को कि.नं. ३४२७ का कित्ता जग्गा प्रतिवादी नन्दलाल रिमालको नाम दर्तामा र नाम्दु -५ कै कि.नं.३८४, ५७४, ८००, ९०४ समेतका जग्गाहरू ईन्द्रलाल, बलभद्र र प्रतिवादी नन्दलाल रिमालसमेत दाजुभाइको संयुक्त नाम दर्तामा रहेको भन्ने देखियो । वादीले पतिबाहेक अन्य अंशियारहरूलाई प्रतिवादी बनाएको नदेखिँदा प्रतिवादी नन्दलालले पेस गरेको संयुक्त नाम दर्ताका जग्गाहरू संयुक्त दर्तावाला अन्य अंशियारसमेतको हक लाग्ने देखिँदा निजहरूको अंश हकमा अहिले नै अन्यथा हुने अवस्था नदेखिने ।

पुनरावेदकको नगदसमेत बन्डा हुनुपर्ने भन्ने जिकिर लिएतर्फ हेर्दा उक्त नगद मौज्दात रोक्का रहेको भन्ने नदेखिएको र हालसम्म सुरक्षित रहेको भन्ने स्पष्ट देखिने प्रमाण पेस हुन आएको नदेखिने ।

प्रतिवादी नन्दलाल रिमालतर्फ श्रीमती र २ छोराछोरीसमेत ४ अंशियार देखिँदा वादीका पति नन्दलालको १ भाग अंश हक रहने देखियो । प्रतिवादी नन्दलालको मिति २०७१।३।१९ मा मृत्यु भएको भन्ने बैतेश्वर गाउँपालिका ७ नं. वडा कार्यालयको मिति २०७५।७।१५ को पत्रबाट देखिने ।

तायदातीमा पेस भएको ऋणको हकमा साहुको उजुर परेका बखत कानूनबमोजिम हुने नै हुँदा प्रतिवादी नन्दलाल रिमाल नाम दर्तामा रहेका जग्गा जमिन अचल सम्पत्ति र वादीको पति नन्दलाल रिमालसमेतको संयुक्त नाम दर्ता रहेका जग्गाबाट प्रतिवादी नन्दलालको अंश भाग छुट्ट्याई अब नन्दलाल रिमालसमेत परलोक भइसकेको र निजतर्फबाट छोराछोरी २ जना र पुनरावेदिका वादी १ जना गरी ३ अंशियार जीवित रहेको हुँदा वादीले ३ भागको १ भाग अंश पाउने देखिने ।

अतः प्रतिवादी नाम दर्ताको १ कित्ता कि.नं ३४२७ बाट मात्र वादीले अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।३२ मा भएको फैसला नमिलेकोले केही उल्टी भई प्रतिवादी नन्दलाल रिमाल नाम दर्तामा रहेका चरिकोट-१ कि.नं. ३४२७ सहित दोलखा नाम्दु-५ कि.नं. १६१, २१५, ५२१, ६०९, ६१८ कित्ता जग्गा र संयुक्त नाम दर्ता रहेका नाम्दु -५ कै कि.नं.३८४, ५७४, ८००, ९०४ समेतका जग्गाहरूबाट नन्दलाल रिमालको हक हिस्सामा पर्ने जग्गा छुट्ट्याई वादीका पति नन्दलाल रिमालको अंश हकबाट वादीले ३ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल भदौ ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७०-WO-०४८५, उत्प्रेषण / परमादेश, शिवबहादुर भुजेल वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत*

सवारी दुर्घटनाको रोकथाम गर्न, पीडितहरूलाई क्षतिपूर्ति दिलाउन, बिमाको व्यवस्था गर्न, सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात

सेवालाई सुदृढ एवं सक्षम र प्रभावकारी बनाउने उद्देश्यअनुरूप सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ कार्यान्वयनमा रहेको पाइन्छ । त्यसैगरी प्रत्येक नागरिकलाई पेसा, रोजगार, उद्योग र व्यापार गर्ने हकको प्रत्याभूति नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको पाइन्छ । सोहीअनुरूप विपक्षी विन्ध्यवासिनी यातायात बस व्यवसायी समितिले २०७० सालमा पोखरामा बस सञ्चालन गर्ने अनुमति पाई बस सञ्चालन गरी आएको देखिने।

अनुमति पाई बस सञ्चालन भई आएको अवस्थामा अहिले आएर सो कार्यलाई रोक्न परमादेशको आदेश जारी गर्नु मनासिब देखिएन । सार्वजनिक यातायातका साधनहरू सार्वजनिक स्थानमा सञ्चालन गर्न पाउने गरी अनुमति प्रदान गर्दा सो स्थानको वातावरणमा पर्न सक्ने प्रतिकूल अवस्था, सर्वसाधारण जनताको स्वास्थ्यमा पर्न सक्ने असर, सार्वजनिक यातायातको प्रयोगमा यात्रुहरूको सुविधा, यातायात व्यवसायीहरूबिचको स्वस्थ प्रतिस्पर्धा एवं पर्यावरणीय पक्षसमेतलाई ध्यान दिनु अनिवार्य हुन्छ। यस पक्षमा भने विपक्षीहरूको समुचित रूपमा ध्यानाकर्षण हुन वाञ्छनीय देखिने।

अतः कानूनद्वारा निर्धारित मापदण्डको समुचित अनुशरण गरी वातावरणीय प्रभाव, यात्रुहरूको सुविधा एवं हित, स्वस्थ व्यावसायिक प्रतिस्पर्धासमेतका कुराहरूको मूल्याङ्कन गरी आवश्यकतानुसार प्राविधिक पक्षमा अध्ययनसमेत गरी गराई रूट परमिट दिने दिलाउने कार्य गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०६५-CR-०५६४, आयकर (आ.व. २०५६/०५७), ठुला करदाता कार्यालय, हरिहरभवन वि. हाइल्यान्ड डिष्टिलरी प्रा.लि.*

पुनरावेदक करदाताले भुक्तान गरेको अन्तःशुल्क रकमसमेत खर्चको रूपमा कूल आयबाट घटाई कर कार्यालयले विज्ञापन खर्च छुटको सीमा निर्धारण गरेको पाइयो । करदाताले आफ्नो आयको हिसाब गर्दा अन्तःशुल्क रकमसमेत जोडेको भन्ने आधारमा कर निर्धारण आदेश भएको देखिन्छ। कूल आय कायम गरिएको आधारमा विज्ञापन तथा अतिथि सत्कार खर्चको सीमा निर्धारण गरिएको कुरालाई अन्यथा भन्न मिलेन। करदाताले मूल्य अभिवृद्धि कर तिरेको तथा नतिरेको भन्ने कुराको आधारमा आयतर्फ समावेश गर्ने निर्णय भएको देखिन्छ। मूल्य अभिवृद्धि कर नतिरेको विज्ञापन तथा अतिथि सत्कार खर्चको हकमा पनि औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम करदाताले छुट पाउने हदसम्मको रकम छुट दिनुपर्ने हुन्छ। तसर्थ मूल्य अभिवृद्धि कर तिरेको बाहेकको सबै रकम आयतर्फ समावेश गरेको कर कार्यालयको निर्णय केही उल्टी गरी औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम छुट पाउने हदसम्मको रकममा छुट दिने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मनासिब देखिने।

कम्पनीले उत्पादन गरेका सामानहरू कारोबारको क्रममा विविध कारणबाट टुटफुट, लिकेज हुन सक्ने नै हुन्छ। करदाताको कारोबारको परिणामतर्फ विचार गर्दा टुटफुटबापत भनी देखाइएको रकमलाई अस्वाभाविक मान्न सकिने देखिँदैन । करदाता कम्पनीले सो टुटफुटसम्बन्धी विवरण खुलाई पेस

गरेकोसमेत देखिन्छ । यसरी पेस भएको विवरणलाई निर्णय गर्ने अधिकारीले (कर अधिकृतले) अन्यथा हो भनी कुनै वस्तुगत आधार खुलाई निर्णय गरेकोसमेत देखिँदैन । करदाता कम्पनीले आफ्नो कारोबारको सन्दर्भमा नोक्सान भएको भनी उल्लेख गरेअनुसारको आयमा समावेश नहुने भनी राजस्व न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिने।

आयकर ऐन, २०३१ को दफा ४१(ङ) बमोजिम यसलाई आय आर्जनका लागि भएको खर्चको रूपमा कट्टा गर्न मिल्ने देखिँदैन । सञ्चालकलाई भुक्तानी गरिएको रकम भएबाट उल्लिखित रकम खर्चको रूपमा कट्टा गर्ने गरी राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सो रकम खर्चको रूपमा कट्टा गर्न नपाउने, आयमा समावेश गर्ने गरी भएको ठुला करदाता कार्यालयको निर्णय मनासिब ठहर्ने।

आन्तरिक राजस्व कार्यालय, काठमाडौंको च.नं. ५४० मिति २०५७।५।३ को पत्रबमोजिम रू. २५,१३,६२३।- मिनाहा दिएको भन्नेसमेत देखियो । तसर्थ करदाताले नोक्सानी भनी देखाएको उल्लिखित रकम खुद आयमा समावेश गरेको मिलेको देखिएन भनी राजस्व न्यायाधिकरणबाट भएको फैसला मनासिब देखिने।

डिस्ट्रिब्युटर्स प्राइम इन्टरनेसनलसँग भएको सम्झौताअनुसार १(एक) महिनाभित्र मूल्य भुक्तान गर्नुपर्ने सर्त रहेको पाइयो। उक्त एक महिनाको समयावधि एकआपसको पत्राचार एवं सहमतिबाट संशोधन भएको भन्ने तथ्यसमेत प्रस्तुत हुन आएको छ। आफूले ब्याजमा ऋण लिने, अरूलाई त्यतिकै दिने कुरा सामान्यतयाः स्वाभाविक हुँदैन । तथापि यसरी मूल्याङ्कन गर्दा व्यापारिक कारोबारको प्रकृतितर्फ पनि दृष्टि दिनु आवश्यक हुन्छ। रकम प्राप्त गरेको भए सो रकम आयतर्फ समावेश हुने हो । भुक्तानी बाँकी रकमको करदाताले कुनै प्रकारले ब्याज लिएको थियो भन्ने कुरा कर निर्धारण आदेशमा उल्लेख भएको देखिँदैन। प्राप्त नभएको रकमलाई आयको रूपमा गणना गर्न मिल्दैन। उल्लिखित ब्याजतर्फको रकमलाई आय भनी आयतर्फ समावेश गरेको कर कार्यालयको निर्णय मिलेको देखिएन। उल्लिखित रकमलाई खुद आयमा समावेश गर्न नमिल्ने हुँदा राजस्व न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिने।

करदाता र डिस्ट्रिब्युटर्सबिच भएको सम्झौतामा ढुवानी खर्च यिनै करदाताले बेहोर्ने भन्नेसमेत उल्लेख भएको अवस्थामा डिस्ट्रिब्युटर तथा सब-डिस्ट्रिब्युटरसम्म पुऱ्याउँदा लागेको खर्चलाई आय आर्जनसँग सम्बन्धित खर्च होइन भनी मान्न मिलेन । करदाताले आफ्नो सामानको बितरकसँग गरेको सम्झौताको सर्तबमोजिम बेहोरेको सामानको ढुवानी खर्च कर निर्धारण गर्दा मिन्हा दिनुपर्नेमा नदिएको निर्णय बदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मनासिब देखिने।

करदाताले फरकफरक परिमाणको मदिरा रहेको बोतलहरू प्याकिङ गरिएका कार्टुनको लेबल, बोतल बक्स आदिको आकार र गुणस्तरको आधारमा मूल्याङ्कन गरी कर विवरण पेस गरेको देखिन्छ । आयकर ऐन, २०३१ को दफा ३३(४) मा "खुद आय निर्धारण गर्दा कर अधिकृतले त्यसरी आय निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई करदातालाई लिखित सूचना दिई आफ्नो आय सम्बन्धमा केही कुरा भन्न वा सबुत प्रमाण पेस गर्न ७ दिनको म्याद दिनुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कर अधिकृतले निर्णय गर्दा यस सम्बन्धमा करदातालाई दफा ३३(४) बमोजिम प्रमाण पेस गर्ने मौका प्रदान गरेको देखिएन । निर्णय गर्दासमेत उक्त रकमलाई आयमा

समावेश गर्नुपर्नाको उचित कारण खुलाउन सकेको पाइएन । फरकफरक परिमाणको वस्तुको प्याकिङ खर्च फरक पर्न जानु स्वाभाविक हुन्छ । सबैलाई एउटै मापदण्डभित्र राखेर हेर्न मिल्दैन । तसर्थ, प्याकिङ खर्चतर्फको रकम आयमा समावेश गर्ने गरेको कर कार्यालयको निर्णय उल्टी गरी आयमा समावेश नहुने भनी गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखियो ।

अतः माथि विवेचित आधार, कारणसमेतबाट विज्ञापन, व्यापार प्रवर्द्धन तथा अतिथि सत्कार खर्च, उत्पादनको क्रममा भएको कच्चा पदार्थ नोक्सानी रकम, प्राइम इन्टरनेसनलबाट असुल हुनुपर्ने भनिएको ब्याज ढुवानी ब्रेकेज एन्ड बेस्टेज खर्चबापतको रकम र मौज्दात मूल्याङ्कनसमेतका सम्बन्धमा राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६५।२।२६ मा भएको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ । घर बहाल रकम करदाताको आयमा समावेश गरेको मिलेको देखिएन भनी राजस्व न्यायाधिकरणबाट फैसला भएको हदसम्म फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई बहाल रकम सम्बन्धमा सुरू कर निर्धारण आदेश सदर हुने ।

इजलास अधिकृत : राजेन्द्र वाग्ले

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फाल्गुन २७ गते रोज २ शुभम् ।

**३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०६८-CR-०७३१, कर्तव्य ज्यान, नेपाल सरकार वि. विष्णुमाया क्षेत्री*

चिकित्सकले अदालतमा उपस्थित भई बकपत्र गर्दा "फोक्सो पानीमा राख्दा तैरिएको थियो । कुहिएको फोक्सो पनि तैरिन सक्छ । उक्त बच्चा जिउँदै जन्मिएको हो वा मरेको जन्मिएको हो भनी यकिनसाथ खुलाउन सकिन । फोक्सो कुहिएको हुनाले श्वास फेरेको, नफेरेको वा फोक्सो फुलेको वा नफुलेको के थियो सो पनि यकिन गर्न सकिएन" भनी बकपत्र गरेको देखिन्छ । लास प्रकृति मुचुल्का हेर्दा पछाडिपट्टिको कपाल नरहेको, चिउँडोमा घाउजस्तो देखिए पनि लास सडीगली गएकोले छुट्याउन नसकिने अवस्थाको रहेको, कपडाले बेरेको मृत बच्चाको जिउमा लगाउने कपडा नभएको, दिसाजस्तो पदार्थ देखिएको भन्नेसमेत उल्लेख भएको पाइन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा बच्चा मृत जन्मेकोले फालेको कुरासम्म स्वीकार गरेको देखिन्छ । निजले जिउँदो जन्मेको जातक मारी फालेको कुरामा इन्कार रही बयान गरेको छ । मौकामा कागज गर्ने मानिसहरूले 'मारी फालेको भन्ने सुनेकोसम्म हो भनी बेहोरा लेखाएको पाइयो । प्रतिवेदकसहित मौकामा कागज गर्ने मानिसहरूको अदालतमा बकपत्रसम्म पनि हुन सकेको देखिँदैन । जीवित जन्मने क्रममा रोए कराएको आवाज सुनेको वा देखेको भन्ने पनि देखिँदैन । अन्य कुनै पनि तथ्ययुक्त प्रमाणबाट प्रतिवादी विष्णुमायाले अनुसन्धानको क्रममा गरेको साबिती बयान समर्थित भएको देखिँदैन । यस अवस्थामा शंकाको भरमा निज प्रतिवादीलाई कसुरदार ठहर गर्नु मनासिब नदेखिने ।

अतः भरपर्दो र विश्वसनीय प्रमाणहरूबाट प्रतिवादी विष्णुमाया क्षेत्रीउपरको अभियोगदाबी प्रमाणित हुन आएको नदेखिँदा शंकाकै भरमा निजलाई कसुरदार ठहर गर्न मिलेन । शंकाको सुविधा अभियुक्तले पाउने हुँदा प्रमाणको मूल्याङ्कन नगरी सुरू कास्की जिल्ला अदालतबाट भएको मिति २०६७/११/३ गतेको फैसला उल्टी हुने र प्र.विष्णुमाया क्षेत्रीले आरोपित अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको

पुनरावेदन अदालत पोखराको मिति २०६८/७/८ गतेको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल मङ्सिर २७ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-WO-१०४०, उत्प्रेषण / परमादेश, लक्ष्मीनाथ नेपाल वि. शिक्षा विभाग, सानोठिमी, भक्तपुरसमेत*

निवेदक लक्ष्मीनाथ नेपाल नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको सभापति पदको उम्मेदवार भएको र निर्वाचन परिणाममा घटी मत प्राप्त गरेकाले निर्वाचित हुन असफल भएपछि प्रस्तुत रिट निवेदन दिएको पाइयो । विपक्षीमध्येका फुल महमद मियाँ विद्यालयको प्रधानाध्यापक रहेकोले निर्वाचनका लागि अयोग्य रहेको भनी जिकिर गरेकोतर्फ हेर्दा निजले मिति २०७१/११/२५ गतेदेखि लागु हुने गरी पदबाट दिएको राजीनामासमेत स्वीकृत भइसकेको देखियो । सो मितिपश्चात् मात्र निर्वाचन कार्य भएको देखिन्छ । विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा स्काउट, जुनियर रेडक्रस जस्ता एकाइ खोल्न प्रोत्साहन गर्ने व्यवस्था भएकोले अध्ययन अध्यापन कार्यमा बाधा नपर्ने गरी विद्यालयका शिक्षक तथा प्रधान अध्यापकहरूलाई खटाउन सकिने गरी नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/१२/२५ मा निर्णय भएकोसमेत देखिन्छ। यसरी सम्पन्न निर्वाचनअनुसार विपक्षीमध्येका फुल महमद मियाँ निर्वाचित भएको र अहिले निजको ४ (चार) वर्षको कार्यकालसमेत समाप्त भइसकेको देखियो । निर्वाचित पदाधिकारीको कार्यकाल नै समाप्त भइसकेको देखिँदा अब प्रस्तुत विषयमा निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने कुनै प्रयोजन देखिएन। तसर्थ रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल फाल्गुन २८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-WO-०९११, उत्प्रेषण / परमादेश, विजयकुमार लामिछाने वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२घ. को उपनियम (७) बमोजिम निवेदक विजयकुमार लामिछानेले शैक्षिक-सत्र सुरू भएको मितिले तीस दिनभित्र कार्य-सम्पादन मूल्याङ्कन फाराममा आफूले भर्नुपर्ने विवरण भरी सम्बन्धित विद्यालयमा पेस गरेको देखिएको छ । निवेदकले फाराम भरी पेस गरेपछि सो फाराम विधिवत् दर्ता गर्ने, का.स.मु.फाराममा दर्ता नं., दर्ता मिति जनाउने आदि कार्यको जिम्मेवारी सम्बन्धित संस्थामा नै रहन्छ। तोकिएको म्यादभित्र फाराम पेस हुन आएको नभए उसै बखत सो फाराम स्वीकार नगर्ने, दर्ता नगरी फिर्ता गर्ने जस्ता प्रक्रिया अपनाउनु आवश्यक थियो; तर त्यसप्रकारको प्रक्रिया अपनाइएको देखिँदैन । काम कारबाहीमा अरूले गरेको त्रुटिको दुष्परिणाम निवेदकलाई वहन गराइनु हुँदैन। निवेदकको का.स.मु. फारामलाई अधिकारप्राप्त अधिकारीहरूले औपचारिक रूपमा स्वीकार गरी मूल्याङ्कन गरिसकेपछि बढुवा प्रक्रियामा आएर नितान्त असङ्गत, प्राविधिक र अविवेकपूर्ण तर्कका आधारमा निवेदकको शैक्षिक वर्ष २०६९ र २०७० सालको का.स.मु. फारामलाई मान्यता नदिनु न्यायोचित नहुने।

निवेदक विजयकुमार लामिछानेलाई अनुचित र अन्यायपूर्ण तवरबाट बढुवा नदिने गरी विपक्षीहरूबाट कामकारबाही र निर्णय गरेको देखिन आयो । अतः

काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गत वि.नं. ०५/०७१-०७२ को ९ पद मा.वि. द्वितीय श्रेणी शिक्षक बढुवा गर्ने सम्बन्धमा गरिएको बढुवा समितिको मिति २०७२/६/१ को निर्णय, सोउपर गरिएको पुनरावलोकन समितिको निर्णय निवेदकलाई बढुवा नदिने गरी भएको हदसम्म उत्प्रेषणको आदेशले बदर गरिएको देखिने।

विपक्षी बिन्दुप्रसाद ढुंगानासमेतका ९ जना शिक्षकलाई गरिएको बढुवाको सन्दर्भमा विचार गर्दा बढुवाका लागि निजहरूमध्ये कसैको निर्धारित योग्यता पुगेको छैन भन्ने जिकिर प्रस्तुत हुन आएको देखिएन। सबै ९ जना शिक्षकहरू बढुवाका लागि योग्य देखिएको र निजहरूको बढुवा नियुक्तिसमेत २०७२ सालमा नै भइसकेको पाइयो। कानूनी प्रक्रियाबमोजिम बढुवा भई विगत ४ वर्षदेखि कार्यरत शिक्षकहरूको बढुवा अहिले केही सामान्य प्राविधिक कारणबाट बदर गर्नु उचित र समन्यायिक दृष्टिले हेर्दा मनासिब देखिँदैन। तसर्थ, बिन्दुप्रसाद ढुंगानासमेतका ९ जना विपक्षी शिक्षकहरूलाई गरिएको बढुवाको हदसम्म सो निर्णय बदर गर्न मिलेन। यसका साथै, अनुचित र अन्यायपूर्ण रूपमा बढुवा हुनबाट वञ्चित गरिएका शिक्षक निवेदक विजयकुमार लामिछानेउपर समेत पूर्ण न्याय हुनुपर्ने देखियो। तसर्थ, निज विजयकुमार लामिछानेलाई बढुवा नदिने गरी भएको हदसम्मका निर्णय एवम् काम कारबाही उत्प्रेषणको आदेशले बदर हुन्छ। अब निजलाई हाल मा.वि. द्वितीय श्रेणीको शिक्षक पद रिक्त रहेको भए सोही पदमा र रिक्त नभए निजको हकमा उक्त पद तत्काल सिर्जना गरी विपक्षीहरूमध्येका बिन्दुप्रसाद ढुंगाना, कल्याण सिंह धामीसमेतका शिक्षकहरूलाई मा.वि. द्वितीय श्रेणीमा बढुवा गरिएअनुसारकै बढुवा मिति कायम हुने गरी बढुवा नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: विजय खड्का
इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-WO-१०२१, उत्प्रेषण / परमादेश, नैनसिंह पालसमेत वि. शिक्षा मन्त्रालयसमेत

कर्मचारीलाई प्रदान गरिएको सुविधा निजको मन्जुरीबेगर "निजलाई प्रतिकूल असर पर्ने गरी" कटौती गर्न नहुने, एकपटक प्रदान गरिएको सुविधाको निरन्तरता निजको सेवाकालमा कायम रहने कुरालाई विधायिकाले कानूनी रूपमा मान्यता दिएको देखिन आउँदछ। खाइपाई सकेको सुविधा कटौती नगरिने, त्यस प्रकारको सुविधाको निरन्तरता कायम रहने कुरामा सबै प्रकारका सेवा, समूहका कर्मचारीहरूका हकमा समान रूपमा लागु हुने गरी कानूनी संरक्षण प्रदान गरिएकोसमेत देखिन्छ। शिक्षकलाई यस कुराको अपवादको रूपमा लिइनु उचित हुँदैन। शिक्षकको योग्यता, पदीय दायित्व, सम्हाल्नुपर्ने जिम्मेवारी, श्रेणी, तह आदि कुराको आधारमा सरकारले प्रदान गर्ने सुविधा पनि केही फरक हुन सक्दछन्। तर यसरी सुविधा प्रदान गर्दा अपनाउने सिद्धान्त भने समान किसिमको हुनुपर्दछ। अन्यथा फरकफरक सिद्धान्त र मापदण्डका आधारमा सुविधा कायम गर्दा समानहरूका बिच पनि असमान व्यवहार हुन पुग्ने स्थिति रहन्छ। राज्यले शिक्षकलगायतका कर्मचारीहरूउपर समानतामा आधारित न्यायपूर्ण व्यवहार गर्नु पर्दछ। ग्रेड प्रदान गर्दा र यसको गणना गर्दा कसरी, कुन मान्यता वा आधारमा गर्ने भन्ने कुरा विधायिकी तजबिजको कुरा हो। विधायिकाले आफ्नो अभिप्राय कानूनको माध्यमबाट

अभिव्यक्त गरिसकेपछि ग्रेड अङ्कको गणना गर्ने कुरामा कर्मचारीको सेवागत वर्गीकरण जस्ता कुराका आधारमा राज्य कोषबाट तलब भत्ता पाउने शिक्षकहरूका हकमा फरक सिद्धान्त अपनाउनु वाञ्छित कुरा नहुने।

विपक्षीहरूबाट लिखित जवाफमा "शिक्षकहरूले खाइपाई आएको ग्रेड रकम निजको तलबमा समायोजन गरिएको हुँदा निजलाई प्रतिकूल असर पर्ने गरी सुविधाबाट वञ्चित गरिएको छैन" भन्ने जिकिर लिएको पाइयो। त्यसैले खाइपाई आएको ग्रेड रकम तलब-स्केलमा समायोजन गरिएकोलाई उचित मान्न मिल्छ वा मिल्दैन भन्ने प्रश्न विचारणीय बनेको छ । ग्रेड पनि शिक्षकलगायतका कर्मचारीले पाउने तलबकै एउटा अङ्ग हो । नयाँ र पुराना तथा बढी अनुभवी र कम अनुभवीका बिच तलब सुविधामा केही अन्तर कायम गर्ने तथा अपेक्षाकृत बढी अवधि सेवा गरेकाहरूलाई केही अतिरिक्त सुविधा प्रदान गरी सेवाप्रति उत्प्रेरणा कायम राख्ने अभिप्रायले निश्चित अवधि सेवा गरेपछि तलब-स्केलमा निश्चित अङ्क वृद्धि हुने गरी ग्रेड वृद्धिसम्बन्धी अवधारणा प्रयोगमा ल्याइएको देखिन्छ । हाम्रो देशको सन्दर्भमा हेर्दा शिक्षकलगायतका कर्मचारीहरूले सेवामा प्रवेश गर्दाको अवस्थामा नै यति अवधि सेवा गरेपछि यति ग्रेड वृद्धि पाइन्छ भन्ने वैध अपेक्षा राख्ने गरेको पाइन्छ । यो स्वाभाविक अपेक्षा पनि हो । यसप्रकारको अपेक्षाको प्रतिकूल हुने गरी अन्यथा व्यवस्था गर्नु मनासिब हुँदैन। खाइपाई आएको ग्रेड अङ्कलाई तलब-स्केलमा समायोजन गरेको (ग्रेड संख्या कायम नराखिएको) अवस्थामा विद्यमान मूल्यवृद्धिको तुलनामा समायोजित कार्यको परिणामस्वरूप समयक्रममा शिक्षकहरूलाई प्रतिकूल असर नै पर्न जाने देखिन्छ। प्राविधिक शिक्षकहरूका लागि २०५७ सालमा प्रदान गरिएको २ ग्रेड वृद्धि प्राविधिक ज्ञान र सीपको लागि उत्प्रेरणास्वरूप प्रदान गरिएको सुविधा थियो; यसलाई केबल सो २ ग्रेड बराबरको अङ्क (रकम) भन्ने अर्थमा मात्र बुझिनु मनासिब हुँदैन । त्यसैले ग्रेड रकम तलब-स्केलमा समायोजन गरेको भन्नेसम्मको कारणबाट शिक्षकले खाइपाई आएको सुविधामा कटौती हुन पुग्दैन भन्ने विपक्षीहरूको जिकिर तर्कपूर्ण नदेखिने।

शिक्षकलगायतका प्राविधिक कर्मचारीहरूलाई २०५७ सालमा प्रदान गरिएको ग्रेड बराबरको रकम २०७३ सालमा तलबमा समायोजन गर्दा निजहरूको सहमति वा मन्जुरी लिएको भन्ने देखिँदैन। यो सुविधा २०५७ सालभन्दा अगाडि नियुक्त भएका शिक्षकहरूमा अन्तर्निहित रहेको देखिन्छ। खाइपाई सकेको सुविधा कटौती गर्न नमिल्ने कुरा सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेका विविध कानूनमा नै उल्लेख भएको देखिन्छ। यसरी कानूनले गरेको व्यवस्थाको सम्बन्धमा पूर्वउद्धृत निवेदक विन्देश्वर सिंहसमेत, निवेदक केशववहादुर थापा क्षेत्रीसमेत, निवेदक पुष्पमुनी बज्राचार्यसमेत, निवेदक दुर्गाप्रसाद काफ्लेसमेत तथा निवेदक धृतनारायण साहसमेत भएको विवादका सन्दर्भमा यस अदालतबाट व्याख्या र विवेचना भइसकेको देखिन्छ । यसरी अपनाइएको दृष्टिकोणसँग अहिले विमति राख्नुपर्ने कुनै उचित कारण प्रस्तुत हुन आएको पाइएन । विद्यालयका शिक्षकसम्बन्धी कानूनमा निजामती सेवा ऐनमा भएसरहको प्रावधानभन्दा भाषिक प्रस्तुतिमा केही सामान्य फरक रहेको देखिए तापनि शिक्षा नियमावली, २०५९ को नियम १०० मा "शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिएबमोजिमको तलब र भत्ता पाउने छ। यस नियमावलीबमोजिम निलम्बन भएकोमा बाहेक स्थायी शिक्षकले एक शैक्षिक सत्र पूरा गरेपछि नेपाल सरकारले तोकेबमोजिमको एक तलब वृद्धि पाउने छ" भनी कानूनी व्यवस्था गरेको पाइयो। यसरी सरकारी

विद्यालयका शिक्षकहरूलाई समेत राज्य कोषबाट तलब, भत्ता, ग्रेड प्रदान गर्ने गरिएको, ग्रेड प्रदान गर्ने सम्बन्धमा विद्यालयका शिक्षकको हकमा फरक सिद्धान्त वा मापदण्ड अपनाउनु मनासिब नदेखिएको र विद्यालयका शिक्षकले प्रदान गर्ने सेवाको दृष्टिले हेर्दा पनि निजहरूउपर फरक व्यवहार गर्नु उचित नदेखिएको हुँदा समन्यायिक दृष्टिले विचार गर्दा सबै राष्ट्रसेवकहरूका हकमा ग्रेड वृद्धि सम्बन्धमा समान सिद्धान्तको अनुशरण गर्नु वाञ्छनीय देखिने।

अतः नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/३/३१ को निर्णयअनुसार २०७३/४/१ देखि लागु हुने गरी स्वीकृत गरिएको भनी जारी गरिएको अर्थ मन्त्रालयको मिति २०७३/४/४ को पत्रको प्रकरण (ग) को बेहोराबाट शिक्षकलगायतका कर्मचारीहरूले खाइपाई आएको सुविधा अनुचित र कानून प्रतिकूल तवरबाट कटौती हुन पुगेको देखिँदा प्राविधिक कर्मचारीको ग्रेड समायोजन गर्ने भनिएको हदसम्म उल्लिखित निर्णय र पत्रसमेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब यसमा विपक्षीमध्येको अर्थ मन्त्रालयको मिति २०७३/४/४ को विवादित पत्रको प्रकरण “ख” मा उल्लेख भएबमोजिम वार्षिक ग्रेड वृद्धि संख्या कायम गरी २०५७ सालदेखि खाइपाई आएको २ (दुई) ग्रेडलाई साबिकबमोजिम नै ग्रेडवृद्धि कायम राखी मिति २०५७/४/१ भन्दा पहिले प्राविधिक शिक्षक पदमा नियुक्ति पाई सेवा गरेका शिक्षकहरूलाई नयाँ तोकिएको दरले (एक दिनको तलब बराबर एक ग्रेडका दरले) ग्रेड सुविधा प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ । साथै, जिल्ला शिक्षा कार्यालयले २०७१ साल चैत्रदेखि शिक्षकले पहिलेदेखि खाइपाई आएको प्राविधिक भत्ता कटौती गरी तलब निकासा गरेको हुँदा सोसमेत पाउनु पर्छ भनी निवेदकहरूले गरेको जिकिर मनासिब देखिएकोले २०५७ साल श्रावण १ गतेभन्दा अगाडि नियुक्त भई प्राविधिक २ ग्रेड थप खाइपाई आएका शिक्षकहरूले उपरोक्तानुसार भुक्तानी पाउन बाँकी रहेको भए सोसमेत भुक्तानी गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

प्रस्तुत विवाद मुलतः ग्रेड प्रदान गर्ने तथा समायोजन गरेको कुरा कानूनअनुकूल हुने वा नहुने भन्ने प्रश्नमा केन्द्रित रहेको छ । विवादित कानूनी प्रश्नको उपर्युक्तअनुसार निरूपणसमेत भएको छ । यस अवस्थामा उपर्युक्तअनुसार ग्रेड वृद्धि पाउने अवस्थाका समान हैसियतका अन्य शिक्षक कर्मचारीहरूका हकमा समान व्यवहार गरिनु उचित हुन्छ । अदालतबाट कानूनी स्थितिको एक पटक निरूपण भइसकेपछि पटकपटक सोही प्रश्न उठाई व्यक्तिपिच्छे विवाद लिएर अदालत प्रवेश गर्नु पर्दछ भन्ने दृष्टिकोण राखिनु पनि हुँदैन । सरकारले आफ्ना जुनसुकै सेवा समूहका शिक्षक वा कर्मचारीहरूका हकमा न्याय र समान व्यवहार गर्नु पर्दछ । तसर्थ, रिट निवेदकहरूबाहेक पनि निजहरूसरहका अन्य २०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत उपर्युक्तअनुसारको २ ग्रेड खाइपाई आएका सबै प्राविधिक शिक्षक कर्मचारीहरू (हाल पदमा बहाल रहेका तर रिट निवेदन नगरेका तथा यसबिच सेवा निवृत्त भइसकेका भए निजहरूसमेत यस वर्गमा पर्ने सबै प्राविधिक शिक्षकहरू) को हकमा समेत समन्यायिक तवरबाट विचार गरी निजहरूलाई समेत उपरोक्तानुसारको २ (दुई) ग्रेड प्रदान गर्नु मनासिब देखिन्छ । अतः यो विवादको टुङ्गो लगाउनु मनासिब देखिएकाले २०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत प्राविधिक २ ग्रेड थप खाइपाई आएका (रिट निवेदन नगरेका तथा यसबिच सेवा निवृत्त भइसकेका भए निजहरूसमेत निवेदकहरूसरहका सबै प्राविधिक) शिक्षकहरूलाई

उपरोक्तानुसारको ग्रेड सुविधा प्रदान गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम विपक्षीहरूका नाउँमा यो "उपयुक्त आदेश" समेत जारी हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खडका

इति संवत् २०७६ साल वैशाख १५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७३-WO-०८५८, उत्प्रेषण / परमादेश, गोपालबहादुर ऐर वि. शिक्षा मन्त्रालयसमेत
- ०७३-WO-०७४२, उत्प्रेषण / परमादेश, खेमचन्द्र सुवेदीसमेत वि. शिक्षा मन्त्रालयसमेत
- ०७३-WO-०२३४, उत्प्रेषण / परमादेश, बलराम पोखरेल वि. नापी विभाग मीनभवनसमेत

## इजलास नं. १२

### १

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७१-WO-०४०१, उत्प्रेषण / परमादेश, रमेश कार्की वि. गृह मन्त्रालयसमेत*

निवेदकले प्रहरी नियमावली, २०४९ को नियम ८४ को उपनियम (क) बमोजिम मिति २०६९।५।२८, २०६९।१२।२६ र २०७०।६।२४ मा नसहित पाएको र नियम ८४ को उपनियम (ङ) बमोजिम मिति २०७०।७।१४ मा तल्लो टाइम स्केलमा घटुवा हुने गरी सजाय पाएको देखिन्छ । निवेदकको स्पष्टीकरणको बेहोरा हेर्दा, आफूले विवादित समयमा मादक पदार्थ सेवन गरेको कुरालाई स्वीकार गरेको देखिन्छ । विवादित घटना मिति २०७०।७।१८ को रहेको र रिट निवेदकले पाएको विभागीय सजायको समयावधिलाई मध्यनजर गर्दा पनि निज निवेदक आफ्नो कर्तव्य पालना गर्ने क्रममा बरोबर अनुशासनहीन रहेको र आचरणसम्बन्धी नियमहरू बराबर उल्लङ्घन गर्ने भनी उल्लिखित लिएको आधारमा वस्तुनिष्ठता रहेको ।

निवेदकलाई आफ्नो कार्यप्रति सफाइ पेस गर्न दुईपटक निजसँग स्पष्टीकरण माग गरिएको देखिन्छ । पहिलो स्पष्टीकरणको पत्रमा घटनाको सम्बन्धमा र दोस्रोमा के सजाय गर्ने भन्ने विषयमा आरोप लगाइएको देखिन्छ । दुवैपटक पेस भएको निवेदकको स्पष्टीकरण सन्तोषजनक नभएकोले अनुशासनहीन र आचरणविपरीतका कार्यहरू बराबर गरेको हुँदा भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी कारबाही भएको देखिएबाट विद्वान् कानून व्यवसायीहरूको उक्त जिकिरसँग सहमत हुन सकिएन । त्यसैगरी स्पष्टीकरणविना अख्तियारप्राप्त अधिकारीबाट भएको भन्ने बहस जिकिरको सम्बन्धमा हेर्दा, प्रहरी नियमावली, २०४९ को नियम ९३ को उपनियम (२)(ख) मा प्रहरी जवानलाई हुने सजायको किसिम *"...वा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने..."* को हकमा सजाय दिने अधिकारी *"सम्बन्धित प्रहरी उपरीक्षक"*, पुनरावेदन सुन्ने अधिकारी *"सम्बन्धित प्रहरी नायब महानिरीक्षक"* भन्ने उल्लेख भएको देखिन्छ । रिट निवेदक रमेश कार्कीलाई महानगरीय प्रहरी पहरा गण मुख्यालय, सामाखुशीका प्रहरी उपरीक्षक संजयराज शर्माबाट मिति २०७०।७।२० मा स्पष्टीकरण माग गरिएको र सो स्पष्टीकरण सन्तोषजनक नभएकोले मिति २०७०।८।७ मा पुनः निज प्रहरी उपरीक्षकबाट नै दोस्रोपटक स्पष्टीकरण माग भएको देखिँदा स्पष्टीकरण सोधिएको विषयलाई अख्तियारप्राप्त अधिकारीबाट

सोधिएन भन्न नमिल्ने।

एक मर्यादित प्रहरी सङ्गठनको एक जिम्मेवार प्रहरी कर्मचारी भएर निवेदकले रातको समयमा मादक पदार्थ सेवन गरी ब्यारेकमा हो-हल्ला गरी अश्लिल शब्द प्रयोग गरी सङ्गठनको अनुशासन विपरीतको कार्य गरेको भन्ने ह.मे.प्र.ह. कमलराज गिरीको प्रतिवेदनबाट र निवेदकले मादक पदार्थ सेवन गरेको तथ्यलाई मिति २०७०।७।१८ को चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) बाट भएको निवेदकको स्वास्थ्य परीक्षणका साथै निवेदकको स्पष्टीकरण जवाफबाट पुष्टि भएको छ। रिट निवेदकले आफू सेवामा रहेको समयमा विभिन्न प्रहरी कार्यालयमा कार्यरत रहँदा पटकपटक अनुशासन र आचरणविपरीतको कार्य गरेको र सोबापत विभिन्न मितिमा नसिहत र तल्लो टाइम स्केलमा घटुवा हुने गरी सजाय पाएको देखिँदा निवेदक रमेश कार्कीलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को (ग) र (ज) को कसुरमा नियम ९३ देहाय २(ख) ले दिएको अधिकार प्रयोग गरी नियम ८४ (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी मिति २०७०।८।२१ मा महानगरीय प्रहरी पहरा गणका प्रहरी उपरीक्षकबाट भएको सुरू निर्णय र सोलाई सदर गरी मिति २०७१।७।५ मा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट भएको पुनरावेदकीय निर्णयमा कानूनी त्रुटि नदेखिने।

प्रहरी नियमावली, २०४९ को नियम ८८ को (ग) र (ज) को कसुरमा नियम ९३ देहाय २(ख) ले दिएको अधिकार प्रयोग गरी नियम ८४ (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी मिति २०७०।८।२१ मा महानगरीय प्रहरी पहरा गणका प्रहरी उपरीक्षकबाट भएको सुरू निर्णय र सोलाई सदर गरी मिति २०७१।७।५ मा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट भएको पुनरावेदकीय निर्णय कानूनसम्मत नै भएको देखिएकोले उक्त मिति २०७०।८।२१ को महानगरीय प्रहरी पहरा गणका प्रहरी उपरीक्षकबाट भएको सुरू निर्णय र मिति २०७१।७।५ मा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट भएको पुनरावेदकीय निर्णय कानूनबमोजिम प्राप्त अख्तियारी र कानूनको प्रक्रिया पूरा गरी भएको देखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदक रमेश कार्कीको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार २९ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७५-WO-०५५३, उत्प्रेषण / परमादेश, मनिषकुमार शर्मा वि. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत*

रिट निवेदक वर्षा ओरियन्टेसन ट्रेनिङ सेन्टर प्रा.लि. कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनी दर्ताको प्रमाण पत्र प्राप्त गरी वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ र अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरण र तालिम सञ्चालनसम्बन्धी कार्यविधि, २०७१ बमोजिम अनुमति लिई वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि अभिमुखीकरण तालिम सञ्चालन गर्दै आएको देखिन्छ। अभिमुखीकरण संस्था नवीकरणको सम्बन्धमा वैदेशिक रोजगार नियमावली,

२०६४ को नियम २३ को उपनियम (१) र (४) मा अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले प्राप्त गरेको अनुमति पत्र एक आर्थिक वर्षसम्म मान्य हुने भन्ने व्यवस्था भएको देखिन्छ । नियम २३ को उपनियम (२) मा अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गराइसक्नुपर्ने र उक्त समयावधिभित्र नवीकरण नगराएमा त्यस्तो अनुमति पत्र रद्द गर्ने व्यवस्था नियम २३ को उपनियम (५) मा रहेको देखिन्छ । रिट निवेदक कम्पनीले आफ्नो अनुमति पत्र नवीकरणको लागि आवश्यक विवरण पेस गरी २०७५ असार मसान्तभित्र निवेदन पेस गरेको मिसिल संलग्न मिति २०७५।३।३२ को निवेदनको प्रतिलिपिबाट देखिने ।

रिट निवेदक वर्षा ओरियन्टेसन ट्रेनिङ सेन्टर प्रा.लि. ले अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१ बमोजिमका कागजात संलग्न राखी संस्था नवीकरणको लागि अनुरोध गरी वैदेशिक रोजगार विभाग, काठमाडौंसमक्ष मिति २०७५।३।३२ मा निवेदन दिएकोमा सो निवेदन पत्र वैदेशिक रोजगार विभागमा दर्ता नं. १६१२० मिति २०७५।३।३२ मा दर्तासमेत भएको देखिन्छ । वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ को उपनियम (२) अनुसार रिट निवेदकले आर्थिक वर्षको असार मसान्तभित्रै आवश्यक विवरणसहित संस्था नवीकरण गराउने प्रयोजनार्थ वैदेशिक रोजगार विभागमा निवेदन दिएको पाइयो । रिट निवेदकले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ को उपनियम (३) बमोजिम नवीकरण दस्तुरबापत लाग्ने रकम रू.५,०००।- समेत मिति २०७५।४।२ मा वैदेशिक रोजगार विभागको नाममा सानिमा बैंक लि. मा बैंक दाखिल गरिसकेको कुरा मिसिल संलग्न रहेको बैंक दाखिला भौचरबाट देखिन्छ । यसरी असार मसान्तभित्रै संस्था दर्ताको लागि परेको निवेदन आफूले स्वीकार गरी आवश्यक नवीकरण दस्तुरसमेत बुझिसकेको र विपक्षी वैदेशिक रोजगार विभागको वेबसाइट www.dofe.gov.np र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेबसाइट www.febp.gov.np मा असोज मसान्तसम्ममा अनुमति पत्र नवीकरण गर्न सकिने व्यवस्थासहितका वैदेशिक रोजगार नियमावली, २०६४ र अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१ राखिएको, उक्त नियमावली तथा कार्यविधिमा भएको परिवर्तनलाई अध्यावधिक गरिएको थिएन भन्ने निवेदन जिकिरलाई विपक्षीहरूले आफ्नो लिखित जवाफबाट अन्यथा भन्न नसकेको अवस्थामा म्यादभित्र नवीकरण नगराएको कारण जनाई संस्था रद्द हुने गरी गरेको निर्णयमा कानूनी त्रुटि रहेको देखिन आयो ।

रिट निवेदक अल एसियन ओरियन्टेसन सेन्टर प्रा.लि. विपक्षी वैदेशिक रोजगार विभागसमेतका यिनै निकायहरू भएको ०७५-WO-०२८८ को उत्प्रेषणसम्बन्धी रिट निवेदनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को निर्णय, वैदेशिक रोजगार विभागको च.नं. १०४६ मिति २०७५।५।२६ को पत्र, तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी अन्य कुराको रीत विधि पूरा गरेको भए शुल्क श्रावण महिनामा दाखिला गरेको भन्नेसम्मको कारणले निवेदक संस्थाको नवीकरण गर्ने कार्य नरोकी विधि र प्रक्रिया पुऱ्याई निवेदक अल एसियन ओरियन्टेसन सेन्टर प्रा.लि.को संस्था दर्ता नवीकरण गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर गरी सरकारी निकायका Website बाट प्रकाशन / सम्प्रेषणका सम्बन्धमा विपक्षी मन्त्रालयका सचिवले

हेरी आफ्नो निकायसँग सम्बन्धित सूचना अध्यावधिक गरी मिलाउने आवश्यक प्रबन्ध तत्काल गर्नु भनी मिति २०७५।९।२६ मा निर्देशनात्मक आदेशसमेत जारी हुने गरी र समान विषयवस्तु भएको रिट निवेदक शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि. विपक्षी वैदेशिक रोजगार विभागसमेतका यिनै निकायहरू भएको ०७५-WO-०५५२ को उत्प्रेषणसम्बन्धी रिट निवेदनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को निर्णय, वैदेशिक रोजगार विभागको च.नं.१०४६ मिति २०७५।५।२६ को पत्र, तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकको संस्था दर्ता नवीकरण गर्नु, गराउनु भनी यसै अदालतको संयुक्त इजलासबाट विपक्षीहरूका नाममा परमादेश जारी हुने ठहर गरी मिति २०७६।३।५ मा आदेश भएको।

०७५-WO-०२८८, ०७५-WO-०५५२ को उत्प्रेषणसमेत रिट निवेदनमा प्रतिपादित सिद्धान्त र प्रस्तुत निवेदनको विषयवस्तुमा समानता रहेको देखिएको अवस्था भई यसमा पनि मिति २०७५।३।३२ मा नवीकरणको लागि निवेदन दर्ता भई मिति २०७५।४।२ मा नवीकरण शुल्कसमेत बुझाएको देखिएको छ । यसरी विपक्षी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरबाट मिति २०७५।५।४ र वैदेशिक रोजगार विभागबाट मिति २०७५।८।१८ मा नवीकरण नगर्ने भनी गरिएको निर्णयपूर्व नै निवेदकद्वारा नवीकरणसम्बन्धी सबै प्रक्रिया पूरा गरेको पाइँदा निवेदक वर्षा ओरियन्टेसन ट्रेनिङ सेन्टर प्रा.लि.को हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को निर्णय, वैदेशिक रोजगार विभागको च.नं.९९२ मिति २०७५।८।१८ को पत्र, तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । साथै रिट निवेदक संस्थाको नवीकरण गर्ने सम्बन्धमा अन्य कुराको रीत विधि पूरा गरेको भए शुल्क श्रावण महिनामा दाखिला गरेको भन्नेसम्मको कारणले निवेदक संस्थाको नवीकरण गर्ने कार्य नरोकी विधि र प्रक्रिया पुऱ्याई निवेदक वर्षा ओरियन्टेसन ट्रेनिङ सेन्टर प्रा.लि.को संस्था दर्ता नवीकरण गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्ने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल आषाढ २९ गते रोज २ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-०५०५, ०७८५, ०८५०, कर्तव्य ज्यान तथा डाँका, धिरज पराजुली वि. नेपाल सरकार, भरत धामी वि. नेपाल सरकार, टोपबहादुर रोकाय वि. नेपाल सरकार*

सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं.१ धुलियाबिटस्थित कच्ची सडकमा मिति २०६८/०१/०२ गतेको राति वारदात घट्न गएको देखिन्छ । सो रात जाहेरवाला कविराम रानालगायत राजु घर्ती, डम्बर फाल मगर (मृतक), दलबहादुर रानासमेतका ४ जना भारतको रोजगारीबाट घर फर्कने क्रममा राति ९:३० बजे धुलियाबिट जङ्गलको बाटोमा गाडी पर्खी बसेको अवस्थामा जाहेरीमा उल्लिखित घटना घट्न गई डम्बर फाल मगरको गोली प्रहारबाट मृत्यु भएको भन्ने उल्लेख भएको पाइन्छ । घटनास्थल लास प्रकृति मुचुल्कामा मृतक डम्बर फालको शरीरमा बायाँ स्तनदेखि २ इन्चमाथि १/२ इन्च गोलाइको घाउ, दायाँ स्तनतर्फ ३ इन्चमाथि कोखानजिक १/२ इन्च गोलाइको घाउ, नाइटोदेखि ४.५ इन्च दायाँतर्फ १/२ इन्च गोलाइको घाउ तथा

बायाँ हातको कुइनाको भित्रपट्टि खुम्चिने भागमा १/२ इन्च नापको ३ वटा घाउ र बायाँ हातको पाखुराको भागमा १/२ इन्च गोलाइ नापको घाउ, शरीर पछाडि दायाँ कोखाको माथि १/२ इन्च गोलाइ नापको घाउ रहेको भन्ने उल्लेख भएको पाइन्छ। अटोप्सी रिपोर्टमा Cause of Death Traumatic Injury to Heart and Lungs Following Bullet Injury (मृतकको मृत्यु गोली प्रहारबाट मुटु र फोक्सोमा लागेको चोटको कारण भएको) भन्ने उल्लेख भएको पाइन्छ भने घटनास्थलबाट दुईवटा गोलीका खोका बरामद भएका, तीमध्ये एउटामा KFO279MM2L र अर्कोमा KFS2001019 लेखिएको, सो खोकाको परीक्षण गर्दा “Two fired empty cartridge cases of 9mm calibre pistol/SMG (Sub–Machine Gun) and these have been fired through inprovised factory made same firearm. A tired (projected) bullet of 9mm calibre postol/ SMG (Sub–Machine Gun) and it has been fired (projected) through improvised factory made firearm. It might be the part of either Article No.1 or Article No.2” भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनमा उल्लेख भएको देखिएबाट जाहेरीमा उल्लेख भएबमोजिम प्वालैप्वाल भएको हतियार (बन्दुक) अर्थात् सबमेसिनगनको गोली प्रहार भई डम्बर फाल मगरको मृत्यु भएको रहेछ भन्ने कुरा स्थापित हुन आयो। मृतकको लास जाँच गर्दाको चोट मुचुल्काको विवरण र प्रयोगशालाको प्रतिवेदनको कुरामा तादात्म्यता रहेको पाइँदा यो जघन्य वारदातमा मेसिनगन बरामद नभएको भन्ने आधारमा घटनालाई द्विविधाजनक भन्न नमिल्ने।

मृतक र अन्य दुईजना राजु घर्ती र दलबहादुर राना भारत बम्बैमा नोकरी गर्ने सामान्य व्यक्तिहरू देखिन्छन्। उनीहरूले घर जाने क्रममा वारदातको दिन घटना घट्नुपूर्व धुलियाबिटमा रहेको प्रतिवादीमध्येका काइँला भन्ने टोपबहादुर रोकायाको पसलमा खाजा र रक्सीसमेत खाएका, बाटोको लागि वियरसमेत खरिद गरेका, सो खाजाको पैसा डम्बर फाल मगरले तिरेको, त्यसपछि उनीहरू त्यहाँबाट निस्की करिब २०० मिटर पर सडकको छेउमा गाडी कुर्ने क्रममा कलभर्टमाथि बसी वियर पिउँदै गर्दा उल्लिखित घटना घट्न गएको भन्ने देखिन्छ । वारदातस्थलबाट टुबोर्ग वियरको खाली बोतल, झोला १ थानसमेत फेला परेको, रगतका छिटासमेत देखिएको अवस्था भएबाट घटना शंकास्पद वा विवादित भन्ने पनि नदेखिने।

मिति २०६८/०१/०३ को जाहेरीमा आफूहरूले काइँलाको पसलमा खाजासमेत खाएको उल्लेख गर्दै निज काइँलासमेतलाई बुझी घटनाबारे अनुसन्धान गर्न अनुरोध गरिएको र त्यहीँबाट अनुसन्धान सुरू भएको अवस्थासमेत छ । काइँला भन्ने व्यक्ति यी प्रतिवादीमध्येका टोपबहादुर रोकाया हुन् भन्ने देखिन्छ । निजले काइँला भन्ने व्यक्ति आफू होइन वा धुलियाबिटमा आफ्नो पसल छैन भनी कहीँकतै इन्कारी बयान गरेका छैनन् । यद्यपि अदालतमा बयान गर्दा वारदातमा आफ्नो संलग्नता रहेको भन्ने आरोपमा इन्कारी बयान दिएका छन् र सो दिन साँझ ८ बजे नै पसल बन्द गरेको भनेका छन् तर घटनाक्रम हेर्दा निजको इन्कारी बयान स्थापित नभई अनुसन्धानको क्रममा निजले गरेको बयान नै स्थापित हुन आएको । निजले अनुसन्धानमा बयान गर्दा “वारदात मिति २०६८।१।२ गते साँझ अं.९ बजेको समयमा म धुलियाबिटस्थित आफ्नो होटलमा नै खाना खाइरहेको अवस्थामा भारतबाट कमाइकजाइ गरी घरतर्फ जान लागेका २ जना, पछि नाम थाहा हुन आएका डम्बर फाल मगर र कविराम राना मेरो होटलमा

वियर किन्न आई मेरो श्रीमतीबाट २ वटा वियर किनी, पर्सबाट भारतीय नोट निकाली दिई, मेरो होटेलबाट हिँडी गएको लगत्तैपछि जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरू डिलबहादुर वि.क., सुदीप सुनार र भरत धामी आए। कालो पछ्यौरी ओडेको भरत धामी र सुदीप सुनार निज इन्डियाबाट आई मेरो होटेलबाट वियर किनी लगेका मानिसहरूको पछिपछि गए। डिलबहादुर वि.क. मलाई बोलाउन आई इन्डियाबाट पैसा कमाएर आएका मानिसहरूसँग धेरै पैसा छ, लुट्नुपर्‍यो भन्ने कुरा गरेकाले मसमेत सो कार्य गर्न सहमत भई इन्डियाबाट आएका मानिसहरू गएतर्फ जाने क्रममा बाटोमा जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादी कमल भन्ने धिरज पराजुली भेट भएकाले सो कुरा मैले धिरज पराजुलीलाई भनेपछि मलगायत डिलबहादुर वि.क. र धिरज पराजुली दौडँदै गई अघि गएका भरत धामी र सुदीप सुनारलाई भेट्टाई निज इन्डियाबाट आएका मानिसहरूले कलभर्टमा बसी वियर खाँदै गरेको ठाउँमा गए। म र धिरज पराजुली निजहरूभन्दा १० मिटर वरै उभिएको अवस्थामा डिलबहादुर वि.क.ले वियर खाँदै गरेका इन्डियाबाट आएका मानिसहरूको झोला जबरजस्ती तानी लिएकाले निजहरूबिच एकछिन झोला तानातान हुने क्रममा इन्डियाबाट आएका मानिसहरूमध्ये डम्बर फाल मगरले भरत धामीको मुखको भागमा मुक्का पनि हानेका थिए। सोपछि भरत धामी, सुदीप सुनार र डिलबहादुर वि.क.ले निजहरूको झोला लिई हिँडेपछि डम्बर फाल मगर पछिपछि आई झोला देउ, झोला देउ भनी झोला खोस्न आई लछारपछार हुने क्रममा भरत धामीले आफ्नो साथमा बोकेको प्वालैप्वाल भएको बन्दुकबाट गोली चलाई डम्बर फाल मगरलाई गोली हानी लडाएका हुन्। निज डम्बर फाल मगरका अन्य साथीहरू त्यहाँबाट भागेका थिए। सोपछि डिलबहादुर वि.क., सुदीप सुनार र भरत धामीले पैसासमेत भएको मृतकसमेतको झोला साथमा लिई आई म र धिरज पराजुलीलाई पैसा भोलि बाँडफाँट गरौँला भनी स्कुलतर्फ भागी गएका हुन्। म र धिरज पराजुली आ-आफ्नो घरमा गई सुतेका हौं। यसप्रकार वारदातमा मेरो संलग्नता भए तापनि मृतकलाई मैले गोली प्रहार गरेको भने होइन। भरत धामीले नै गोली प्रहार गरेका हुन्। सो हतियार गन (बन्दुक) भरत धामीले के कहाँबाट ल्याएका हुन् र सो घटनापछि के कहाँ राखेका छन् भन्नेबारेमा मलाई थाहा छैन भन्ने" उल्लेख गरेको।

वारदातमा आफू संलग्न रहेको कुरामा साबित रहँदै अन्य सहअभियुक्तहरूलाई काइँला भन्ने टोपबहादुर रोकायाले पोलेको पाइन्छ। यस्तै स्थिति अन्य अभियुक्तहरू भरत धामी, सुदीप सुनार र डिलबहादुर वि.क.को छ। निजहरू अदालतमा आरोपित कसुरमा इन्कार रहे तापनि अनुसन्धानमा आरोपित कसुरमा साबित रही एक अर्कालाई पोलेको अवस्था छ। निजहरूको अनुसन्धानको बयान हेर्दा, वारदातको समयमा काइँला भन्ने टोपबहादुरको पसलमा यी प्रतिवादीहरू रक्सी खान र कुरा गर्न कुनै न कुनै रूपले पुगेको देखिन्छ। एकै गाउँठाउँका मानिस हुँदा यिनीहरूबिच चिनाजानी, कुराकानी नहुने कुरा पनि भएन। काइँलाको पसलमा खाजा खाएको रकम डम्बर फाल मगरले तिर्दा पर्समा धेरै रकम देखेको भन्ने कुरा पनि निजहरूको बयानबाट खुल्दछ। प्रतिवादी धिरज पराजुलीको हकमा निज अनुसन्धान र अदालत सबैमा इन्कार रहे पनि अनुसन्धानमा बयान गर्दा वारदातको साँझ आफू काइँला भन्ने टोपबहादुरको पसलमा गएको कुरामा साबित देखिएको छ। यी चारैजना प्रतिवादीहरूको हकमा मिति २०६८/०१/२६ को जाहेरीमा नाम खुलेको अवस्था छ भने वारदातस्थलमा भेटिएको झोला डम्बर फालको हो भनी कविरामले

र प्रतिवादीहरू भरत धामी तथा डिलबहादुर वि.क. को घरबाट बरामद भएका अन्य झोला र केही कपडा मृतककी श्रीमती मिना फाल मगरले सनाखत गरेको अवस्था छ। प्रतिवादीमध्येका धिरज पराजुली र भरत धामीलाई राजु घर्तीले एवं. टोपबहादुर रोकायालाई राजु घर्ती र दलबहादुर रानाले चिनी सनाखत गरेको अवस्था छ भने डिलबहादुर वि.क. को अदालतको बयानमा बरामद भएका सामान लिएका हौं भनी उल्लेख गरेको देखिन्छ। गोली कसले चलायो भन्नेमा प्रतिवादीहरूको बयानमा केही फरक परेको देखिए पनि मृतकलाई पाँच ठाउँमा गोली लागेको देखिएबाट एक जनाले मात्र गोली हानेको मान्नुपर्ने देखिएन । यसरी घटनाको स्वरूप र प्रकृति, यी प्रतिवादीहरूको अनुसन्धानको बयान, सनाखतसमेतका समस्त सबुद प्रमाणहरूलाई समग्रतामा मूल्याङ्कन गर्दा वारदात घटेको र डम्बर फाल मगरलाई पुनरावेदक / प्रतिवादीहरू धिरज पराजुली, भरत धामी र काइँला भन्ने टोपबहादुर रोकाया तथा साधकको रोहमा हेरिएका सुदीप सुनार र डिलबहादुर वि.क. ले कर्तव्य गरी गोली हानी हत्या गरेको देखिँदा निज प्रतिवादीहरूलाई कर्तव्य ज्यानतर्फको कसुरमा कसुरदार कायम गरेको हदसम्म सुरू सुर्खेत जिल्ला अदालत र पुनरावेदन अदालत सुर्खेतको इन्साफलाई अन्यथा भन्नुपर्ने नदेखिने।

यसरी हत्या गर्नुपर्ने कारण रकम खोस्ने र लुट्ने नै देखिन्छ । मेसिनगनले गोली हानेपछि मानिस मर्छ भन्ने सामान्य समझको व्यक्तिलाई पनि थाहा जानकारी हुने भएबाट यहाँ मार्ने मनसाय रहेनछ भन्न पनि मिलेन। तर उक्त मिति २०६८/१/३ को जाहेरीमा रकमबारे यकिन कुरा उल्लेख नभएको, केबल २०६८/०१/२६ को जाहेरीमा रकमबारे उल्लेख भएको देखिन्छ तर उल्लिखित रकम कोही कसैबाट पनि बरामद हुन सकेको अवस्था देखिँदैन। भा.रू.१,४०,०००|- डाँका गरी लुटेको भनिएकोमा रकम नै बरामद नभएको र डाँका गरी रकम लिएको भन्नेमा प्रतिवादीहरू इन्कार रहेको पाइएकोसमेतबाट डाँकातर्फको अभियोग दाबी प्रमाणको अभावमा शंकारहित तवरबाट प्रमाणित हुन नसकेको देखिँदा डाँका ठहर गरेको हदसम्म सुरू सुर्खेत जिल्ला अदालत र पुनरावेदन अदालत सुर्खेतको इन्साफ सो हदसम्म मिलेको देखिएन । कर्तव्य ज्यानतर्फको अभियोग माग दाबीबमोजिम प्रतिवादीहरूलाई सर्वस्वसहित जन्मकैद हुने ठहरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म सदर हुने भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा **"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने व्यवस्था भएबाट सर्वस्वसहित जन्मकैद हुने ठहरेको पुनरावेदन अदालतको फैसला परिमार्जन भई प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने।

प्रतिवादीमध्येका सुदीप सुनार र डिलबहादुर वि.क. नाबालक देखिएको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम घटी सजाय भएकै देखिन्छ । निजहरू १४-१६ वर्षको उमेर समूहमा पर्ने देखिँदा हाल विद्यमान बालबालिकासम्बन्धी ऐन, २०७५ ले निजहरूउपर हुने सजायमा कुनै फरक पारेको देखिएन। प्रतिवादीमध्येका भरत धामीले मेरो उमेर वारदातको समयमा १६ वर्षभन्दा कम हुँदा मलाई बालबालिकासम्बन्धी ऐनबमोजिम कम सजाय हुनुपर्ने भनी लिएको जिकिरतर्फ हेर्दा, निजले अदालतको बयानमा १५ वर्ष उमेर लेखाएको भए तापनि सोको प्रमाण नभई अभियोग पत्रमा १७ वर्ष लेखिएकोबाट निजको सोही उमेर रहेछ भन्नुपर्ने हुन आयो।

वारदातको समयमा यी प्रतिवादी भरत

धामीको उमेर १७ वर्ष देखिएको हुँदा निजको हकमा पुनरावेदन अदालतको फैसला परिमार्जन भई निजलाई उमेर पुगेका व्यक्तिलाई हुने जन्मकैदको सजायको २/३ मात्र सजाय हुनुपर्ने।

प्रतिवादीहरू टोपबहादुर रोकाया, धिरज पराजुली, भरत धामी, डिलबहादुर वि.क. र सुदीप सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम परिमार्जन भई निज प्रतिवादीहरूलाई जनही जन्मकैद हुने तथा वारदातको समयमा १४ देखि १६ वर्षबिचको उमेर समूहमा पर्ने देखिएका प्रतिवादीहरू सुदीप सुनार र डिलबहादुर वि.क. लाई तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुने सजाय एवं हाल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(३) बमोजिम हुने सजायमा भिन्नता नदेखिँदा सो हदसम्म पुनरावेदन अदालतको फैसला सदर हुने ठहर्छ । वारदातको समयमा १७ वर्षको भई १६ देखि १८ वर्षको उमेर समूहमा पर्ने देखिएका प्रतिवादी भरत धामीलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत सुर्खेतको फैसला उल्टी भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को (क) (ख), फौजदारी अपराध संहिता, २०७४ दफा ४५(४) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निज प्रतिवादी भरत धामीलाई उमेर पुगेका व्यक्तिलाई हुने जन्मकैदको सजाय अर्थात् मुलुकी ऐन, २०२० दण्ड सजायको महलको ६ नं. बमोजिम हुने २० वर्ष कैदको २/३ अर्थात् १३ वर्ष ४ महिना मात्र कैद सजाय हुने ठहर्छ । डाँका चोरीतर्फ बिगो र जरिवाना भराई बिगोको डेढीले हुने रकम जरिवाना हुने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत सुर्खेतको मिति २०७३।२।२७ को फैसला उल्टी भई डाँका चोरीतर्फ सबै प्रतिवादीहरूले सफाइ पाउने ठहर्ने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री तेजबहादुर के.सी.**, *०७६-WH-०३८७, बन्दीप्रत्यक्षीकरण, निराजन बडुवाल वि. महानगरीय प्रहरी परिसर टेकुसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा थुनाको कारण कानूनसङ्गत छ, छैन, थुनामा राख्ने अधिकारीको कानूनी अख्तियारी छ, छैन, अख्तियारवालाको आदेशले थुनामै राखिएको हो, होइन, थुनामा राख्दा कानूनी कार्यविधि पूरा गरेको छ, छैन, जुन कानूनको आधारमा थुनामा राखिएको हो सो कानूनको संवैधानिकता छ, छैन भन्ने जस्ता विषयमा गहन रूपमा विचार गर्नुपर्ने हुन्छ । प्रस्तुत निवेदनमा निवेदकलाई थुनामा राखी अनुसन्धान गर्नुपर्ने विश्वास गर्न सक्ने आधार आदेशमा उल्लेख नगरी म्याद थप गरेको देखिन आएकोले उक्त आदेशलाई कानूनअनुरूपको आदेशको रूपमा मान्न मिल्ने देखिएन । कुनै पनि निकायले अनुसन्धानको क्रममा पक्राउ गर्न पाउने सो निकायको अन्तर्निहित एवं

स्वतन्त्र वा स्वच्छन्द अधिकार कदापि होइन । आफ्नो अधिकार प्रयोग गर्दा कानूनको प्रक्रियाअनुरूप गर्नुपर्ने हुन्छ । कानून प्रदत्त स्वविवेकको अधिकार प्रयोग गर्दासमेत वस्तुनिष्ठ र मनासिब आधार र कारण खुलेको देखिनु पर्दछ । पर्याप्त र मनासिब आधार र कारण नखुलाई प्रयोग भएको स्वविवेकीय कार्यले कानूनी मान्यता पाउन सक्दैन । सामान्य कारणमा शान्तिपूर्वक सडकमा विरोध प्रदर्शन गरेकै आधारमा राजनीतिक आस्थाका कारण प्रवृत्त भावना राखी कसैलाई पनि पक्री थुनामा राख्न मिल्ने देखिँदैन । कुनै कसुरजन्य कार्य भएको अवस्थामा पनि वर्तमान कोभिड-१९ महामारीको अवस्थामा तारिखमा राखेर अनुसन्धान छानबिन गर्नेतर्फ विवेकपूर्ण रूपमा विचार पुऱ्याउनु आवश्यक थियो । तर यस पक्षमा विचार पुऱ्याएको देखिएन । समग्रमा हेर्दा निवेदक कुशल बोगटीलाई प्रवृत्त धारणा राखी थुनामा राखेको देखिन आउने ।

अत: निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था नदेखिएको, निजलाई प्रवृत्त धारणा राखी बन्दी बनाएको देखिएकोले निवेदक गोविन्द विष्टलाई तत्काल थुनामुक्त गरीदिनु भनी नेपालको संविधानको धारा १३३ (२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटरमा: शान्ति तामाङ

इति संवत् २०७७ साल आषाढ ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-WO-०६३३, उत्प्रेषण / परमादेश, प्रमिला चालिसे खनाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदिकाको हकमा विपक्षी सङ्घीय मामिला मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार स्वास्थ्य मन्त्रालयको मिति २०७६।५।१३ को निर्णय र मिति २०७६।५।१५ को पत्रका आधारमा सङ्घीय मामिला मन्त्रालयले मिति २०७६।९।९ मा गरेको पत्राचारसमेतका कार्यहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदिकालाई समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ को (१) र (२) बमोजिम समायोजनका आधारहरूमा समेत विचार गरी निवेदिकाले भरेको समायोजन फाराममा उल्लेख गरेका प्राथमिकताक्रमानुसार गर्न मिल्ने नमिल्ने आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्ने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७७-WH- ००१६, बन्दीप्रत्यक्षीकरण, नाम परिवर्तित (ख) वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत*

बन्दाबन्दीको परिणामस्वरूप न्यायमा सहज पहुँचमा समेत अवरोधको स्थिति सिर्जना भएको छ । बन्दाबन्दीको अवस्थामा कुनै पनि मौलिक हक निलम्बित नभई उपचारको हकसमेत जीवन्त रहेको अवस्था छ । उपचारको हक जीवन्त रहने तर बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन् हुने स्थिति आउँदछ । यसर्थ, कोभिड-१९ को सन्त्रासबाट बृहत् जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ ।

यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत पनि अलग रहन सक्दैन । त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने नै देखिने ।

थुना, सुधारगृह वा कारागारमा रहेका कुनै पनि व्यक्तिहरूलाई सजाय भोग्न पठाउनुको उद्देश्य जीवन नै जोखिममा राख्न पठाइएको नभई आफूले गरेको गल्तीको महसुस गराई आफूले गरेको गल्तीप्रति पश्चाताप गराउनु हो । महामारीको सङ्क्रमणबाट स्वास्थ्य जोखिममा पार्नु होइन । हाल सुधारगृहको क्षमताभन्दा बढी बालबालिकाहरू रहेको कारण बालसुधारगृहमा सामाजिक दुरी कायम राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र बन्दाबन्दीको उद्देश्यअनुरूप सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७७/०३/०३ मा रिट खारेज गर्ने गरी भएको अन्तिम आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) र सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकको बुँदा नं.५ समेतको मर्म, भावना र मनसायअनुकूल नदेखिएकोले बालबालिकाको जीवन, स्वास्थ्य र सर्वोत्तम हित संरक्षणको निमित्त न्यायोचित नदेखिने ।

आधुनिक फौजदारी विधिशास्त्रमा कैदको सजायलाई अन्तिम विकल्पको रूपमा विकास भएको छ । कानूनले कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ भने अन्य विकल्पको प्रयोग गर्नुपर्ने हुन्छ । यस महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नुपर्ने हुन्छ । निवेदक रहेको बाल सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले उच्च जोखिममा रहेको कारण असुरक्षित नै रहेको देखिएकोले बाल सुधार गृहमा भिडभाड कम गर्न र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगित गर्न सक्ने कानूनी व्यवस्था रहेको तथा सर्वोच्च अदालतको मिति २०७६।१२।७ गते बसेको पूर्ण बैठकको बुँदा नं.५ मा उल्लिखित सन्दर्भसमेतका आधारमा बालबालिकाको सर्वोत्तम हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूको प्रयोग गर्नु न्यायोचित नै देखिन आउने ।

महामारीको यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम (ग) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा तथा पीडितलाई बुझाउनुपर्ने क्षतिपूर्ति रू.१,००,०००।– (एक लाख रुपैयाँ) बुझाएमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिमको उपयुक्त विकल्प हेरी हालको कोभिड-१९ महामारीको पृष्ठभूमिमा उपयुक्त निर्णय गर्दा नै बालबालिकाको सर्वोत्तम हित हुनेमा सोअनुरूप नभएकोले सुरू चितवन जिल्ला अदालतको मिति २०७६/१२/११ को आदेश र उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७७/०३/०३ मा रिट खारेज गर्ने गरी भएको अन्तिम आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि चितवन जिल्ला अदालतबाट मिति २०७३।३।२० गते जबरजस्ती करणीसम्बन्धी बालबिज्याइँ मुद्दामा भएको फैसलाबमोजिम सम्बन्धित पीडितलाई बुझाउनुपर्ने

क्षतिपूर्ति रू.१,००,०००।– (एक लाख रूपैयाँ) बुझाएमा निज निवेदक परिवर्तित नाम (ग) लाई खोजेको बखत उपस्थित गराउन निजको अभिभावकले मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा दफा ३६(५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुनः निर्णय गर्नु भनी चितवन जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: लाल सिंह थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल भाद्र २४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-१११३, कर्तव्य ज्यान, देवीदत्त ढकाल वि. नेपाल सरकार*

प्रतिवादी देवीदत्त ढकालले मुद्दा अनुसन्धानको क्रममा घटनाको कारण र घटनाक्रमसमेत मालाकार रूपमा खुलाई मृतकलाई आफ्नी श्रीमतीसँग यौनसम्पर्क गरेको कारण सहन नसकी बन्चरो प्रहार गरी मारेकोमा साबित भई बयान गरे तापनि अदालतमा बयान गर्दा मृतकले प्रतिवादीउपर बन्चरो प्रहार गर्न आएकोमा बच्नको लागि सो बन्चरो खोसी मृतकउपर प्रहार गरी निज घाइते भएकोमा सोही कारण मृतकको मृत्यु भएको हो भनी आंशिक साबिती भई बयान गरेको देखिन्छ। मृतकको लास कोठाभित्रको बिस्तरामा फेला परेको देखिन्छ भने यी प्रतिवादीले अदालतमा बयान गर्दा मृतक होटलको छतमाथि देखी आफू त्यहाँ गएको र निजले छतनजिकै रहेको बन्चरो समाई प्रहार गर्न खोजेको भन्ने उल्लेख गरेको देखिन्छ। शव बरामद भएको कोठामा यी मृतकसँग संघर्ष भएको भन्ने जिकिर नहुँदा र सङ्घर्षको चिह्नसमेत नदेखिएको अवस्थामा निजको अदालतसमक्षको बयान विश्वसनीय देखिएन। यसरी निज प्रतिवादीको सो आंशिक बयान पुष्टि हुने प्रमाण निज प्रतिवादीबाट पेस दाखिल हुन आएको नपाइँदा प्रतिरक्षाको सुविधा पाउन सक्ने अवस्था नदेखिने।

प्रतिवादीले मुद्दा अनुसन्धानको क्रममा गरेको बयानलाई पुष्टि हुने गरी जाहेरवाला र घटना विवरणमा कागज गर्ने प्रतिवादी देवीदत्तकी श्रीमती विष्णुमाया ढकालले प्रतिवादीले मृतकलाई मारेको भनी किटानीसाथ अनुसन्धानमा कागज गर्दा खुलाई लेखाई दिई सो कागज सनाखत गरेको पाइयो। लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु टाउकोमा धारिलो हतियार प्रहार भएको कारण सोही चोटबाट भएको भन्ने उल्लेख भएको देखिन्छ भने मृतकले पहिले प्रहार गरेको, सङ्घर्ष भएको, यिनै प्रतिवादीले हतियार खोस्दा निजलाई कुनै प्रकारको चोटपटक लागेको पाइँदैन। उल्लिखित उपलब्ध प्रमाण कागजातहरू प्रमाण ऐन, २०३१ को दफा ९, १०, १८, २२ र २३ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिँदा उल्लिखित प्रमाणहरूको आधारमा पटकपटक शरीरको संवेदनशील स्थानमा धारिलो हतियार प्रहार गर्ने निज प्रतिवादी देवीदत्त ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी ठहर भएको फैसला मिलेकै देखिने।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी सुरू सुर्खेत जिल्ला अदालतबाट भएको मिति २०७४।९।५ गतेकोको फैसला सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७५।२।२३

मा भएको फैसला मिलेकै देखिँदा प्रतिवादी देवीदत्त ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ.को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने, गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहे भएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी देवीदत्त ढकाललाई सर्वस्व नहुने भई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । यसमा प्रतिवादी देवीदत्त ढकालले आफ्नी श्रीमतीसँग यौनसम्पर्क गरेको हुँ भनी भन्दै समाजमा हल्ला गर्दै हिँड्ने गरेका मृतक रतनबहादुर शाहीलाई पत्नीसँगै कोठा बन्द गरी सँगै बसेको फेला पारेपछि निजको मानवीय संवेदना जाहेर गर्ने मनले सहन नसकी रिस उठ्नु स्वाभाविक रहेको र मृतककै यस्तो व्यवहारबाट यी प्रतिवादी उत्तेजित भएको अवस्थामा निज मृतकउपर बन्चरो प्रहार गरी मारे मराएको भन्ने तथ्य प्रस्तुत मिसिलबाट देखिएको यस्तो पारिवारिक प्रतिकूलताको अवस्थामा प्रतिवादी विवेकशून्य भई आफूले गरेको कार्यको परिणाम सोच्न नसकेको कारण अपराध हुँदाको अवस्था र परिस्थितिसमेतलाई विचार गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने राय व्यक्त गरेको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७४।९।५ को फैसला सदर गर्ने गरी उच्च अदालत सुर्खेतको मिति २०७५।२।२३ को फैसला कानूनसङ्गत देखिँदा सदर हुने । प्रतिवादीको आत्मरक्षाको तर्कसहितको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल आषाढ १० गते रोज ४ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-०३०५, ०४९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिलकुमार राईसमेत, सुदिप राईसमेत वि. नेपाल सरकार*

प्रतिवादीमध्ये रामभक्त भन्ने जीवन राईले हामी विवाहमा नाचगान रमाइलो गरिरहेको अवस्थामा बिहानको २:०० बजे समयमा बेहुलीको आँगनबाट ५ मिटरजति तल कान्लामा रक्सी बाँड्न बनाएको स्टोरबाट मेरो दिदी मनराखी राई आत्तिदै आएको देखी के भयो भनी सोध्दा दिदीले मलाई जन्तबाट आएको रवि राईले हातपात गर्न खोज्यो भनेपछि सो कुरा सुदिप राई र दिलकुमार राईलाई भनेर साथै गई तैँले मेरो दिदीलाई किन हातपात गरेको भनी हप्काउँदा निजले मलाई धकेली कुटपिट गरेपछि त्यहीँ बाल्नको लागि जम्मा गरेर राखेको दाउरा निकालेर निज रवि राईको टाउकोमा जोरसँग प्रहार गरेको थिएँ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष समेत कसुर गरेकोमा साबिती भई बयान गरेको देखिन्छ । साथै पहेलेको जस्तो देखिने डोलो लाठी थान १ बरामद भई सो बरामद भएको पहेलेको जस्तो देखिने डोलो लाठीले रामभक्त भन्ने जीवन राईले रवि राईलाई प्रहार गरेको हो भनी प्रतिवादीहरू सुदिप राईलगायतले सनाखतसमेत गरिदिएको पाइन्छ । यसैगरी प्रतिवादी

रामभक्त भन्ने जीवन राईले रवि राईलाई प्रहार गरेको हो भनी प्रतिवादी मनराखी राईलगायतले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गरेको देखिन्छ भने घटना विवरण कागज गर्ने किरण राई, गमसेर राई, वस्तुस्थिति मुचुल्काका भानु राई, केशरबहादुर राई, सुदिप राईसमेतको साक्षी खड्गबहादुर राई, सहरमान तामाङ तथा स्वयं रामभक्त भन्ने जीवन राईको साक्षी अञ्जुकला राईसमेतले निज प्रतिवादी रामभक्त भन्ने जीवन राईले मृतक रवि राईलाई दाउराले हानेको सत्य साँचो हो भनी अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । यसप्रकार मिसिल संलग्न प्रमाणहरूबाट देखिएका उल्लिखित तथ्यहरूको रोहमा प्रतिवादी रामभक्त भन्ने जीवन राईले घटनास्थलमा रहेको दाउराले रवि राईको टाउकोमा प्रहार गरेको चोटले निज रवि राईको मृत्यु भएको पुष्टि हुन आएको देखिने।

अन्य प्रतिवादीहरू दिलकुमार राई, सुदिप राई र मनराखी राईको हकमा हेर्दा, यी प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी परेको तथा निजहरूले मृतकलाई कुटपिट गरेको तथ्य स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरे पनि अदालतमा बयान गर्दा मृतकलाई कुटपिट गरेको तथ्यलाई इन्कार गरेको देखिन्छ। रवि राईको मृत्यु टाउकोको दाहिनेपट्टि लागेको गहिरो चोटको कारणबाट भएको हो भन्ने बेहोरा शव परीक्षण प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । सो चोट प्रतिवादी रामभक्त भन्ने जीवन राईले घटनास्थलमा रहेको दाउराले प्रहार गरेकोबाट भएको र सोही चोटको कारण मृतकको मृत्यु हुन गएको तथ्य स्वयं प्रतिवादी रामभक्त भन्ने जीवन राईले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको साबिती बयानबाट स्थापित हुन आउँछ। त्यस्तै निज प्रतिवादी रामभक्त भन्ने जीवन राईको साक्षी अञ्जुकला राई तथा सुदिप राईसमेतको साक्षी खड्गबहादुर राई र सहरमान तामाङलगायतले रवि राईलाई रामभक्त भन्ने जीवन राईले हानेको ठीक साँचो हो, अन्य प्रतिवादीहरूले निजउपर चोट छाडेको होइन भनी अदालतसमक्ष गरेको बकपत्रलगायतका मिसिल संलग्न अन्य सबुत प्रमाणबाट समेत रामभक्त भन्ने जीवन राईबाहेकका अन्य प्रतिवादीहरू मृतकलाई कुटपिट गर्ने वारदातमा संलग्न नरहेको पुष्टि भइरहेको अवस्था छ । साथै मृतक रवि राईको शरीरमा अन्य उल्लेखनीय चोट रहेको भन्ने निजको शव परीक्षण प्रतिवेदनबाट देखिन नआएको अवस्थामा यी प्रतिवादीहरू सुदिप राईसमेतले कुटपिट गरेको र सोको कारण रवि राईको मृत्यु भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुने आधार नदेखिने।

हामी विवाहमा नाचगान रमाइलो गरिरहेको अवस्थामा बिहानको २:०० बजे समयमा बेहुलीको आँगनबाट ५ मिटरजति तल कान्लामा रक्सी बाँड्न बनाएको स्टोरबाट मेरो दिदी मनराखी राई आत्तिदै आएको देखी के भयो भनी सोध्दा दिदीले मलाई जन्तबाट आएको रवि राईले हातपात गर्न खोज्यो भनेपछि सो कुरा सुदिप राई र दिलकुमार राईलाई भनेर साथै गई तैँले मेरो दिदीलाई किन हातपात गरेको भनी हप्काउँदा निजले मलाई धकेली कुटपिट गरेपछि त्यहीँ बाल्नको लागि जम्मा गरेर राखेको दाउरा निकालेर निज रवि राईको टाउकोमा जोरसँग प्रहार गरेको थिएँ भनी प्रतिवादी रामभक्त भन्ने जीवन राईले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको साबिती बयानबाट प्रतिवादी रामभक्त भन्ने जीवन राई बाहेकका अन्य यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको नदेखिए पनि कुटपिट गर्ने मतलबमा वारदातस्थलमा भौतिक रूपमा उपस्थित रहेको देखिने।

प्रतिवादी रामभक्त भन्ने जीवन राईले मृतकलाई दाउराले टाउकोमा हिर्काएको र सोही

चोटका कारणले मृतक रवि राईको मृत्यु भएको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा अन्य प्रतिवादीहरू दिलकुमार राई, सुदिप राई र मनराखी राईले मृतकलाई कुटपिट तथा प्रहार गरेको स्थापित नभए पनि कुटपिट गर्ने मतलबमा वारदातस्थलमा रहेको देखिँदा निजहरूउपरको अभियोग दाबी नपुगी निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम ३ वर्ष कैद हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। साथै निज प्रतिवादी रामभक्त भन्ने जीवन राईको हकमा सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई मुलुकी ऐन, अ.बं. १८८ नं.को रोहमा कैद वर्ष १०(दश) कायम हुने गरी व्यक्त गरेको रायको सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न प्रमाण कागजात तथा प्रतिवादीहरूको बयानसमेतबाट मिति २०७०।०८।२४ गते राति २०.०० बजेको समयमा गाउँमै विवाह समारोह भएको बेहुलीको घरमा दाजुभाइ नाताका मानिसहरू आँगनमा भेला जम्मा भई चिना परिचय तथा चियापान गरिरहेको अवस्थामा मृतक रवि राईले मादक पदार्थ सेवन गरेर आई छाडा बोलेको कारणबाट सामान्य विवाद भएको देखिन्छ । सोही बिहानको २:०० बजेको समयमा रक्सी बाँड्न बनाएको स्टोरबाट प्रतिवादी रामभक्त भन्ने जीवन राईको दिदी प्रतिवादी मनराखी राईले आफूलाई रवि राईले मादक पदार्थ सेवन गरी हातपात गर्न खोज्यो भनेपश्चात् यी प्रतिवादी रामभक्त भन्ने जीवन राई घटनास्थलमा जाँदा मृतक रवि राईसँग वादविवाद भई एकआपसमा बाझाबाझ हुँदा सोही क्रममा त्यहीँ जम्मा गरेर राखेको दाउरा निकालेर मृतक रवि राईलाई प्रहार गरेको देखिन्छ। यिनको मृतकसँग कुनै पुरानो रिसइवी नभई निजलाई मार्ने भनी योजना बनाई कुनै हतियार बोकेर गएको अवस्थासमेत देखिँदैन । उल्लिखित परिप्रेक्ष्यमा रामभक्त भन्ने जीवन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहितको जन्मकैदको सजाय चर्को हुने देखिँदा निज प्रतिवादी रामभक्त भन्ने जीवन राईलाई कैद वर्ष १०(दश) कायम हुने गरी पुनरावेदन अदालत राजविराजबाट व्यक्त भएको राय मनासिब देखिँदा सदर गरिदिएको।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल असार१६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-RC-०१६४, कर्तव्य ज्यान, नेपाल सरकार वि. गौमती के.सी.*

वारदातको समयमा यी प्रतिवादी र मृतक दिपक के.सी. मात्र घरमा रहेको भन्ने कुरा जाहेरवाला र घटना विवरणमा कागज गर्ने मानिसहरूले अदालतमा गरेको बकपत्रबाट देखिनुका साथै सो तथ्यलाई प्रतिवादीले मौकामा बयान गर्दासमेत स्वीकार गरेको पाइन्छ। यसरी प्रतिवादीले घरमा कोही नभएको मौका पारी आफ्नै भदा नाबालक वर्ष ८ को दिपक के.सी. लाई धारिलो हतियार प्रयोग गरी मारेको तथ्य निज प्रतिवादीको मौकाको साबिती बयान, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, यी प्रतिवादीले नै मृतकलाई कर्तव्य गरी मारेको भनी सहोदर बाबुले दिएको जाहेरी बेहोरा र सो बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, घटना विवरण कागजका मानिसहरूका साथै शव परीक्षण प्रतिवेदन दिने चिकित्सक डा.तुषार कुँवरको बकपत्रसमेतले समर्थित भई प्रतिवादीको कर्तव्यले नै मृतकको मृत्यु

भएको पुष्टि हुन आएको हुँदा प्रतिवादीले ज्यानसम्बन्धी कसुर गरेको देखिन आयो। प्रतिवादीले ज्यान मारेको देखिएको अवस्थामा निज प्रतिवादी गौमती के.सी. लाई कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी रहे भएको तथ्य मिसिलबाट देखिँदैन, जुन कुरालाई निज प्रतिवादीले मौकामा बयान गर्दा मृतकले भोक लाग्यो नास्ता खान्छु बनाइदिनुहोस् भनी रोइरहेकाले रिसको आवेगमा आई नजिकै रहेको तरकारी काट्ने धारिलो हतियार चक्कुले घाँटी र छातीमा प्रहार गरी मृतकलाई मारेको हो भनी गरेको बयानबाट समर्थित भएको देखिन्छ। मृतकले खाजा माग गरी रोएको भनी सामान्य विषयलाई लिएर तरकारी काट्ने चक्कुले प्रहार गरी मृतकको हत्या गरेको घटनालाई निज प्रतिवादीको मौकामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा स्वास्थ्य सामान्य तर व्यवहार केही असाधारण देखिन आएको भनी उल्लेख भएबाट प्रतिवादीको मानसिक अवस्थामा असन्तुलन आई उल्लिखित वारदात घटित हुन गएको देखिन्छ। अतः निज प्रतिवादीले पूर्वरिसइवी लिई अथवा पूर्वमनसाय लिई मृतकलाई मार्नुपर्ने अवस्था नदेखिएको, निजले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई सहयोग गरेको देखिएको, घटनाको वस्तुस्थिति, घटना घट्दाको समग्र परिस्थिति तथा वारदातपश्चात् प्रतिवादीको मौकामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा प्रतिवादीको व्यवहार केही असाधारण देखिन आएको अवस्थासमेतलाई विचार गर्दा, निज प्रतिवादीलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले सुरू अदालतले प्रतिवादी गौमती के.सी.लाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम वर्ष १२ कैदको सजाय कायम हुने गरी व्यक्त गरेको रायलाई सदर गरी उच्च अदालत तुलसीपुरबाट भएको रायलाई अन्यथा गरिरहन नपर्ने।

प्रतिवादी गौमती के.सी.लाई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई अ.बं.१८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैदको राय व्यक्त गरी भएको फैसलालाई सदर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।२।१८ मा भएको फैसला मिलेकै देखिँदा १२ वर्ष कैदको राय व्यक्त गरी फैसला भई पेस हुन आएको प्रस्तुत साधक सदर हुने ठहर्छ। तर प्रस्तुत मुद्दामा यी प्रतिवादी गौमती के.सी.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुरको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध

संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी गौमती के.सी.लाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ठहर्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७६ साल मङ्सिर २३ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-WO-०३९७, उत्प्रेषण / परमादेश, चोलाबहादुर भुजेल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

रिट निवेदक प्रहरी जवान अञ्चल सशस्त्र प्रहरी गण सगरमाथा राजविराजमा दरबन्दी रही पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्रमा सञ्चालन भएको प्र.ह. / प्रहरी जवान भिड नियन्त्रण तालिममा प्रशिक्षण लिइरहेको समयमा मिति २०६७।७।१८ गते कोही कसैलाई थाहा जानकारी नदिई लाइन ब्यारेक छोडी हिँडेको भन्ने लिखित जवाफबाट देखिन्छ । प्रहरी सेवालगायत जुनसुकै सार्वजनिक सेवामा समेत साङ्गठनिक तथा पदीय अनुशासनमा रहनु अनिवार्य सर्त नै हुन्छ । अझ प्रहरी सङ्गठन chain of command अन्तर्गत नै सञ्चालित हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन । प्रहरी कर्मचारी कठोर अनुशासनमा रही देश र जनताको सेवामा समर्पित हुनुपर्छ । रिट निवेदक प्रहरी जवान भिड नियन्त्रण तालिममा सामेल भई तालिम लिइरहेको अवस्थामा तालिम सम्पन्न नगरी तालिम बिचमा नै छाडी भागी हिँडेको देखिन्छ । यसरी अनुशासनहिन काम गर्ने कर्मचारीलाई कानूनको रित पुऱ्याई कारबाही गर्नुपर्ने ।

रिट निवेदकलाई सुनुवाइको मौका नदिई एकतर्फी रूपमा नोकरीबाट हटाइएको भन्ने जिकिरतर्फ विचार गर्दा, कोही कसैउपर निजको हितविपरीत कुनै निर्णय गर्दा उचित र पर्याप्त सुनुवाइको मौका दिनुपर्ने कुरामा विवाद देखिँदैन । कानूनले नै सफाइको मौका नदिए पनि हुने अपवादको व्यवस्था गरेकोमा बाहेक स्वच्छ सुनुवाइको सुनिश्चितता गर्नु प्राकृतिक न्यायको सिद्धान्त पनि हो । यसरी हेर्दा निज निवेदकलाई सेवाबाट हटाउनुपूर्व मिति २०६७।७।८ मा कार्यालयमा हाजिर हुनु भनी मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम म्याद तामेल गरेकोमा निज कार्यालयमा हाजिर हुन नआएपछि मिति २०६७।१२।१० मा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले बाटाको म्यादबाहेक ७ (सात) दिनभित्र आफू गैरहाजिर रहनुको कुनै कारण भए त्यस्तो सन्तोषजनक कारण खोली स्पष्टीकरणसहित कार्यालयमा हाजिर हुन आउनु भनी सूचना प्रकाशित गरेको पाइन्छ । उक्त सूचना प्रकाशित भएपछि पनि निज कार्यालयमा उपस्थित नभएपछि निजउपर प्रहरी नियमावली, २०४९ को नियम ८९ को २(ग) बमोजिम सफाइ पेस गर्ने मौका दिन मनासिब नभएको भनी मिति २०६७।१२।२० मा छुट्टै निर्णय पर्चा खडा गरी निज निवेदक चोलाबहादुर भुजेल प्रहरी कर्मचारीका लागि अपरिहार्य तालिमसमेत पूरा गर्न नसकी भागी हिँडेको र हरेक तवरबाट सम्पर्क गर्न खोज्दासमेत निज लामो समयसम्म सम्पर्कविहीन भई कार्यालयमा हाजिर हुन नआएको हुनाले निजलाई ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीबाट

अयोग्य नठहरिने गरी निजलाई सेवाबाट हटाउने निर्णय गरी भएको निर्णयउपर निजले पुनरावेदन गरी पुनरावेदन सुन्ने निकायबाट पनि कानूनबमोजिम पुनरावेदन सुनी निर्णय भएको नै देखिन आयो । प्रहरी सङ्गठनलाई अनुशासित मर्यादित बनाई जनताको जिउ धनको सुरक्षा गरी समाजमा अमन चयन कायम राख्नु प्रहरी कर्मचारीलाई सेवामा तल्लीन बनाउनु सो सङ्गठनको नेतृत्वको भूमिका रहन्छ । कानूनले दिएको अधिकार प्रयोग गरी कानूनबमोजिम सबुद प्रमाण बुझी सुनुवाइको मौकासमेत दिई पर्चा खडा गरी प्रक्रियागत रूपमा अख्तियारवालाबाट निर्णय भएको हुँदा निवेदकलाई सुनुवाइको मौका नदिएको भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

प्रहरीको सेवा विशेष प्रकृतिको हुने र प्रहरी कर्मचारी रात दिन ड्युटीमा खटिनुपर्ने अवस्था रहन्छ । प्रहरी सङ्गठनलाई अनुशासित, मर्यादित बनाई जनताको जिउ धनको सुरक्षा गरी समाजमा अमनचयन कायम राख्न प्रहरी कर्मचारीलाई सेवाप्रति तल्लीन बनाउनु सो सङ्गठनको नेतृत्वको भूमिका रहन्छ । यस्तो गहन जिम्मेवारी रहेको अधिकारप्राप्त अधिकारीले लाइन ब्यारेक छोडी हिँडेको अवस्थामा कानूनले दिएको अधिकार प्रयोग गरी कानूनबमोजिम अपनाउनुपर्ने प्रक्रिया अपनाई पर्चा खडा गरी अख्तियारवालाबाट भएको काम कारबाही बदर गर्नुपर्नेसम्मको कानूनी त्रुटि नदेखिँदा उक्त काम कारबाहीसम्बन्धी निर्णय बदर हुनुपर्छ भन्ने निवेदन माग दाबी र निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: माथि उल्लिखित आधार कानून एवं कानूनी व्यवस्थासमेतबाट इलाका प्रहरी कार्यालय रंगेली, मोरङमा दरबन्दी भई पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्र रानी विराटनगरमा भिड नियन्त्रण तालिममा प्रशिक्षणरत प्रहरी जवान चोलाबहादुर भुजेल भन्ने चोलाराम भुजेललाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (झ) अनुसारको कसुरमा ऐ. नियम ९३(२)(ख) ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमको ८४ (छ) बमोजिम भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी पूर्वक्षेत्रीय प्रहरी तालिम केन्द्र रानी विराटनगरका प्रहरी उपरीक्षकबाट मिति २०६७।१२।२० मा भएको निर्णय तथा सो निर्णयउपर पुनरावेदन परी पूर्वक्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६८।५।१८ मा भएको निर्णय कानूनसम्मत मिलेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-WO-०४५६, उत्प्रेषण / परमादेश, ज्ञानकुमार गडेरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

कुनै पनि न्यायिक वा अर्धन्यायिक अधिकारको प्रयोग गर्ने निकाय वा अधिकारीले निर्णय गर्दा कानूनको अक्षरश: पालना गर्नुपर्ने हुन्छ । कानूनी कारबाही गर्दा स्वच्छता पारदार्शिता एवं निष्पक्षता हुन आवश्यक हुन्छ । विधायिकाले कानून प्रयोग गर्ने तौरतरिका र उचित प्रक्रियाको व्यवस्था कार्यविधि कानूनद्वारा गरेको हुन्छ । कार्यविधि कानूनको अक्षरश: पालना नगरी गरेको निर्णय स्वेच्छाचारी हुन्छ । प्रस्तुत विवादसँग सम्बन्धित कार्यविधि तोकेको प्रहरी नियमावली, २०४९ को नियम ८९ को प्रक्रिया पूरा गरेपछि मात्रै सोही नियमावलीको नियम ९० बमोजिम

सजायको आदेश दिनुपर्ने प्रस्ट कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत विवादमा रिट निवेदक अर्काको छोरी, चेली अरू चेली सुतेको कोठामा चुक्कुल खोल्न गएको अवस्थामा स्थानीय मानिसहरूले समाती प्रहरी कार्यालयमा बुझाएपछि कारबाही प्रक्रिया अगाडि बढाएको पाइन्छ । यसरी कारबाही प्रक्रिया अगाडि बढाएपछि निज कार्यालयमा हाजिर हुन नआई पदको जिम्मेवारीअनुसारको आचरण पालना नगरी कार्यालयमा गैरहाजिर रहेको कारणले सजाय गर्दा प्रहरी नियमावली, २०४९ को नियम ८९ को प्रक्रिया पूरा नगरी सेवाबाट हटाउने निर्णय गरेको देखिन आउने।

निज रिट निवेदक ज्ञानकुमार गडेरीलाई कार्यालयमा हाजिर हुन आउनु भनी मुलुकी ऐन, अ.बं.११० नं. बमोजिमको प्रक्रिया पूरा गरी सूचना म्याद तामेल भएको र सूचना म्याद तामेल भएपछि पनि निज कार्यालयमा हाजिर हुन नआएपछि राष्ट्रिय स्तरको पत्रिकामा कार्यालयमा हाजिर हुन आउने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि निज कार्यालयमा हाजिर हुन नआएको भनी नोकरीबाट बर्खास्त गरिएकोमा यसरी नोकरीबाट बर्खास्त गर्दा प्रहरी नियमावली, २०४९ को नियम ८९(२) बमोजिम आरोप किटान गरी स्पष्टीकरण सोध्ने कार्यविधि अवलम्बन गरेको देखिएन । प्रहरी ऐन, २०१२ को दफा १० र उक्त नियमावलीको नियम ८९(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सुनुवाइको मौका दिनु नपर्ने गरी छुट्टै पर्चा खडा गरेको नदेखिएकोले निवेदकलाई सेवाबाट हटाउने गरी विपक्षीहरूबाट भएको निर्णय कानूनसम्मत देखिन नआउने।

साथै अख्तियारप्राप्त अधिकारीले कारबाही गर्दा उचित कानूनी प्रक्रिया अपनाउनुपर्ने देखिन्छ भने अर्को सजाय गर्दा पनि अपराधअनुसारकै सजाय गर्नुपर्ने हुन्छ । साधारण अपराध गर्ने अभियुक्तलाई गम्भीर प्रकृतिको सजाय गर्नु न्यायसङ्गत हुँदैन । निर्णय गर्ने अधिकारीले निर्णय गर्दा विवेकसङ्गत ढङ्गले गर्नु पर्दछ । प्रस्तुत मुद्दामा गैरहाजिर भएको आधारमा मात्र रिट निवेदकलाई सेवाबाट हटाउने गरी उच्चतम हदको सजाय गर्दा सेवाबाट नै वञ्चित हुन जाने हुँदा सेवाबाट हटाउने गरी भएको निर्णय उचित र न्यायसङ्गत नदेखिने।

अत: माथि उल्लिखित आधार कारण एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा रिट निवेदक ज्ञानबहादुर गडेरीलाई नोकरीबाट हटाउने गरी विपक्षी जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षकबाट मिति २०६५।०६।०७ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरिएको प्रहरी उपरीक्षकबाट मिति २०६७।०७।०३ मा भएको निर्णय कार्यविधिको पूर्ण पालना नगरी भएको देखिँदा उक्त त्रुटिपूर्ण निर्णयको आधारमा रिट निवेदकलाई प्रहरी सेवाबाट हटाएको हुँदा उक्त दुवै निर्णय एवं सो निर्णयका आधारमा भएको पत्राचार एवम् काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठर्हछ । रिट निवेदकलाई नेपाल प्रहरीको प्रहरी परिचर पदमा पूर्ववत् सेवामा बहाली गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-२५२३, वैदेशिक

रोजगार कसुर, नेपाल सरकार वि. ज्योति मल्ल (निरौला)

जाहेरवाला सुदर्शन बस्नेतले पटकपटक विभिन्न व्यक्तिहरूसँग वैदेशिक रोजगारको लागि विभिन्न देश जानको लागि श्रृङ्खलाबद्ध रूपमा वैदेशिक रोजगारसम्बन्धी कागज गरेको आधारमा वैदेशिक रोजगार विभागमा उजुर गर्ने र केही समयपश्चात् रकम फिर्ता गरेको भन्दै दाबी अर्थात् जाहेरी फिर्ता लिने गरेको क्रम देखिँदा यी जाहेरवालाले वैदेशिक रोजगारमा नै जानका लागि यी प्रतिवादीलाई रकम दिएको हो भन्ने कुरा आफैँमा खण्डित भई पहिलो लिखतबमोजिम वैदेशिक रोजगारीमा पठाउने म्याद बाँकी छँदै अर्को वैदेशिक रोजगारसम्बन्धी लिखत खडा गर्नुले यी जाहेरवाला वास्तविक रूपमा वैदेशिक रोजगार ठगीमा परी पीडित भएको व्यक्ति हुन् भन्ने कुरा विश्वसनीय देखिन नआउने।

किटानी जाहेरी दिनु र जाहेरवालाले आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गर्नुले मात्र आरोपित कसुर गरेको हो भनी ठहर गर्नु फौजदारी न्यायको मान्यताविपरीत हुन आउँछ । त्यस्तो कसुर अन्य स्वतन्त्र शंकारहित प्रमाणहरूबाट पनि पुष्टि हुनु उत्तिकै आवश्यक हुन्छ । प्रस्तुत मुद्दामा यी जाहेवालाको मनोजकुमार आचार्यसँग जापान जानको लागि भएको कागजको भाकाभित्रै यी प्रतिवादी ज्योति मल्ल (निरौला) सँग अमेरिका जानको लागि कागज गरेसमेतबाट यी जाहेरवालाको क्रियाकलाप आफैँमा स्वाभाविक र पत्यारलायक नदेखिएकोले निजको सो शंकास्पद काम र व्यवहारका आधारमा वैदेशिक रोजगारसम्बन्धी कसुरजस्तो गम्भीर फौजदारी कसुरमा यी प्रतिवादीलाई दोषी ठहर गरी सजाय गर्नु न्यायोचित देखिन आएन । जाहेरवालाले वैदेशिक रोजगारबाहेक अन्य प्रयोजनका लागि यी प्रतिवादीलाई रकम दिएको अवस्थामा सो असुलउपरको लागि सम्बन्धित निकायमा कानूनबमोजिम उजुर गर्ने हक सुरक्षित नै रहेको हुँदा यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिर न्यायोचित र तर्कसङ्गत देखिन नआउने।

प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको हो भन्ने शंकारहित र वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षबाट पेस हुन आएको नदेखिँदा अभियोग माग दाबीबाट यी प्रतिवादी ज्योति मल्ल (निरौला) लाई सफाइ दिने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७५।७।२७ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : माधव भण्डारी / गोविन्द आचार्य

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-CR-११२३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विजयराज खड्कासमेत

जाहेरीसाथ प्रमाणको रूपमा जाहेरवालाले पेस गरेको Nelco Placement Pvt.Ltd.को मिति २०७२।०६।५ को रू. १,००,०००।- को बुझाएको Receive Slip मा STCW Training With Seaman Book Charge भन्ने उल्लेख भएबाट प्रयोजन नखुलेको उक्त रसिदको आधारमा बुझाएको रकम वैदेशिक रोजगारकै लागि लिनु दिनु गरेको हो भनी मान्न मिल्ने अवस्था देखिएन। प्रतिवादीहरूको उक्त कसुरमा संलग्नता थियो निजहरूले नै रकम

लिएका र भनेबमोजिमको रोजगारीमा नपठाई रकम लिए खाएका हुन् भनी यी जाहेरवाला न्यायाधिकरणमा उपस्थित भई आफ्नो बेहोरा समर्थन हुने गरी बकपत्र गर्न सकेको देखिँदैन । यी प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष र न्यायाधिकरणमा समेत बयान गर्दा कसुरमा पूर्णतः इन्कार रही बयान गरेको देखिँदासमेत निजलाई केवल किटानी जाहेरीकै आधारमा मात्र कसुरदार ठहर गर्नु मनासिब देखिँदैन । अभियोग दाबी पुष्टि गर्ने भार वादीमा हुन्छ र फौजदारी कसुरको सिद्धान्तनुसार अभियुक्तलाई लगाइएको अभियोग शंकारहित तबरबाट पुष्टि हुनु पर्दछ । प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजातहरूबाट आरोपित कसुर स्वतन्त्ररूपमा पुष्टि भएको नदेखिँदा यी प्रतिवादीहरू तेजस्वी लावती र विजयराज खड्कालाई अभियोग दाबीबाट सफाइ दिने गरी न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिएकोले अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू विन्दु वि.क. भन्ने विजयराज खड्का र तेजस्वी लावतीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७६।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम् ।